ISSN : 3102-0879 (Print)

ओखलढुङ्गा क्याम्पस

# स्मारिका

वर्ष १ अङ्क १ २०८२



ओखलढुङ्गा क्याम्पस, ओखलढुङ्गा
सि.न.पा.-१२, ओखलढुङ्गा
सम्पर्क : ०३७-५२००२८

# ओखलढुङ्गा क्याम्पस

# स्मारिका

वर्ष १, अङ्क १, २०८२

## ओखलढुङ्गा क्याम्पस स्मारिका

(२०८२)

ओखलढुङ्गा क्याम्पस, ओखलढुङ्गा
सि.न.पा. - १२, ओखलढुङ्गा
सम्पर्क – ०३७-५२००२८
वेवसाइटः www.okhaldhungacampus.edu.np
इमेलः okhaldhungacampus2042@gmail.com

# ओखलढुङ्गा क्याम्पस
# स्मारिका

वर्ष १, अङ्क १, २०८२

**संरक्षक**
मोहनकुमार श्रेष्ठ

**सल्लाहकार**
इन्द्रप्रसाद तिमल्सेना
तोयानाथ काफ्ले

**प्रधान सम्पादक**
देवेन्द्रबहादुर बानिया

**सम्पादन मण्डल**
रविन्द्र काफ्ले
कुलप्रसाद दाहाल
बद्रीप्रसाद धमला
रमेश कँडेल

**प्रकाशक**
**ओखलढुङ्गा क्याम्पस, ओखलढुङ्गा**
**सि.न.पा. - १२, ओखलढुङ्गा**

# शुभकामना



ओखलढुङ्गा क्याम्पसको दिगो शैक्षिक उन्नयन र विकासमा क्याम्पस व्यवस्थापन समितिको अध्यक्षको हैसियतले मैले आफ्नो जिम्मेवारीलाई रचनात्मक, सृजनशील, संवेदनशील र महत्त्वका साथ हेरिरहेको छु।

समयको पदचापसँगै बदलिँदो शैक्षिक परिवेश सुहाउँदो गुणस्तरीय शिक्षा प्रदान गर्न हामी प्रतिबद्ध छौं। यसै अनुरूप भौतिक पूर्वाधारको सुदृढीकरण, डिजिटल रूपान्तरण र आधुनिक शिक्षण प्रणालीको विस्तारमा व्यवस्थापन समिति र क्याम्पस प्रशासन एउटै लक्ष्यका साथ दृढतापूर्वक अगाडि बढिरहेको छ। हाम्रो अबको प्रमुख गन्तव्य भनेको क्याम्पसलाई  गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA) प्रमाणीकरण गराई राष्ट्रिय स्तरको उत्कृष्ट शैक्षिक संस्थाको मान्यता दिलाउनु हो। यो साझा सपनालाई साकार पार्न आवश्यक पर्ने नीतिगत मार्गदर्शन र व्यवस्थापकीय नेतृत्व प्रदान गर्न म सदैव समर्पित रहने प्रण गर्दछु। क्याम्पसको यो उचाइ र शैक्षिक गुणस्तर वृद्धिको यात्रामा हामीलाई निरन्तर विश्वास र साथ दिनुहुने क्याम्पस प्रशासन, प्राध्यापक वर्ग, कर्मचारी मित्रहरू, प्रिय विद्यार्थीहरु, अभिभावक तथा सम्पूर्ण स्थानीय समुदायप्रति म हृदयदेखि नै कृतज्ञता ज्ञापन गर्दछु।

आगामी दिनमा यस क्याम्पसलाई एक आधुनिक, उत्तरदायी र प्रतिस्पर्धी शैक्षिक केन्द्रका रूपमा स्थापित गर्न यहाँहरू सबै तह र तप्काबाट यस्तै न्यानो माया र सद्भाव प्राप्त भइरहनेछ भन्ने मेरो पूर्ण विश्वास छ। क्याम्पसका वास्तविक गतिविधि र प्रगतिलाई ऐनाजस्तै छर्लङ्ग पार्ने यस स्मारिका प्रकाशनको सफलता तथा ओखलढुङ्गा क्याम्पसको उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछु।

मोहनकुमार श्रेष्ठ
अध्यक्ष,
क्याम्पस व्यवस्थापन समिति

# शुभकामना



मैले आज जीवनको ८७ औँ वसन्त पार गर्दै गर्दा मेरा मनका गहिराइमा बसिरहेकै एउटा नाम हो ओखलढुङ्गा क्याम्पस। ३४ वर्षसम्म यस क्याम्पसको प्रमुखका रूपमा सेवा गर्ने अवसर पाउनु मेरो जीवनको सबैभन्दा गौरवपूर्ण अध्याय हो।

क्याम्पस स्थापना गर्दाको त्यो समय आज पनि मेरो मानसपटलमा ताजै छ। स्रोत साधनको चरम अभाव थियो,भौतिक संरचना न्यून थिए, प्रविधि त कल्पनाभन्दा परको कुरा थियो तर शिक्षा नै समाज रूपान्तरणको आधार हो भन्ने मनमा अटुट विश्वास थियो । त्यही विश्वासलाई साथ लिएर अनेकौं चुनौती, आर्थिक कठिनाइ, सामाजिक दबाब र प्रशासनिक जटिलताका बीच मैले यस क्याम्पसलाई जोगाउने, हुर्काउने र अघि बढाउने प्रयास गरेँ। त्यो यात्रा सहज थिएन। कतिपय दिन निराशाका बादलले घेरिएका थिए तर विद्यार्थीहरूको उत्साह, अभिभावकहरूको भरोसा र सहकर्मीहरूको साथले सधैं नयाँ ऊर्जा दिन्थ्यो। अभावमै पनि हामीले आशाको बत्ती निभ्न दिएनौँ। क्याम्पसका प्रत्येक इँटामा संघर्षको पसिना मिसिएको छ भन्ने अनुभूति आज पनि मेरो हृदयमा गडेर बसेको छ। आज क्याम्पसले भौतिक पूर्वाधार, शैक्षिक गुणस्तर र प्रविधिमैत्री शिक्षण प्रणालीमा उल्लेखनीय फड्को मारेको समाचार सुन्दा म अत्यन्त हर्षित छु। जुन सपना हामीले अभावका बीच देखेका थियौँ, ती सपनाहरू आज विस्तारै साकार हुँदै गएको देख्दा आत्मसन्तुष्टि मिल्छ। यो प्रगति केवल भवन र उपकरणको वृद्धि मात्र होइन, यो त सामूहिक प्रतिबद्धता, निरन्तर प्रयास र समयानुकूल रूपान्तरणको परिणाम हो।

यस क्याम्पसको वास्तविक गतिविधि, इतिहास, उपलब्धि र भविष्यका सम्भावनाहरू समेटेर स्मारिका प्रकाशन गर्न लागिएको खबरले मलाई अझ बढी उत्साहित बनाएको छ। स्मारिका केवल कागजमा छापिएको दस्तावेज होइन; यो हाम्रो संघर्ष, योगदान र यात्राको ऐतिहासिक अभिलेख हो। यसले विगतलाई सम्मान गर्दै वर्तमानलाई दिग्दर्शन र भविष्यलाई प्रेरणा दिने विश्वास मैले लिएको छु। स्मारिका प्रकाशन कार्यमा संलग्न सम्पूर्ण व्यक्तित्वहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै सफल प्रकाशनको शुभकामना व्यक्त गर्दछु। ओखलढुङ्गा क्याम्पस निरन्तर प्रगतिपथमा अघि बढोस्, शैक्षिक उत्कृष्टताको केन्द्र बनोस् र समाज रूपान्तरणको अग्रदूत बनिरहोस् भन्ने मेरो हार्दिक कामना छ।

नारायण बहादुर सैंजू
संस्थापक क्याम्पस प्रमुख
ओखलढुङ्गा क्याम्पस, ओखलढुङ्गा

# सम्पादकीय

ओखलढुङ्गा क्याम्पस सधैं गुणस्तरीय शिक्षाको सपना बोकेर यात्रारत छ। स्थापनाकालदेखि नै शिक्षा, अनुशासन र सामाजिक उत्तरदायित्वलाई आफ्नो मूल मन्त्र बनाएर यो क्याम्पसले समयको हरेक परिवर्तनसँगै आफूलाई नयाँ बनाउँदै आएको छ। बदलिँदो युगमा प्रविधिको छिटो गतिले र शैक्षिक क्षेत्रको तीव्र प्रतिस्पर्धाले चुनौती थपे पनि हामीले विद्यार्थीलाई केन्द्रमा राखेर शिक्षण सिकाइलाई जीवन्त र प्रभावकारी बनाउने प्रयास जारी राखेका छौं।

यी दिनहरूमा क्याम्पसले भौतिक संरचना बलियो बनाउने, डिजिटल यात्रालाई तीव्र पार्ने, आधुनिक कक्षाकोठा र सेमिनार हलहरू तयार पार्ने, LMS, EMIS जस्ता प्रणालीहरू स्थापना गर्ने, ई-बुक, भिडियो बुक, अडियो बुक र ICT-आधारित शिक्षणलाई प्रोत्साहन दिने काम गरिरहेको छ। यी सबै पहलहरूले हामीलाई सुरक्षित, प्रविधिमैत्री, पारदर्शी र प्रतिस्पर्धी शैक्षिक गन्तव्य बनाउने सपनालाई साकार तुल्याउने आधार दिइरहेका छन्। गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA) प्रमाणीकरणलाई विशेष प्राथमिकता दिँदै हामी क्याम्पसलाई राष्ट्रिय स्तरमा मान्यता प्राप्त, उत्कृष्ट र विश्वसनीय शैक्षिक संस्थाका रूपमा स्थापित गर्ने लक्ष्यमा अघि बढिरहेका छौं। यो यात्रा केवल कागजी लक्ष्य होइन, यो हाम्रो साझा संकल्प हो। यो स्मारिका प्रकाशन हाम्रो क्याम्पस इतिहासमा एउटा विशेष क्षण हो। यसमा समेटिएका लेख, रचना, स्मृति र अनुभवहरूले हाम्रो विगतलाई जीवन्त बनाउँछन् र भविष्यका लागि प्रेरणा दिन्छन्। यो स्मारिका मात्र कागजमा छापिएको किताब होइन, यो हाम्रो सामूहिक प्रयास, एकता र माया हो।

यहाँ कार्यरत प्राध्यापकहरू, कर्मचारीहरू, विद्यार्थीहरू, व्यवस्थापन समिति सदस्यहरू र सम्पूर्ण समुदायको हार्दिक सहयोग, सद्भाव र सक्रियताले नै यो क्याम्पस आजको उचाइमा पुगेको छ। यस स्मारिकामार्फत हामी ती सबैलाई हृदयदेखि धन्यवाद दिन चाहन्छौं, जसले क्याम्पसको यो यात्रामा साथ दिनुभयो, विश्वास गर्नुभयो र सहयोग पुऱ्याउनुभयो। अभिभावकहरू, स्थानीय बुद्धिजीवीहरू, सरोकारवालाहरू सबैप्रति हाम्रो विशेष कृतज्ञता छ। आगामी दिनहरूमा पनि ओखलढुङ्गा क्याम्पसलाई अझ आधुनिक, समावेशी, उत्तरदायी र शैक्षिक उत्कृष्टताको प्रतीक बनाउने हाम्रो प्रतिबद्धता अटल रहनेछ। यो स्मारिका पढ्दै गर्दा तपाईंहरूले पनि आफ्ना सम्झना, विचार र सुझावहरू साटासाट गर्नुहुनेछ भन्ने आशा गरेका छौं।सबैको शुभकामना र साथ सधैं अपेक्षित छ। ओखलढुङ्गा क्याम्पसको यो स्मारिकाले हामीलाई अझ नजिक बनाउनेछ ।

धन्यवाद।

# विषयसूची

**पृष्ठ**

ओखलढुङ्गा क्याम्पस: शैक्षिक उत्कृष्टता अभिवृद्धि, प्रविधिमैत्री शिक्षा विकास तथा QAA प्राप्तितर्फको दृढ संकल्पित यात्रा
इन्द्रप्रसाद तिमल्सेना १

ओखलढुङ्गा क्याम्पसका सन्दर्भमा पूर्व क्याम्पस प्रमुख नारायणबहादुर सैंजुसँगको कुराकानी ११

ओखलढुङ्गा क्याम्पस: विगतको गौरव, वर्तमानको दायित्व र भविष्यको सपना
दामोदर धमला १४

विश्वविद्यालयमा स्वास्थ्य तथा शारीरिक शिक्षकको अपरिहार्यता
विमाला धमला २९

सामुदायिक क्याम्पसको गुणस्तर सुधारमा ट्रेसर स्टडीको महत्त्वःओखलढुङ्गा क्याम्पसको सन्दर्भ
लेखक: प्रविण सैंजू ४२

ओखलढुङ्गा क्याम्पसको ट्रेसर अध्ययन प्रतिवेदन २०८२ (Tracer Study) ५६

ओखलढुङ्गा क्याम्पस: शैक्षिक उत्कृष्टता र सामुदायिक विकासको यात्रा
प्रतिभा सैँजू ७७

क्याम्पसको वित्तीय व्यवस्थापन र दिगो विकासको आधार
दिपक सुवेडी ८६

सामुदायिक क्याम्पसको दिगो विकासका लागि अर्थ नीति
झपट बहादुर साउद ९९

नेपालको राजनीतिक अस्थिरताले शैक्षिक गुणस्तरमा पारेको प्रभाव
रविन्द्र काफ्ले १०९

कोभिडपछिको नेपालको शिक्षामा पाठ्यक्रम र मूल्याङ्कन प्रणालीका मुख्य परिवर्तनहरू
अप्सरा श्रेष्ठ ११३

विपन्नको सारथि, जेहेन्दारको प्रोत्साहन: छात्रवृत्ति प्रणालीको एक झलक
चोपलाल धमला १३८

जलवायु परिवर्तन र स्वास्थ्य संकट, स्वास्थ्य शिक्षाका विद्यार्थीको भूमिका र समाधानका उपायहरू
कुमार बहादुर बानिया १४२
Knowledge with Purpose: The Need for Humanities and Social Sciences in Higher Education
Ramesh Kandel १४७
नेपालको शिक्षामा समावेशिता: चुनौति र सम्भावनाहरु
देवेन्द्रबहादुर बानिया १५३
नेपालमा वित्तीय साक्षरता
टिका थेबे १६१
स्वर्ग भूमि नेपाल
धनराम श्रेष्ठ १६९
Research Management Cell (RMC): Fostering Academic Excellence at Okhaldhunga Campus
Badri Prasad Dhamal १७१
प्रविधिको उज्यालोमा ओखलढुङ्गा क्याम्पस
मानवीर राई १७५
ओखलढुङ्गा क्याम्पस: समृद्ध भविष्यको आधार
अनिता राउत १७७
"ज्ञानको ज्योति"
चन्द्रकला घिमिरे १८०
म चेतनाको दियो हुँ
मिना धमला १८१
प्रकृतिको काखमा उज्यालो क्याम्पस
सरस्वती राई १८२
विद्यार्थी जीवन : अभाव र खुसीयाली बीचको अविस्मरणीय क्षण
सर्मिला श्रेष्ठ १८४
बाबा
तया कुमारी श्रेष्ठ १८६
ओखलढुङ्गा क्याम्पसमा इन्टर्नशिप अभ्यास:
अनुभव, उपलब्धि र भविष्य
भुमिका राई १८७
ओखलढुङ्गा क्याम्पसको सन्दर्भमा आन्तरिक मूल्याङ्कनले शिक्षण सिकाइमा परेको प्रभाव
कुल प्रसाद घिमिरे १९९

# ओखलढुङ्गा क्याम्पस: शैक्षिक उत्कृष्टता अभिवृद्धि, प्रविधिमैत्री शिक्षा विकास तथा QAA प्राप्तितर्फको दृढ संकल्पित यात्रा



इन्द्रप्रसाद तिमल्सेना
क्याम्पस प्रमुख
ओखलढुङ्गा क्याम्पस, ओखलढुङ्गा
Indralaxmi76@gmail.com

## ऐतिहासिक पृष्ठभूमि

ओखलढुङ्गा क्याम्पसको स्थापना नेपालको शैक्षिक विकासको एक महत्त्वपूर्ण अध्याय हो, जसले विकेन्द्रीकरणको नीति र स्थानीय समुदायको अदम्य इच्छाशक्तिको प्रतिविम्ब प्रस्तुत गर्दछ। वि.सं. २०४२ सालमा स्थानीय शिक्षक, बुद्धिजीवी, समाजसेवी, अभिभावक र राजनीतिक व्यक्तित्वहरू एक ठाउँमा भेला भई ओखलढुङ्गामा उच्च शिक्षाको संस्था स्थापना गर्ने सामूहिक सपना देखे। यसैको फलस्वरूप, वि.सं. २०४२ साल असोज २४ गते त्रिभुवन विश्वविद्यालयबाट मानविकी संकाय अन्तर्गत प्रवीणता प्रमाणपत्र तहको सम्बन्धन प्राप्त भयो, जसले जिल्लाको शैक्षिक इतिहासमा नयाँ युगको सूत्रपात गऱ्यो।

स्थापनाकालमा आफ्नै भवनको अभावजस्ता अनेकौं चुनौतीहरूका बाबजुद क्याम्पसले श्री सगरमाथा जनता माध्यमिक विद्यालयको भवनमा बिहानको समयमा कक्षाहरू सञ्चालन गऱ्यो। स्थानीय समुदाय र क्याम्पस व्यवस्थापनको दृढ संकल्पले यी प्रारम्भिक संघर्षहरूलाई पार गर्दै क्याम्पसको जगलाई मजबुत बनायो।

समयक्रममा, ओखलढुङ्गा क्याम्पसले ठूलो यात्रा तय गऱ्यो। स्थानीय समुदायको निरन्तर सहयोग, सरकारी निकायहरूको समर्थन र क्याम्पस व्यवस्थापनको दूरदर्शिताका कारण आज यो क्याम्पस आफ्नै जग्गामा निर्मित आधुनिक भवनहरूमा सञ्चालित छ। यसले भौतिक पूर्वाधारको विकास मात्र होइन, शैक्षिक कार्यक्रमहरूको विस्तारमा पनि उल्लेखनीय प्रगति गरेको छ। हाल, यहाँ शिक्षा, व्यवस्थापन र मानविकी तथा सामाजिक शास्त्र गरी तीन संकायमा स्नातक तहका कार्यक्रमहरू

सञ्चालन भइरहेका छन्। स्नातक तहका कार्यक्रमहरूसँगै, ओखलढुङ्गा क्याम्पसले शिक्षाशास्त्र संकायमा पाठ्यक्रम तथा मूल्याङ्कन र स्वास्थ्य तथा शारीरिक विषयमा स्नातकोत्तर तहसम्मका कक्षाहरू पनि उपलब्ध गराएको छ। यसले यस क्षेत्रका विद्यार्थीहरूलाई थप उच्च शिक्षाका लागि बाहिर जानुपर्ने बाध्यतालाई कम गरेको छ। चार दशकभन्दा लामो समयसम्म, यो क्याम्पसले अनेकौं आरोह अवरोह पार गर्दै ओखलढुङ्गा र आसपासका पहाडी क्षेत्रका हजारौं युवायुवतीलाई शिक्षाको उज्यालो प्रदान गरेको छ, जसले उनीहरूलाई आत्मनिर्भर र सक्षम नागरिक बनाउन महत्त्वपूर्ण भूमिका खेलेको छ।

ओखलढुङ्गा क्याम्पसले शिक्षा हरेक मानवको जन्मसिद्ध अधिकार हो भन्ने विश्वव्यापी मान्यतालाई हृदयमा राखेर आफ्नो कार्य सञ्चालन गर्दै आएको छ। यसले स्थानीय समुदायको पूर्ण साथ र सद्भाव प्राप्त गरेको छ, जसले क्याम्पसलाई अगाडि बढ्न निरन्तर प्रेरणा दिएको छ। आज यो जिल्लाकै अग्रणी सामुदायिक शैक्षिक संस्थाको रूपमा स्थापित भएको छ, जसको जग स्थानीय जनताको उत्साह, संघर्ष र सामूहिक इच्छाशक्तिमा बसेको छ। यो क्याम्पस ओखलढुङ्गावासीको शिक्षा र समृद्धिप्रतिको सामूहिक सपना र मेहनतको जीवन्त प्रतीक हो, जसले स्थानीय विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ र भविष्यमा अझ ठूलो भूमिका खेल्ने सम्भावना बोकेको छ। क्याम्पसको स्थापनादेखि हालसम्मको यात्राले यसको दृढता, समुदायप्रतिको प्रतिबद्धता र शैक्षिक उत्कृष्टता हासिल गर्ने निरन्तर प्रयासलाई स्पष्ट पार्दछ।

**उच्च शिक्षामा गुणस्तरको महत्त्व**

उच्च शिक्षा कुनै पनि राष्ट्रको समग्र विकासको आधारस्तम्भ हो, जसले व्यक्तिगत क्षमताको विकासका साथै समाजलाई ज्ञानमा आधारित अर्थतन्त्रतर्फ डोऱ्याउँदै राष्ट्रिय प्रगतिमा महत्त्वपूर्ण योगदान पुऱ्याउँछ। गुणस्तरयुक्त उच्च शिक्षाले विद्यार्थीहरूलाई व्यावहारिक सीप, आलोचनात्मक चिन्तन र नवप्रवर्तन क्षमताले सुसज्जित गर्दछ, जसले उनीहरूलाई आजको तीव्र प्रतिस्पर्धी वैश्विक बजारमा सफल हुनका लागि आवश्यक योग्यता प्रदान गर्दछ।

नेपालजस्तो विकासोन्मुख राष्ट्रमा, उच्च शिक्षाको गुणस्तरको महत्त्व अझ बढी छ। यसले आर्थिक वृद्धि, सामाजिक समानता र सांस्कृतिक संरक्षणमा प्रत्यक्ष योगदान पुऱ्याउँछ, साथै दक्ष जनशक्ति उत्पादन गरी देशको औद्योगिक, कृषि र सेवा क्षेत्रको विकासमा टेवा पुऱ्याउँछ। गुणस्तरको अभावले विद्यार्थीहरूको रोजगारी योग्यता घटाउँछ, बेरोजगारी बढाउँछ र 'ब्रेन ड्रेन' जस्ता समस्याहरूलाई बढावा दिन्छ।

ओखलढुङ्गा क्याम्पसमा गुणस्तर भनेको केवल पाठ्यक्रम पूरा गर्नु वा परीक्षामा राम्रो अंक ल्याउनु मात्र होइन भन्ने कुराम दृढतापूर्वक विश्वास गर्छौं । गुणस्तर भनेको त विद्यार्थीको समग्र विकास हो, जसमा शिक्षण विधि, अनुसन्धान, पूर्वाधार र प्रशासनिक सुशासन जस्ता बहुआयामिक पक्षहरू समावेश हुन्छन्। हामीले शिक्षण प्रक्रियालाई विद्यार्थी केन्द्रित बनाउन, नवीनतम शैक्षिक प्रविधिहरूको प्रयोग गर्न र अनुसन्धान तथा नवप्रवर्तनलाई प्रोत्साहन दिन जोड दिएका छौं।

उच्च शिक्षामा गुणस्तरले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्न महत्त्वपूर्ण सहयोग गर्दछ, जसले विद्यार्थीहरूको लागि छात्रवृत्ति, अन्तर्राष्ट्रिय आदानप्रदान कार्यक्रमहरू र विश्वभरका प्रतिष्ठित संस्थाहरूमा रोजगारीका अवसरहरू खोल्दछ। ओखलढुङ्गा क्याम्पसले गुणस्तरलाई एक निरन्तर प्रक्रियाको रूपमा ग्रहण गरेको छ जसले हाम्रा विद्यार्थीहरूलाई भविष्यका चुनौतीहरू सामना गर्न र अवसरहरूको सदुपयोग गर्न सक्षम बनाउनेछ। हाम्रो लक्ष्य केवल डिग्री प्रदान गर्नु मात्र होइन बरु यस्ता नागरिकहरू उत्पादन गर्नु हो जो ज्ञानवान, सीपयुक्त, नैतिकवान र सामाजिक रूपमा जिम्मेवार छन्।

गुणस्तरीय उच्च शिक्षाले विद्यार्थीहरूलाई आत्मनिर्भर बनाउनुका साथै उनीहरूमा उद्यमशीलताको भावना पनि जगाउँछ, जसले स्थानीय अर्थतन्त्रलाई बलियो बनाउँछ। यसका अतिरिक्त, यसले सामाजिक न्याय र समावेशितालाई प्रवर्द्धन गर्छ, विभिन्न सामाजिक आर्थिक पृष्ठभूमिबाट आएका विद्यार्थीहरूलाई समान अवसर प्रदान गर्छ। ओखलढुङ्गा क्याम्पसले यस क्षेत्रका ग्रामीण र सीमान्तकृत समुदायका विद्यार्थीहरूलाई उच्च शिक्षाको पहुँच प्रदान गरेर सामाजिक समावेशिताको उदाहरण प्रस्तुत गरेको छ।

अन्तर्राष्ट्रिय स्तरमा, गुणस्तरीय उच्च शिक्षाले देशको छवि र प्रतिष्ठा बढाउँछ, विदेशी विद्यार्थीहरूलाई आकर्षित गर्छ र अन्तर्राष्ट्रिय अनुसन्धान सहयोग र साझेदारीका अवसरहरू सिर्जना गर्छ। ओखलढुङ्गा क्याम्पसले गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्राप्तिको लक्ष्य राखेर यसै दिशामा अघि बढेको छ, जसले क्याम्पसको शैक्षिक गुणस्तरलाई अन्तर्राष्ट्रिय स्तरमा प्रमाणित गर्नेछ र यसका विद्यार्थीहरूलाई विश्वव्यापी रूपमा प्रतिस्पर्धी बनाउन मद्दत गर्नेछ। यसरी, उच्च शिक्षामा गुणस्तरको महत्त्व केवल शैक्षिक उत्कृष्टतामा मात्र सीमित छैन बरु यसले राष्ट्रको समग्र विकास, सामाजिक रूपान्तरण र अन्तर्राष्ट्रिय सम्बन्धमा पनि गहिरो प्रभाव पार्छ।

**QAA को अवधारणा र यसको आवश्यकता**

गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (Quality Assurance and Accreditation - QAA) उच्च शिक्षाको गुणस्तर सुनिश्चित गर्ने एक अन्तर्राष्ट्रिय मान्यता प्राप्त प्रणाली हो। यसले शैक्षिक

संस्थाहरूलाई स्वमूल्यांकन, बाह्य मूल्यांकन र निरन्तर सुधारको माध्यमबाट उत्कृष्टता हासिल गर्न प्रेरित गर्दछ। QAA को मुख्य उद्देश्य शैक्षिक कार्यक्रमहरू, शिक्षण विधिहरू, पूर्वाधार, अनुसन्धान र प्रशासनिक प्रक्रियाहरूको गुणस्तरलाई व्यवस्थित रूपमा जाँच गर्नु र सुधार गर्नु हो, जसले विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा प्राप्त भएको सुनिश्चित गर्छ र शैक्षिक संस्थाहरूलाई आफ्नो कार्यसम्पादनमा जवाफदेही बनाउँछ।

QAA को सैद्धान्तिक आधारमा तीन मुख्य प्रक्रियाहरू समावेश हुन्छन्: स्वमूल्यांकन **(Self-Study)**, बाह्य मूल्यांकन (External Review) र निरन्तर सुधार (Continuous Improvement)। स्वमूल्यांकनमा संस्थाले आफ्नै बलिया पक्षहरू, कमजोरीहरू, अवसरहरू र चुनौतीहरूको विस्तृत विश्लेषण गर्दछ, जसलाई 'स्व-अध्ययन प्रतिवेदन' (SSR) मा दस्तावेजीकरण गरिन्छ। दोस्रो चरणमा, बाह्य मूल्यांकनकर्ताहरूको एक स्वतन्त्र टोली (Peer Review Team - PRT) ले संस्थाको भ्रमण गरी SSR मा उल्लिखित तथ्यहरूको प्रमाणीकरण गर्छ र प्रमाणीकरण निकायलाई सिफारिस गर्छ। अन्तिम र सबैभन्दा महत्त्वपूर्ण चरण निरन्तर सुधार हो, जहाँ संस्थाले PRT को सिफारिसहरूलाई कार्यान्वयन गर्छ र आफ्नो गुणस्तर प्रणालीलाई निरन्तर परिष्कृत गर्दै जान्छ।

नेपालमा, विश्वविद्यालय अनुदान आयोग (University Grants Commission - UGC) ले सन् २००७ देखि QAA प्रणाली लागू गरेको छ, जसको मुख्य लक्ष्य नेपालको उच्च शिक्षाको गुणस्तर अभिवृद्धि गर्नु थियो। UGC ले QAA का महत्त्वपूर्ण मापदण्डहरू निर्धारण गरेको छ, जसले शैक्षिक संस्थाको समग्र कार्यसम्पादनलाई मूल्यांकन गर्दछ। यी मापदण्डहरूमा मूलतः नीति तथा योजना, पाठ्यक्रम विकास, शिक्षण तथा सिकाइ, अनुसन्धान तथा प्रकाशन, पूर्वाधार, संस्थागत व्यवस्थापन, सूचना प्रणाली र सार्वजनिक सूचना आदि पर्दछन्।

विश्वव्यापी सन्दर्भमा, QAA को अवधारणा २० औं शताब्दीको उत्तरार्धमा विकसित भएको हो, जब उच्च शिक्षाको विस्तार र निजीकरणले गुणस्तर नियन्त्रणको आवश्यकतालाई उजागर गऱ्यो। आज यो विश्वभरका उच्च शिक्षा प्रणालीहरूको एक अभिन्न अंग बनिसकेको छ, जसले विभिन्न देशहरूका शैक्षिक संस्थाहरूलाई एउटै मापदण्डमा मूल्यांकन गर्न र उनीहरूबीचको सहकार्यलाई प्रवर्द्धन गर्न मद्दत गर्दछ। अन्तर्राष्ट्रिय स्तरमा, QAA ले शैक्षिक डिग्रीहरूको पारस्परिक मान्यतालाई सहज बनाउँछ, जसले गर्दा विद्यार्थीहरूलाई एक देशबाट अर्को देशमा अध्ययन वा काम गर्न सजिलो हुन्छ र शैक्षिक संस्थाहरूलाई वैश्विक शैक्षिक बजारमा प्रतिस्पर्धी बन्न सक्षम बनाउँछ।

ओखलढुङ्गा जस्तो ग्रामीण क्याम्पसका लागि QAA को आवश्यकता र महत्त्व अझ विशेष छ। शहर केन्द्रित शैक्षिक संस्थाहरूको तुलनामा, ग्रामीण क्याम्पसहरूले स्रोत, पूर्वाधार र दक्ष जनशक्तिको अभाव जस्ता थप चुनौतीहरूको सामना गर्नुपर्छ। QAA प्रक्रियाले यस्ता

क्याम्पसहरूलाई आफ्ना कमजोरीहरूलाई व्यवस्थित रूपमा पहिचान गर्न र सुधारका लागि ठोस योजना बनाउन एक संरचित ढाँचा प्रदान गर्दछ। यसले क्याम्पसलाई सरकारी अनुदान र अन्य बाह्य स्रोतहरू प्राप्त गर्नका लागि आफ्नो योग्यता प्रमाणित गर्न मद्दत गर्छ। QAA प्रमाणीकरणले ग्रामीण क्याम्पसको विश्वसनीयता र प्रतिष्ठालाई बढाउँछ, जसले गर्दा स्थानीय विद्यार्थीहरू उच्च शिक्षाका लागि शहर पलायन हुने प्रवृत्तिलाई कम गर्न सकिन्छ। यसले स्थानीय समुदायमा क्याम्पसप्रतिको विश्वास र अपनत्वको भावनालाई पनि बलियो बनाउँछ, जसले गर्दा उनीहरू क्याम्पसको विकासमा थप सहयोग गर्न प्रोत्साहित हुन्छन्।

नेपालको सन्दर्भमा QAA को आवश्यकता अझ बढी छ किनकि यहाँका उच्च शिक्षा संस्थाहरूमा गुणस्तर असमानता, स्रोत अभाव र वैश्विक प्रतिस्पर्धाको चुनौती विद्यमान छ। धेरैजसो शैक्षिक संस्थाहरूले पर्याप्त स्रोत, दक्ष जनशक्ति र आधुनिक पूर्वाधारको अभाव झेलिरहेका छन्, जसले गर्दा शैक्षिक गुणस्तरमा एकरूपता छैन। QAA प्रणालीले यी चुनौतीहरूको सामना गर्न र शैक्षिक संस्थाहरूलाई अन्तर्राष्ट्रिय मापदण्डअनुसार गुणस्तर सुधार गर्न मद्दत गर्दछ। UGC का अनुसार, हालसम्म १०६ उच्च शिक्षा संस्थाहरू QAA प्रमाणित भएका छन्, जसमा अधिकांश सामुदायिक तथा सार्वजनिक क्याम्पसहरू छन्। यो संख्याले QAA प्रतिको बढ्दो चासो र प्रतिबद्धतालाई दर्शाउँछ।

QAA ले नेपालको उच्च शिक्षालाई अन्तर्राष्ट्रिय स्तरमा मान्यता प्राप्त गराउँछ, जसले विद्यार्थी गतिशीलता, अनुसन्धान सहयोग र आर्थिक सहायता आकर्षित गर्दछ। जब नेपाली शैक्षिक संस्थाहरूले QAA प्रमाणीकरण प्राप्त गर्छन्, तब उनीहरूका डिग्रीहरूलाई अन्तर्राष्ट्रिय स्तरमा स्वीकार गरिन्छ, जसले नेपाली विद्यार्थीहरूलाई विदेशमा उच्च शिक्षा वा रोजगारीका अवसरहरू प्राप्त गर्न सहज बनाउँछ साथै यसले विदेशी विश्वविद्यालयहरू र अनुसन्धान संस्थाहरूसँग साझेदारीका लागि ढोका खोल्छ, जसले ज्ञानको आदानप्रदान र संयुक्त अनुसन्धान परियोजनाहरूलाई बढावा दिन्छ। यसका अतिरिक्त, QAA ले अन्तर्राष्ट्रिय दातृ निकायहरूबाट आर्थिक सहायता आकर्षित गर्न पनि मद्दत गर्छ, जसले शैक्षिक पूर्वाधार र कार्यक्रमहरूको विकासमा टेवा पुऱ्याउँछ।

ओखलढुङ्गा क्याम्पसको लागि QAA ले एक मार्गदर्शनको रूपमा काम गर्दछ, जसले हामीलाई स्थानीय आवश्यकतासँग जोड्दै वैश्विक मापदण्डहरू अपनाउन प्रेरित गर्दछ। QAA प्रक्रियाले क्याम्पसलाई आफ्ना बलिया पक्षहरूलाई अझ सुदृढ गर्न र सुधारका क्षेत्रहरूलाई पहिचान गरी तिनमा काम गर्न मद्दत गर्छ। यसले क्याम्पसलाई स्थानीय समुदायको शैक्षिक आवश्यकताहरू पूरा गर्दै अन्तर्राष्ट्रिय स्तरको गुणस्तर कायम राख्न उत्प्रेरित गर्छ। यसरी, QAA ले नेपालको उच्च

शिक्षालाई गुणस्तरीय, समावेशी र सान्दर्भिक बनाउने राष्ट्रिय लक्ष्यसँग पूर्ण रूपमा मेल खान्छ। यो केवल एक प्रमाणीकरण मात्र होइन, बरु शैक्षिक उत्कृष्टताको निरन्तर यात्राको एक महत्त्वपूर्ण खुड्किलो हो।

**ओखलढुङ्गा क्याम्पसको वर्तमान शैक्षिक अवस्था र सुधारको आवश्यकता**

ओखलढुङ्गा क्याम्पसले आफ्नो स्थापनाकालदेखि नै यस क्षेत्रमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको छ। त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा सञ्चालित यस क्याम्पसका कार्यक्रमहरूले स्थानीय विद्यार्थीहरूलाई शिक्षा, व्यवस्थापन तथा मानविकी क्षेत्रमा स्नातक र स्नातकोत्तर तहको डिग्री हासिल गर्ने अवसर प्रदान गरेका छन्। वर्तमानमा, क्याम्पससँग अनुभवी प्राध्यापकहरूको एक समर्पित टोली छ, जसले विद्यार्थीहरूलाई ज्ञान प्रदान गर्न अथक प्रयास गरिरहेका छन्। आधारभूत पुस्तकालय र कक्षा कोठाहरूको उपलब्धताले विद्यार्थीहरूलाई अध्ययनका लागि आवश्यक न्यूनतम सुविधा प्रदान गरेको छ। यी सुविधाहरूले ग्रामीण भेगका विद्यार्थीहरूको शैक्षिक आवश्यकता पूरा गर्न महत्त्वपूर्ण भूमिका खेलेका छन्, जसले गर्दा उनीहरूलाई उच्च शिक्षाका लागि टाढाका शहरहरूमा जानुपर्ने बाध्यता केही हदसम्म कम भएको छ। यद्यपि, ग्रामीण अवस्थिति र स्रोत सीमितताका कारण ओखलढुङ्गा क्याम्पसले केही महत्त्वपूर्ण चुनौतीहरूको सामना गरिरहेको छ। यी चुनौतीहरूले क्याम्पसको शैक्षिक गुणस्तर अभिवृद्धि र आधुनिक शिक्षा प्रणालीमा अनुकूलन हुने क्षमतामा असर पारिरहेका छन्। प्रमुख चुनौतीहरूमध्ये एक हो प्रविधिको पहुँच पुऱ्याउन नसक्नु । आजको डिजिटल युगमा, सूचना तथा सञ्चार प्रविधि (ICT) शिक्षाको अभिन्न अंग बनिसकेको छ। तर, क्याम्पसमा आधुनिक कम्प्युटर ल्याब, उच्च गतिको इन्टरनेट र डिजिटल शिक्षण सामग्रीको अभावले विद्यार्थीहरूलाई प्रविधिमैत्री शिक्षा प्रदान गर्न कठिनाइ भइरहेको छ। यसले विद्यार्थीहरूलाई डिजिटल सीपहरू विकास गर्न र वैश्विक बजारमा प्रतिस्पर्धी बन्न बाधा पुऱ्याएको छ।

अर्को महत्त्वपूर्ण चुनौती अनुसन्धानको कमी हो। उच्च शिक्षामा अनुसन्धानले ज्ञानको सिर्जना र विस्तारमा महत्त्वपूर्ण भूमिका खेल्छ। ओखलढुङ्गा क्याम्पसमा अनुसन्धान संस्कृतिलाई प्रवर्द्धन गर्नका लागि आवश्यक स्रोत, प्रोत्साहन र पूर्वाधारको अभाव छ। प्राध्यापक तथा विद्यार्थीहरूलाई अनुसन्धानमा संलग्न गराउनका लागि पर्याप्त बजेट, प्रयोगशाला सुविधा र अनुसन्धान जर्नलहरूको पहुँच छैन। यसले गर्दा स्थानीय समस्याहरूको समाधानका लागि आवश्यक अनुसन्धान हुन सकेको छैन र क्याम्पसको शैक्षिक उत्कृष्टतामा पनि कमी आएको छ।

पूर्वाधारको अपडेट आवश्यकता पनि एक प्रमुख चुनौती हो। यद्यपि क्याम्पससँग आफ्नै भवनहरू छन्, तर ती आधुनिक शैक्षिक आवश्यकताहरू पूरा गर्न पर्याप्त छैनन्। स्मार्ट कक्षा कोठा, आधुनिक

प्रयोगशाला, पर्याप्त पुस्तकालय सुविधा, विद्यार्थी छात्रावास र खेल मैदान जस्ता पूर्वाधारहरूको अभावले विद्यार्थीहरूको समग्र सिकाइ अनुभवमा नकारात्मक प्रभाव पारेको छ। यी पूर्वाधारहरूको अभावले क्याम्पसलाई QAA मापदण्डहरू पूरा गर्न पनि चुनौती खडा गरेको छ। यसका अतिरिक्त, **योग्य** प्राध्यापकहरूको अभाव र विद्यार्थी पलायन पनि ग्रामीण क्षेत्रका क्याम्पसहरूले सामना गर्ने सामान्य चुनौतीहरू हुन्। दक्ष र अनुभवी प्राध्यापकहरू शहर केन्द्रित हुन रुचाउने भएकाले ग्रामीण क्षेत्रमा योग्य प्राध्यापकहरूलाई आकर्षित गर्न र टिकाउन गाह्रो हुन्छ। साथै, राम्रो शैक्षिक अवसरको खोजीमा विद्यार्थीहरू शहरतर्फ पलायन हुने प्रवृत्तिले पनि क्याम्पसको विद्यार्थी संख्या र शैक्षिक वातावरणमा असर पार्छ।

यी चुनौतीहरूको सामना गर्न र क्याम्पसलाई २१ औं शताब्दीको शैक्षिक आवश्यकता अनुरूप बनाउन सुधारको आवश्यकता स्पष्ट छ। वैश्विक डिजिटल युगमा, हाम्रा विद्यार्थीहरूलाई परम्परागत शिक्षाले मात्र पर्याप्त हुँदैन। उनीहरूलाई यस्तो शिक्षा चाहिन्छ जसले उनीहरूलाई आलोचनात्मक सोच, समस्या समाधान गर्ने सीप, डिजिटल साक्षरता र नवप्रवर्तन क्षमताले सुसज्जित गरोस्। यसका लागि, हामीले शैक्षिक गुणस्तर अभिवृद्धि गर्दै प्रविधिमैत्री शिक्षा विकास गर्नुपर्छ, जसले विद्यार्थीहरूलाई रोजगारी योग्य बनाउँछ र उनीहरूलाई भविष्यका चुनौतीहरूको सामना गर्न सक्षम बनाउँछ।

यसबाहेक, QAA प्राप्तिले हाम्रो संस्थालाई राष्ट्रिय मान्यता प्रदान गर्दै थप स्रोतहरू आकर्षित गर्नेछ। QAA प्रमाणीकरणले क्याम्पसको शैक्षिक गुणस्तरलाई आधिकारिक रूपमा प्रमाणित गर्छ, जसले गर्दा यसको छवि र विश्वसनीयता बढ्छ। यसले सरकारी अनुदान, दातृ निकायहरूको सहयोग र अन्य वित्तीय स्रोतहरू आकर्षित गर्न मद्दत गर्छ, जुन पूर्वाधार विकास, शैक्षिक कार्यक्रम विस्तार र प्राध्यापक क्षमता अभिवृद्धिका लागि अपरिहार्य छन्। QAA ले क्याम्पसलाई एक व्यवस्थित गुणस्तर प्रणाली विकास गर्न पनि प्रेरित गर्छ, जसले निरन्तर सुधारको संस्कृतिलाई बढावा दिन्छ।

ओखलढुङ्गा क्याम्पसले यो सुधारलाई एक अवसरको रूपमा हेर्दैछ, जसले यसलाई क्षेत्रीय स्तरको उत्कृष्ट संस्था बनाउनेछ। सुधारका माध्यमबाट क्याम्पसले आफ्ना कमजोरीहरूलाई शक्तिमा परिणत गर्न सक्छ र यस क्षेत्रका विद्यार्थीहरूका लागि उच्च शिक्षाको एक प्रमुख गन्तव्य बन्न सक्छ। यसका लागि, क्याम्पसले एक व्यापक रणनीतिक योजना बनाएको छ, जसमा शैक्षिक गुणस्तर विकास, प्रविधिमैत्री शिक्षाको प्रवर्द्धन, QAA प्राप्तिका लागि कार्ययोजना, प्रशासनिक पारदर्शिता र भौतिक पूर्वाधार विकास जस्ता पक्षहरू समावेश छन्। यी सुधारहरूले ओखलढुङ्गा क्याम्पसलाई केवल एक शैक्षिक संस्था मात्र नभई, यस क्षेत्रको सामाजिक आर्थिक विकासको एक उत्प्रेरक शक्तिको रूपमा स्थापित गर्नेछ।

## शैक्षिक गुणस्तर विकासका रणनीतिहरू

ओखलढुङ्गा क्याम्पसले शैक्षिक गुणस्तर विकासलाई एक बहुआयामिक दृष्टिकोणबाट अघि बढाउने योजना बनाएको छ। यो योजनाले विद्यार्थीहरूको समग्र विकास, शिक्षकहरूको व्यावसायिक क्षमता अभिवृद्धि, पाठ्यक्रमको सान्दर्भिकता र संस्थागत सुशासनलाई केन्द्रमा राखेको छ। यसका लागि निम्न रणनीतिहरू समावेश गरिएका छन्:

### शैक्षिक योजना र नीति निर्माण

गुणस्तरीय शिक्षाको आधारशिला सुदृढ शैक्षिक योजना र नीति निर्माण हो। ओखलढुङ्गा क्याम्पसले एक दीर्घकालीन शैक्षिक नीति तयार गरेको छ, जसमा स्पष्ट दूरदृष्टि, लक्ष्य र उद्देश्यहरू निर्धारण गरिएका छन्। यस नीतिले वार्षिक योजना, मध्यावधि समीक्षा र लक्ष्य निर्धारणलाई प्राथमिकता दिएको छ। वार्षिक योजनाले शैक्षिक सत्रभरि गरिने क्रियाकलापहरू, बजेट विनियोजन र अपेक्षित परिणामहरूलाई समेट्छ। मध्यावधि समीक्षाले योजनाको कार्यान्वयनको प्रगति मूल्यांकन गर्छ र आवश्यक परेमा सुधारका उपायहरू सुझाउँछ। यस नीतिले स्थानीय आवश्यकतासँग जोडिएका कार्यक्रमहरू विकास गर्दै गुणस्तर मापदण्डहरू सुनिश्चित गर्दछ। उदाहरणका लागि, स्थानीय कृषि, पर्यटन वा उद्यमशीलतासँग सम्बन्धित विषयहरूलाई पाठ्यक्रममा समावेश गर्ने वा अतिरिक्त तालिमहरू सञ्चालन गर्ने। यसले विद्यार्थीहरूलाई स्थानीय रोजगारी बजारका लागि तयार गर्न मद्दत गर्छ र समुदायको विकासमा प्रत्यक्ष योगदान पुऱ्याउँछ।

### प्राध्यापक तथा कर्मचारी विकास कार्यक्रम

प्राध्यापकहरू नै शैक्षिक गुणस्तरका मुख्य आधार हुन्। क्याम्पसले प्राध्यापकहरूको निरन्तर व्यावसायिक विकासलाई प्राथमिकता दिएको छ। यसअन्तर्गत नियमित तालिम, कार्यशाला, सेमिनार र अन्तर्राष्ट्रिय/राष्ट्रिय स्तरका शैक्षिक कार्यक्रमहरूमा सहभागितालाई प्रोत्साहन दिइन्छ। हालैका वर्षहरूमा क्याम्पसले "Innovative Pedagogy Transforming Teaching Practices" जस्ता सेमिनारहरू सञ्चालन गरी शिक्षण विधिहरूलाई आधुनिक बनाउने प्रयास गरेको छ। साथै, प्राध्यापकहरूलाई अनुसन्धानमा संलग्न गराउन अनुसन्धान अनुदान, प्रकाशन प्रोत्साहन र सहकर्मी समीक्षा प्रणाली लागू गर्ने योजना छ। कर्मचारीहरूको लागि पनि प्रशासनिक तथा प्राविधिक तालिमहरू सञ्चालन गरी संस्थागत क्षमता अभिवृद्धि गरिनेछ।

## प्रविधिमैत्री शिक्षा र डिजिटल पूर्वाधार विकास

आजको डिजिटल युगमा प्रविधिको प्रयोग बिना गुणस्तरीय शिक्षा सम्भव छैन। क्याम्पसले आधुनिक कम्प्युटर ल्याब स्थापना, उच्च गतिको इन्टरनेट जडान, ई-लाइब्रेरी र अनलाइन सिकाइ प्लेटफर्महरू (जस्तै LMS) विकास गर्ने लक्ष्य राखी काम सुरु भएकोछ। यसले विद्यार्थीहरूलाई डिजिटल साक्षरता प्रदान गर्दै वैश्विक स्तरको ज्ञानमा पहुँच सुनिश्चित गर्नेछ। हाल क्याम्पसमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढावा दिन विभिन्न अध्ययन तथा कार्यशालाहरू भइरहेका छन्। भविष्यमा स्मार्ट कक्षा कोठा, प्रोजेक्टर, डिजिटल बोर्ड र ई-लाइब्रेरीको विस्तार गरी प्रविधिमैत्री शिक्षालाई संस्थागत बनाइनेछ।

## अनुसन्धान तथा नवप्रवर्तन प्रवर्द्धन

अनुसन्धानलाई क्याम्पसको मूल पहिचान बनाउने लक्ष्य छ। यसका लागि अनुसन्धान केन्द्र मार्फत विद्यार्थी तथा शिक्षकहरूलाई सानो स्तरका अनुसन्धान परियोजनामा संलग्न गराउने, जर्नल प्रकाशन र स्थानीय समस्याहरू (जस्तै पर्यटन, कृषि, वातावरण) मा केन्द्रित अनुसन्धानलाई प्राथमिकता दिइनेछ। क्याम्पसले Okhaldhunga Journal जस्ता प्रकाशनहरूलाई थप सुदृढ गर्दै अनुसन्धान संस्कृति विकास गर्नेछ। यसले विद्यार्थीहरूलाई समस्या समाधान गर्ने सीप प्रदान गर्नुका साथै क्याम्पसको प्रतिष्ठा बढाउनेछ।

## पूर्वाधार विकास तथा समुदाय सहभागिता

क्याम्पसले भौतिक पूर्वाधारलाई आधुनिकीकरण गर्ने योजना बनाएको छ। यसमा नयाँ भवन निर्माण, पुस्तकालय विस्तार, खेल मैदान, छात्रावास र हरित क्याम्पस (वृक्षारोपण जस्ता कार्यक्रमहरू) समावेश छन्। हालै वृक्षारोपण कार्य सम्पन्न भई हरित क्याम्पसको दिशामा अघि बढेको छ। साथै, स्थानीय समुदाय, सिद्धिचरण नगरपालिका, प्रदेश सरकार तथा UGC सँगको सहकार्यलाई मजबुत बनाई स्रोत जुटाइनेछ। Community Outreach Program मार्फत स्थानीय स्तरमा स्वास्थ्य शिविर, आँखा जाँच जस्ता कार्यक्रम सञ्चालन गरी समुदायसँगको सम्बन्धलाई थप प्रगाढ बनाइनेछ।

## QAA प्राप्तिका लागि कार्ययोजना

QAA प्रमाणीकरणलाई क्याम्पसको प्रमुख लक्ष्य बनाइएको छ। यसका लागि स्व-अध्ययन प्रतिवेदन (SSR) तयारी, UGC का मूख्य मापदण्डहरू अनुसार सुधार योजना कार्यान्वयन र निरन्तर गुणस्तर सुधार प्रणाली विकास गरिनेछ। QAA ले क्याम्पसलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा मान्यता प्रदान गर्दै थप अनुदान तथा साझेदारीका अवसरहरू सिर्जना गर्नेछ।

यी रणनीतिहरूको प्रभावकारी कार्यान्वयनबाट ओखलढुङ्गा क्याम्पसले शैक्षिक उत्कृष्टता हासिल गर्दै प्रविधिमैत्री तथा गुणस्तरीय शिक्षा प्रदान गर्ने दृढ संकल्पलाई साकार पार्नेछ। यसले स्थानीय युवाहरूलाई आत्मनिर्भर बनाउनुका साथै जिल्लाको समग्र विकासमा ठूलो योगदान पुऱ्याउनेछ।

**निष्कर्ष**

ओखलढुङ्गा क्याम्पसको यो यात्रा स्थानीय समुदायको सपना, संघर्ष र दृढताको प्रतीक हो। चार दशक लामो इतिहास पार गर्दै क्याम्पसले हजारौं विद्यार्थीहरूलाई शिक्षाको उज्यालो प्रदान गरेको छ। अबको लक्ष्य भनेको QAA प्राप्ति मार्फत गुणस्तरीय शिक्षा, प्रविधिको एकीकरण र निरन्तर सुधार हो। यसले क्याम्पसलाई क्षेत्रीय स्तरको उत्कृष्ट संस्था बनाउनुका साथै नेपालको उच्च शिक्षालाई मजबुत बनाउने दिशामा योगदान पुऱ्याउनेछ। हामी सबैको सहयोग र प्रतिबद्धताले यो यात्रालाई सफल बनाउनेछौं । शिक्षा हरेकको अधिकार हो, र गुणस्तरीय शिक्षा यसको उत्कृष्ट रूप हो त्यसैले ओखलढुङ्गा क्याम्पस सधैं यस दिशामा संकल्पित रहनेछ प्रतिवद्धता व्यक्त गर्छौं ।

## ओखलढुङ्गा क्याम्पसका सन्दर्भमा पूर्व क्याम्पस प्रमुख नारायणबहादुर सैंजुसँगको कुराकानी



*नारायण बहादुर सैंजु (१९९६) ओखलढुंगा क्याम्पस ओखलढुंगाका संस्थापक क्याम्पस प्रमुख हुनुहुन्छ । ओखलढुंगामा उहाँकै नेतृत्वमा २०४२ सालमा ओखलढुंगा क्याम्पसको स्थापना भएपछि जिल्लामा उच्च शिक्षाको ढोका खुलेको हो । २०७६ सालसम्म निरन्तर ३४ बर्ष क्याम्पस प्रमुख र व्यवस्थापकको रुपमा एक सामुदायिक क्याम्पसको नेतृत्व गर्नु सजिलो काम होइन ।*

*एस.एल.सी. पास गरेपछि २०१४ सालबाट शिक्षण पेशामा जोडिनुभएका सैंजु अंग्रेजी विषयका शिक्षक हुनुहुन्थ्यो । सगरमाथा जनता स्कूलमा कक्षा आठसम्म अध्ययनपछि उहाँ काठमाण्डौंको पद्मोदय हाइस्कूलबाट एस.एल.सी. पास गर्नुभयो । प्रभाइभेट तर्फ आइ. ए. पढ्दा उहाँ आफैँले पढेको सगरमाथा जनता स्कूलमा शिक्षकको रुपमा शिक्षण पेशामा जोडिनु भयो । विद्यालय शिक्षणसँगै क्याम्पस स्थापना र त्यसको नेतृत्व गर्नुभएका सैंजु जिल्लाकै शैक्षिक अभिभावक हुनुहुन्छ । ओखलढुङ्गा क्याम्पस स्मारिकाका लागि उहाँसँग क्याम्पस स्थापना, सञ्चालनका आरोह-अवरोह र शैक्षिक जीवनबारे क्याम्पसका कर्मचारी श्री शिव ढुङ्गानाले गर्नु भएको सङ्क्षिप्त कुराकानी ।*

**तपाईँको स्कूले जीवन कसरी बित्यो, कुन कुन स्कूलमा पढ्नु भयो ?**

मैले कक्षा आठसम्म सगरमाथा जनता स्कूलमा पढें, त्यसमाथि यहाँ पढाइ हुँदैनथ्यो । एस.एल.सी. गर्न काठमाण्डौं गएँ । पद्मोदय हाइस्कूलबाट एस.एल.सी.  गरेँ । एस.एल.सी. गरेपछि आफैंले पढेको सगरमाथा जनता स्कूलमा पढाउन थालें । २०१४ सालमा मैले शिक्षण पेशा सुरु गरेको हो ।

**जिल्लामा एस.एल.सी. सम्म पढाइ हुने स्कूल नै नभएको समयमा कलेज त हुने कुरै भएन तपाईँ त अंग्रेजी विषयमा कहलिएको शिक्षक, उच्च शिक्षा कहाँ बाट कसरी प्राप्त गर्नुभयो ?**

म आइ.ए. पढ्न काठमाण्डौंको नेशनल कलेजमा भर्ना भएँ । त्यसबेला म शिक्षक पनि थिएँ । त्यहाँ कहिले काठमाण्डौं कहिले ओखलढुंगा गर्ने भएकाले पूरा भएन । प्राइभेटबाट दिएर आइ.ए. अंग्रेजीमा पूरा गरेँ । बि.ए. नाइट स्कूलबाट गरेँ । एम.ए. पनि अंग्रेजीमा त्रिभुवन विश्वविद्यालय अन्तर्गत प्राइभेटबाटै २०४१ सालमा गरेको हुँ ।

**शिक्षण पेशामा कसरी जोडिनु भयो ?**

त्यस बेला एस.एल.सी. पढेका मानिसहरु कम थिए । त्यसैले शिक्षक नपाउने भएपछि विद्यालय चलाउन शिक्षक खोज्नु पर्दथ्यो । हाम्रो परिवार दाँवाबाट आएको व्यापारिक परिवार थियो । विद्यालय चलाउन शिक्षक नपाउने भएपछि साहूको छोरालाई राख्नु पर्छ भनेर कुरा भयो, त्यसपछि शिक्षक भएँ । बिच-बिचमा कहिले पढ्न गएँ, कहिले आएर पढाएँ । पढाइ सकेर शिक्षण पेशालाई नै निरन्तरता दिएँ ।

**ओखलढुंगा क्याम्पस स्थापनाको पृष्ठभूमि बताइदिनुहोस् न, कसरी सुरु भयो संस्थापकहरु को को थिए, नामाकरण कसरी भयो ?**

यसबारे छलफल गर्दा बजारका मानिसहरु थिए, भैरब बहादुर श्रेष्ठ, धनराम श्रेष्ठलगायत...(बाँकि स्मरण नभएको)। हाइस्कूलको शिक्षक हुँदादेखि नै यसबारे छलफल भई कुरा अघि बढेको हो । अनुमति लिन धेरै दुःख भएको थियो । धरौटी राख्ने, अनुमति लिने, भौतिक पूर्वाधार नभए पनि विद्यालयको भवनमा सहमति लिई बिहान सञ्चालन गर्नु पर्ने अवस्था थियो । नामको सन्दर्भमा कुरा गर्दा चिनिएको नाम जिल्लाभर र बाहिरबाट पनि विद्यार्थी आउँछन् भन्ने लागेर नै ओखलढुंगा क्याम्पस राखिएको हो ।

**सुरुमा क्याम्पस सुरु गर्दा कति विद्यार्थी,कति शिक्षकहरु र  पूर्वाधारको अवस्था कस्तो थियो ?**

सुरुमा त १०–१२ जना विद्यार्थी थिए । शिक्षक पनि सुनिता कार्कीहरु..... (अरुको नाम भुलेँ) धनराम श्रेष्ठ पनि हुनुहुन्थ्यो । स्कूलमा बिहान चलाउने भन्ने भयो । विश्वविद्यालयलाई चाँहि ढाँटियो, आफ्नै भवन छ भनेर । नभए चलाउन नदिने भयो । सुरुमा आइ.ए. सुरु गरेको हो । शिक्षकहरु माथिल्लो कक्षा पढेको पाउन मुस्किल थियो । बि.ए. पढेका प्रशिक्षक राखेर कक्षा चलाएको हो ।

**विद्यालयको कक्षाबाट सुरु भएको क्याम्पसको भवन बनाउन, जग्गा व्यवस्थापन गर्न, स्रोत जुटाउन कसरी काम गर्नुभयो, सहयोग गर्ने को को हुनुहुन्थ्यो ?**

उधारो लिएँ पैला, पैसा विस्तार विस्तार दिएको । बिचारी भैरब बहादुर श्रेष्ठले जग्गा बेच्न चाहेको बुझेपछि उधारोमा पास गरियो । साहुको छोरा हो पछि तिर्छ भनेर विश्वास गरे । केही पैसा बैंकमा सुन राखेर जुटाएको हो ।

स्थापना कालमा ८० हजार चन्दा पनि उठाएको थियो । केही पैसा जिल्ला मालपोतबाट जग्गा दर्ता गराउँदा एक दुई रुपैंया क्याम्पसका लागि लिने प्रचलन बसाइएको थियो । त्यसरी पनि केही पैसा

जम्मा भयो । तत्कालीन राजा ज्ञानेन्द्रको भ्रमणमा क्याम्पस भवन बनाउन २५ लाख दिने घोषण गरेपछि २०६१ सालमा भवन निर्माण सुरु गरेको हो । २०६२ सालमा भवन बन्यो त्यसपछि बल्ल आफ्नो भवनबाट क्याम्पस चलाएको हो ।

**जिल्लाको पहिलो क्याम्पसको स्थापना र स्रोत अभावमा व्यवस्थापन आदि काम गर्दाको समयमा उच्च शिक्षाको सुरुवात् गर्दाको योगदान चाँहि समाजमा के पुग्यो लाग्छ ?**

धैरै समय लाग्यो, सोचे जस्तो बनाउन सकिएन । तर, त्यस बेला ओखलढुंगामा पनि क्याम्पस रहेछ भनेर बाहिर जाँदा धैरैले कुरा गर्दथे । सेमिनारहरुमा कुरा हुन्थ्यो । क्याम्पस स्थापनाले उच्च शिक्षा पढ्न बाहिर जान परेन, यही ठूलो कुरा भयो त्यसबेला । प्रशिक्षक राखेर चलाउन चुनौती थियो ।

**क्याम्पस सञ्चालनका दौरान तपाईंले भोगेको अप्ठेरो अवस्था, चुनौती चाँहि कुन थियो ?**

सुरुको अप्ठेरो त क्याम्पसको स्वीकृति लिनु नै अप्ठेरो भयो । आर्थिक जुटाउन त मलाइ गाह्रो भएन । साहुको छोरा भन्ने थियो, इज्जत ठूलो कुरा हुन्थ्यो त्यसबेला । विश्वासले नै धैरै कामहरु भएका थिए । एक पटक चाँहि तलब खुवाउने पैसा पनि भएन, ९ महिनासम्म दिन सकिएन । त्यसबेला गाह्रो भयो । शिक्षक साथीहरुले पनि साथ नै दिनु भयो त्यसबेला ।

**लामो समय क्याम्पस प्रमुख भएर सेवाबाट बिदा हुनु भएको छ । तपाईंले सुरु गर्नु भएको क्याम्पस अब कसरी चलोस् भन्ने लागेको छ, सुझाव के दिनु हुन्छ ?**

क्याम्पसको जग्गा जमिन अहिले पनि कम नै छ । त्यसको व्यवस्थापन गर्नुपर्दछ । शिक्षक, कर्मचारी सक्रिय भएर पूरा समय क्याम्पसलाई दिएर काम गर्नु पर्दछ । कोषहरुको व्यवस्थापन गरेर शिक्षक, कर्मचारीको वृत्ति विकास, उच्च शिक्षा समयानुकूल र गुणस्तरीय हुनुपर्छ । यस तर्फ सबैले ध्यान दिनुपर्दछ ।

# ओखलढुङ्गा क्याम्पस: विगतको गौरव, वर्तमानको दायित्व र भविष्यको सपना



दामोदर धमला
अध्यक्ष
पूर्व विद्यार्थी मञ्च
ओखलढुङ्गा कयाम्पस, ओखलढुङ्गा

## १. शैक्षिक धरोहरको महत्त्व र पूर्व विद्यार्थीको भूमिका

कुनै पनि समाजको उन्नति र प्रगतिको आधारशिला शिक्षा हो। शिक्षाले व्यक्तिलाई ज्ञान, सीप र विवेक प्रदान गर्दछ, जसले गर्दा उसले आफ्नो जीवनलाई मात्र होइन, समाज र राष्ट्रलाई समेत सकारात्मक दिशामा डोऱ्याउन सक्छ। यसै सन्दर्भमा, शैक्षिक संस्थाहरूले समाजमा पुऱ्याउने योगदान अतुलनीय हुन्छ। ओखलढुङ्गा क्याम्पस, पूर्वी नेपालको ओखलढुङ्गा जिल्लामा अवस्थित एक यस्तै महत्वपूर्ण शैक्षिक धरोहर हो, जसले दशकौंदेखि यस क्षेत्रका हजारौं युवाहरूलाई शिक्षाको ज्योति प्रदान गर्दै आएको छ। यस क्याम्पसले केवल अक्षर ज्ञान मात्र दिएको छैन, बरु विद्यार्थीहरूलाई जीवनोपयोगी सीप, नैतिक मूल्य र सामाजिक उत्तरदायित्वको भावनासमेत सिकाएको छ। यसको स्थापनाकालदेखि वर्तमानसम्मको यात्रा संघर्ष, समर्पण र उपलब्धिको एक अनुपम गाथा हो, जसले यस क्षेत्रको शैक्षिक, सामाजिक र आर्थिक विकासमा प्रत्यक्ष प्रभाव पारेको छ।

शैक्षिक संस्थाहरूको दिगो विकास र उत्तरोत्तर प्रगतिका लागि पूर्व विद्यार्थीहरूको भूमिका अपरिहार्य हुन्छ। पूर्व विद्यार्थीहरू कुनै पनि शिक्षण संस्थाका जीवित इतिहास र भविष्यका सेतु हुन्। उनीहरूले आफ्नो अध्ययनकालमा प्राप्त गरेको ज्ञान, अनुभव र सम्बन्धलाई प्रयोग गरेर आफ्नो मातृसंस्थाको उन्नतिमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्छन्। विश्वका उत्कृष्ट विश्वविद्यालयहरू, जस्तै University of Oxford र Harvard University, आफ्ना पूर्व विद्यार्थीहरूको सशक्त नेटवर्कका कारण विश्वमै प्रभावशाली बनेका छन्। यी संस्थाहरूका पूर्व विद्यार्थीहरूले छात्रवृत्ति कोष स्थापना, अनुसन्धान अनुदान, पूर्वाधार निर्माण र नीति निर्माणमा सक्रिय भूमिका निर्वाह गर्दै आएका छन्, जसले गर्दा

उनीहरूको मातृसंस्थाले विश्वव्यापी रूपमा उत्कृष्टता कायम राख्न सकेका छन्। यसले के देखाउँछ भने, पूर्व विद्यार्थीहरूको सक्रिय सहभागिताले शैक्षिक संस्थालाई नयाँ उचाइमा पुऱ्याउन सक्छ।

ओखलढुङ्गा क्याम्पसको सन्दर्भमा पनि पूर्व विद्यार्थीहरूको भूमिका उत्तिकै महत्वपूर्ण र निर्णायक छ। यस क्याम्पसले उत्पादन गरेका हजारौं पूर्व विद्यार्थीहरू आज देश तथा विदेशका विभिन्न क्षेत्रमा सफल र प्रतिष्ठित स्थानमा कार्यरत छन्। उनीहरूले आफ्नो व्यक्तिगत जीवनमा सफलता हासिल गरिरहँदा, आफ्नो मातृसंस्थालाई बिर्सनु हुँदैन। यस लेखको मुख्य उद्देश्य ओखलढुङ्गा क्याम्पसका पूर्व विद्यार्थीहरूको योगदानलाई उजागर गर्नुका साथै, क्याम्पसको भविष्य निर्माणमा उनीहरूको सक्रिय सहभागिताका लागि आह्वान गर्नु हो। हामीले कसरी सामूहिक प्रयासबाट यस क्याम्पसलाई अझ सुदृढ, आधुनिक र पूर्वी नेपालकै एक नमुना शैक्षिक संस्था बनाउन सक्छौं भन्ने विषयमा विस्तृत चर्चा गरिनेछ। यो लेख पूर्व स्ववियु सभापति दामोदर धमलाको मूल भावना र विचारमा आधारित रही, त्यसलाई थप विस्तार र विश्लेषण गर्दै तयार पारिएको छ, जसले पूर्व विद्यार्थीहरूलाई आफ्नो मातृसंस्थाप्रति थप जिम्मेवार र सक्रिय बनाउन प्रेरणा दिनेछ।

## २. पूर्व विद्यार्थीहरूको भूमिका: भविष्यको सेतु

कुनै पनि शैक्षिक संस्थाको जीवन्तता र प्रगतिको मापन त्यसका पूर्व विद्यार्थीहरूको सक्रियता र योगदानबाट पनि हुन्छ। पूर्व विद्यार्थीहरूले आफ्नो मातृसंस्थालाई केवल भावनात्मक रूपमा मात्र नभई, भौतिक र बौद्धिक रूपमा पनि सहयोग पुऱ्याउन सक्छन्। उनीहरूले आफ्नो अनुभव, ज्ञान, सीप र नेटवर्कलाई क्याम्पसको हितमा प्रयोग गरेर यसलाई अझ गतिशील र प्रभावशाली बनाउन सक्छन्। ओखलढुङ्गा क्याम्पसका पूर्व विद्यार्थीहरूका लागि पनि यस्तै संस्कार विकास गर्ने प्रशस्त सम्भावनाहरू छन्, जसले क्याम्पसलाई नयाँ उचाइमा पुऱ्याउन मद्दत गर्नेछ।

### २.१ विश्वव्यापी उदाहरण र प्रेरणा

विश्वका उत्कृष्ट विश्वविद्यालयहरूले आफ्नो सफलताको श्रेय आफ्ना पूर्व विद्यार्थीहरूको सशक्त नेटवर्कलाई दिने गर्छन्। University of Oxford र Harvard University जस्ता प्रतिष्ठित संस्थाहरू यसका ज्वलन्त उदाहरण हुन्। यी विश्वविद्यालयहरूले शताब्दियौंदेखि विश्वभरका नेता, वैज्ञानिक, कलाकार र विचारकहरू उत्पादन गर्दै आएका छन्। उनीहरूका पूर्व विद्यार्थीहरूले आफ्नो मातृसंस्थालाई विभिन्न माध्यमबाट सहयोग पुऱ्याउँदै आएका छन्, जसले गर्दा यी संस्थाहरूले विश्वव्यापी रूपमा आफ्नो उत्कृष्टता कायम राख्न सकेका छन्।

**छात्रवृत्ति कोष र अनुसन्धान अनुदान:**

अक्सफोर्ड र हार्वर्डका पूर्व विद्यार्थीहरूले ठूलो मात्रामा छात्रवृत्ति कोष स्थापना गरेका छन्, जसले गर्दा आर्थिक रूपमा कमजोर तर मेधावी विद्यार्थीहरूले पनि विश्वस्तरीय शिक्षा प्राप्त गर्न सक्छन्। यसका साथै, उनीहरूले विभिन्न अनुसन्धान परियोजनाहरूका लागि अनुदान प्रदान गर्छन्, जसले विश्वविद्यालयहरूलाई ज्ञानको सिर्जना र विस्तारमा महत्वपूर्ण भूमिका खेल्न सक्षम बनाउँछ। उदाहरणका लागि, हार्वर्ड विश्वविद्यालयले आफ्नो कोषको ठूलो हिस्सा पूर्व विद्यार्थीहरूबाट प्राप्त गर्छ, जसले गर्दा यसले विश्वकै उत्कृष्ट प्राध्यापकहरूलाई आकर्षित गर्न र अत्याधुनिक अनुसन्धान गर्न सक्छ।

**पूर्वाधार निर्माण र स्तरोन्नति:**

पूर्व विद्यार्थीहरूले विश्वविद्यालयहरूको भौतिक पूर्वाधार निर्माण र स्तरोन्नतिमा पनि महत्वपूर्ण योगदान दिन्छन्। नयाँ भवनहरू, पुस्तकालयहरू, प्रयोगशालाहरू र खेलकुद सुविधाहरूको निर्माणमा उनीहरूको आर्थिक सहयोग निर्णायक हुन्छ। यसले विद्यार्थीहरूलाई उत्कृष्ट शैक्षिक वातावरण प्रदान गर्न मद्दत गर्छ।

**नीति निर्माण र शैक्षिक सुधारमा सहभागिता:**

धेरै पूर्व विद्यार्थीहरू आफ्नो मातृसंस्थाको सञ्चालक समिति वा सल्लाहकार बोर्डमा रहेर नीति निर्माण र शैक्षिक सुधारका प्रक्रियामा सक्रिय भूमिका खेल्छन्। उनीहरूले आफ्नो व्यावसायिक अनुभव र ज्ञानलाई प्रयोग गरेर विश्वविद्यालयको पाठ्यक्रम, प्रशासनिक संरचना र रणनीतिक योजनाहरूलाई अझ प्रभावकारी बनाउन मद्दत गर्छन्।

यी विश्वव्यापी उदाहरणहरूले के देखाउँछन् भने, पूर्व विद्यार्थीहरूको सक्रिय सहभागिताले शैक्षिक संस्थालाई केवल आर्थिक रूपमा मात्र नभई, बौद्धिक र सामाजिक रूपमा पनि सुदृढ बनाउँछ। नेपालको सन्दर्भमा पनि यस्ता नेटवर्कको आवश्यकता र सम्भावना उत्तिकै छ। ओखलढुङ्गा क्याम्पसका पूर्व विद्यार्थीहरूले पनि यस्तै संस्कार विकास गर्न सक्छन्, जसले क्याम्पसलाई अझ गतिशील र प्रभावशाली बनाउन मद्दत गर्नेछ।

## २.२ ओखलढुङ्गा क्याम्पसका लागि विशिष्ट योगदानका क्षेत्रहरू:

ओखलढुङ्गा क्याम्पसका पूर्व विद्यार्थीहरूले आफ्नो मातृसंस्थाको विकासका लागि विभिन्न क्षेत्रमा विशिष्ट योगदान दिन सक्छन्। यी योगदानहरूले क्याम्पसलाई वर्तमान चुनौतीहरूको सामना गर्न र भविष्यका अवसरहरूलाई सदुपयोग गर्न सक्षम बनाउनेछ।

**क) छात्रवृत्ति कोष स्थापना:**

आर्थिक अभावका कारण धेरै मेधावी विद्यार्थीहरूले उच्च शिक्षाबाट वञ्चित हुनुपर्ने अवस्था अझै पनि हाम्रो समाजमा विद्यमान छ। ओखलढुङ्गा क्याम्पसका पूर्व विद्यार्थीहरूले छात्रवृत्ति कोष स्थापना गरेर यस्ता विद्यार्थीहरूलाई ठूलो सहयोग पुऱ्याउन सक्छन्। यो कोषले आर्थिक रूपमा विपन्न तर अध्ययनमा उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थीहरूलाई मासिक भत्ता, पाठ्यपुस्तक सहयोग वा शैक्षिक शुल्कमा छुट प्रदान गर्न सक्छ। यसबाट विद्यार्थीहरूलाई पढाइमा ध्यान केन्द्रित गर्न प्रोत्साहन मिल्नेछ र उनीहरूले आफ्नो शैक्षिक यात्रालाई निरन्तरता दिन सक्नेछन्। यस प्रकारको सहयोगले क्याम्पसको शैक्षिक गुणस्तर अभिवृद्धिमा पनि प्रत्यक्ष प्रभाव पार्नेछ, किनकि यसले उत्कृष्ट विद्यार्थीहरूलाई क्याम्पसमा आकर्षित गर्नेछ।

**ख) करियर परामर्श र मार्गदर्शन:**

आजको प्रतिस्पर्धी युगमा विद्यार्थीहरूलाई सही करियर मार्गदर्शनको आवश्यकता पर्छ। ओखलढुङ्गा क्याम्पसका पूर्व विद्यार्थीहरू, जो विभिन्न पेशागत क्षेत्रमा सफल छन्, उनीहरूले वर्तमान विद्यार्थीहरूलाई करियर परामर्श र मार्गदर्शन प्रदान गर्न सक्छन्। यसमा नियमित रूपमा करियर सेमिनार, कार्यशाला वा व्यक्तिगत परामर्श सत्रहरू आयोजना गर्न सकिन्छ। पूर्व विद्यार्थीहरूले आफ्नो अनुभव, चुनौती र सफलताका कथाहरू सुनाएर विद्यार्थीहरूलाई प्रेरणा दिन सक्छन्। यसका साथै, उनीहरूले विभिन्न पेशागत क्षेत्रहरूको बारेमा जानकारी प्रदान गरेर विद्यार्थीहरूलाई सही करियर मार्ग छनौट गर्न मद्दत गर्न सक्छन्। यसले विद्यार्थीहरूलाई भविष्यका लागि तयार पार्न र उनीहरूको आत्मविश्वास बढाउन महत्वपूर्ण भूमिका खेल्नेछ।

**ग) सीप तालिम र कार्यशाला:**

बजारको माग अनुसारका सीप विकास कार्यक्रमहरू आजको शिक्षाको अपरिहार्य अंग बनेका छन्। ओखलढुङ्गा क्याम्पसका पूर्व विद्यार्थीहरूले विभिन्न सीप तालिम र कार्यशालाहरू आयोजना गरेर विद्यार्थीहरूलाई रोजगारमूलक सीपहरू प्रदान गर्न सक्छन्। यसमा कम्प्युटर सीप, भाषा सीप, उद्यमशीलता तालिम, सफ्टवेयर विकास, डिजिटल मार्केटिङ वा अन्य प्राविधिक सीपहरू समावेश हुन सक्छन्। पूर्व विद्यार्थीहरूले आफ्नो विशेषज्ञताको क्षेत्रमा तालिम प्रदान गर्न सक्छन् वा सम्बन्धित विज्ञहरूलाई आमन्त्रित गर्न सक्छन्। यस्ता तालिमहरूले विद्यार्थीहरूलाई स्नातक गरेपछि तत्काल रोजगार पाउन वा आफ्नै व्यवसाय सुरु गर्न सक्षम बनाउनेछ। यसले क्याम्पसलाई सैद्धान्तिक ज्ञानका साथै व्यावहारिक सीप प्रदान गर्ने संस्थाको रूपमा स्थापित गर्न मद्दत गर्नेछ।

**घ) पुस्तक सहयोग र शैक्षिक सामग्रीः**

पुस्तकालय कुनै पनि शैक्षिक संस्थाको मुटु हो। ओखलढुङ्गा क्याम्पसको पुस्तकालयलाई अझ सुदृढ र समृद्ध बनाउन पूर्व विद्यार्थीहरूको सहयोग अपरिहार्य छ। उनीहरूले नयाँ पाठ्यपुस्तकहरू, सन्दर्भ सामग्रीहरू, जर्नलहरू र पत्रिकाहरू खरिद गर्न आर्थिक सहयोग गर्न सक्छन्। यसका साथै, उनीहरूले आफ्ना व्यक्तिगत पुस्तक संग्रहहरू दान गरेर पनि पुस्तकालयलाई समृद्ध बनाउन सक्छन्। शैक्षिक सामग्रीको उपलब्धताले विद्यार्थीहरूलाई गहिरो अध्ययन र अनुसन्धान गर्न प्रोत्साहन मिल्नेछ। यसले क्याम्पसको शैक्षिक वातावरणलाई अझ जीवन्त बनाउनेछ र विद्यार्थीहरूको ज्ञानको क्षितिजलाई फराकिलो बनाउन मद्दत गर्नेछ।

**ङ) डिजिटल पुस्तकालय र प्रविधिमैत्री वातावरणः**

आजको युग सूचना प्रविधिको युग हो। ओखलढुङ्गा क्याम्पसलाई डिजिटल र प्रविधिमैत्री बनाउन पूर्व विद्यार्थीहरूको भूमिका निर्णायक हुन सक्छ। उनीहरूले डिजिटल पुस्तकालय स्थापना गर्न, कम्प्युटर ल्याबहरू सुदृढ गर्न, इन्टरनेट पहुँच विस्तार गर्न र आधुनिक शैक्षिक सफ्टवेयरहरू उपलब्ध गराउन आर्थिक र प्राविधिक सहयोग गर्न सक्छन्। डिजिटल पुस्तकालयले विद्यार्थीहरूलाई विश्वभरका शैक्षिक स्रोतहरूमा पहुँच प्रदान गर्नेछ, जसले उनीहरूको अध्ययन र अनुसन्धानलाई अझ प्रभावकारी बनाउनेछ। प्रविधिमैत्री वातावरणले विद्यार्थीहरूलाई २१ औं शताब्दीका लागि आवश्यक सीपहरू विकास गर्न मद्दत गर्नेछ र उनीहरूलाई विश्वव्यापी प्रतिस्पर्धाका लागि तयार पार्नेछ।

**च) पूर्वाधार निर्माण र मर्मतसम्भारः**

क्याम्पसको भौतिक पूर्वाधारले शैक्षिक वातावरणमा महत्वपूर्ण प्रभाव पार्छ। पूर्व विद्यार्थीहरूले क्याम्पसका भवनहरू, कक्षाकोठाहरू, शौचालयहरू, खानेपानीको व्यवस्था र खेल मैदानहरूको निर्माण, मर्मतसम्भार र स्तरोन्नतिमा सहयोग गर्न सक्छन्। राम्रो भौतिक पूर्वाधारले विद्यार्थीहरूलाई स्वच्छ, सुरक्षित र प्रेरणादायी शैक्षिक वातावरण प्रदान गर्छ। यसले क्याम्पसको समग्र आकर्षण बढाउँछ र विद्यार्थीहरूलाई अध्ययनमा ध्यान केन्द्रित गर्न मद्दत गर्छ।

**छ) नीति निर्माण र शैक्षिक सुधारमा सहभागिताः**

पूर्व विद्यार्थीहरूले क्याम्पसको व्यवस्थापन समिति वा सल्लाहकार बोर्डमा रहेर नीति निर्माण र शैक्षिक सुधारका प्रक्रियामा सक्रिय भूमिका खेल्न सक्छन्। उनीहरूले आफ्नो व्यावसायिक अनुभव र ज्ञानलाई प्रयोग गरेर क्याम्पसको पाठ्यक्रम, प्रशासनिक संरचना र रणनीतिक योजनाहरूलाई अझ प्रभावकारी बनाउन मद्दत गर्न सक्छन्। उनीहरूले बजारको माग र विश्वव्यापी शैक्षिक प्रचलनहरूलाई

ध्यानमा राखेर क्याम्पसलाई नयाँ कार्यक्रमहरू सुरु गर्न वा अवस्थित कार्यक्रमहरूलाई सुधार गर्न सल्लाह दिन सक्छन्। यसले क्याम्पसलाई समयसापेक्ष र प्रतिस्पर्धी बनाउन महत्वपूर्ण भूमिका खेल्नेछ।

यी सबै क्षेत्रमा पूर्व विद्यार्थीहरूको सामूहिक प्रयासले ओखलढुङ्गा क्याम्पसलाई पूर्वी नेपालकै एक उत्कृष्ट शैक्षिक संस्थाको रूपमा स्थापित गर्न सकिन्छ। उनीहरूको योगदानले क्याम्पसलाई केवल भौतिक रूपमा मात्र नभई, शैक्षिक गुणस्तर, सामाजिक प्रभाव र प्राज्ञिक उत्कृष्टताको दृष्टिले पनि समृद्ध बनाउनेछ।

## ३. अन्तर्राष्ट्रिय उदाहरण: शिक्षा नै समृद्धिको आधार

शिक्षा कुनै पनि राष्ट्रको समग्र विकासको मेरुदण्ड हो। इतिहास साक्षी छ कि जुन राष्ट्रले शिक्षामा लगानी गऱ्यो, त्यसले आर्थिक, सामाजिक र प्राविधिक क्षेत्रमा अभूतपूर्व प्रगति हासिल गऱ्यो। शिक्षाले नागरिकहरूलाई सशक्त बनाउँछ, नवप्रवर्तनलाई प्रोत्साहन गर्छ र दिगो समृद्धिको मार्ग प्रशस्त गर्छ। विश्वका धेरै राष्ट्रहरूले शिक्षालाई आफ्नो विकासको प्रमुख आधार बनाएर कसरी कायापलट गरेका छन् भन्ने कुराका केही ज्वलन्त उदाहरणहरू यहाँ प्रस्तुत गरिएका छन्, जसबाट ओखलढुङ्गा क्याम्पस र समग्र नेपालले पनि महत्वपूर्ण पाठ सिक्न सक्छ।

### ३.१ जापानको शैक्षिक पुनर्जागरण: खरानीबाट उठेको राष्ट्र

दोस्रो विश्वयुद्धले जापानलाई पूर्ण रूपमा ध्वस्त पारेको थियो। हिरोसिमा र नागासाकीमा भएको आणविक बम हमलाले देशको भौतिक संरचना मात्र होइन, मनोबलसमेत क्षतविक्षत पारेको थियो। तर, जापानले हार मानेन। युद्धको विध्वंसपछि जापानले आफ्नो पुनरुत्थानको आधार शिक्षालाई बनायो। जापानी नेतृत्वले यो कुरा राम्ररी बुझेको थियो कि भौतिक संरचनाको पुनर्निर्माण गर्न सकिएला, तर राष्ट्रको वास्तविक शक्ति भनेको शिक्षित र अनुशासित नागरिक हुन्।

जापानले शिक्षामा व्यापक लगानी गऱ्यो। प्राथमिक शिक्षादेखि उच्च शिक्षासम्मको पाठ्यक्रमलाई आधुनिक बनाइयो। प्राविधिक र व्यावसायिक शिक्षामा विशेष जोड दिइयो, जसले गर्दा उद्योगहरूलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन हुन सक्यो। जापानी शिक्षा प्रणालीले केवल ज्ञान प्रदान गर्ने मात्र नभई, विद्यार्थीहरूमा अनुशासन, नैतिकता, सामूहिक भावना र राष्ट्रप्रेमको भावना पनि विकास गऱ्यो। विद्यालयहरूमा सरसफाइ, समयको पालना र एकअर्कालाई सहयोग गर्ने जस्ता कुराहरूलाई विशेष महत्व दिइयो।

यसका साथै, जापानले अनुसन्धान र प्रविधिमा पनि ठूलो लगानी गऱ्यो। विश्वविद्यालयहरूलाई अनुसन्धानका केन्द्रबिन्दु बनाइयो र उद्योगहरूसँग सहकार्य गरेर नयाँ प्रविधिहरूको विकास गरियो। यसको परिणाम स्वरूप, जापानले छोटो समयमै विश्वको एक प्रमुख आर्थिक र प्राविधिक शक्तिको रूपमा आफूलाई स्थापित गऱ्यो। आज जापानका कार, इलेक्ट्रोनिक्स र रोबोटिक्स उत्पादनहरू विश्वभरि प्रख्यात छन्। यो सबै शिक्षा, अनुशासन र प्रविधिमा गरिएको दूरगामी लगानीको प्रतिफल हो। जापानी पुनरुत्थानको कथाले के देखाउँछ भने, यदि कुनै राष्ट्रले शिक्षालाई प्राथमिकता दिन्छ भने, त्यसले जस्तोसुकै चुनौतीको सामना गरेर पनि समृद्धिको शिखरमा पुग्न सक्छ।

## ३.२ दक्षिण कोरियाको आर्थिक चमत्कारमा शिक्षाको भूमिका: सीप र प्रविधिको शक्ति

जापानजस्तै दक्षिण कोरिया पनि सन् १९५० को दशकमा भएको कोरियाली युद्धले तहसनहस भएको थियो। यो एक गरिब, कृषिप्रधान र प्राकृतिक स्रोतसाधनविहीन देश थियो। तर, आज दक्षिण कोरिया विश्वको एक विकसित र प्रविधिमा अग्रणी राष्ट्रको रूपमा चिनिन्छ। यसको पछाडि पनि शिक्षामा गरिएको रणनीतिक लगानी र दूरदृष्टिपूर्ण नीतिहरूको महत्वपूर्ण भूमिका छ।

दक्षिण कोरियाले आफ्नो विकासको सुरुवाती चरणदेखि नै मानव संसाधन विकासलाई उच्च प्राथमिकता दियो। सरकारले शिक्षामा ठूलो बजेट विनियोजन गऱ्यो र शिक्षालाई सबै नागरिकको पहुँचमा पुऱ्यायो। विशेषगरी, सीपमूलक र प्रविधिमूलक शिक्षामा जोड दिइयो। विश्वविद्यालयहरूलाई उद्योगको आवश्यकता अनुसारको पाठ्यक्रम विकास गर्न प्रोत्साहित गरियो। विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित (STEM) विषयहरूमा विद्यार्थीहरूलाई आकर्षित गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गरियो।

दक्षिण कोरियाली शिक्षा प्रणालीले विद्यार्थीहरूलाई केवल सैद्धान्तिक ज्ञान मात्र नभई, व्यावहारिक सीप र समस्या समाधान गर्ने क्षमता पनि विकास गऱ्यो। यसले गर्दा दक्ष र सिर्जनशील जनशक्ति उत्पादन भयो, जसले देशको औद्योगिक विकासमा महत्वपूर्ण योगदान पुऱ्यायो। सामसुङ, हुन्डाई, एलजी जस्ता विश्वव्यापी कम्पनीहरूको सफलताको पछाडि दक्षिण कोरियाको उत्कृष्ट शिक्षा प्रणाली र दक्ष जनशक्तिको ठूलो हात छ। उनीहरूले विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने उत्पादनहरू र सेवाहरू प्रदान गरेर आफ्नो स्थान बनाए।

Among the participants, 76.20% rated the canteen and urinals facility as "Satisfactory," suggestingafewerproportionofstudentsfeltthattherewasroomforimprovementinthis area.

## MAJOR FINDINGS, CONCLUSION AND RECOMMENDATION OF THE STUDY

### Major Findings of the Study

- Thereare53student'sgraduates,with22malesand31 females.
- Diversity varies across faculties, with the Management faculty predominantly represented by Brahmin/Chhetri graduates and the Humanities faculty exhibiting greater diversity.
- Thetracerstudycaptured21graduates, with13malesand8females.

- Notableproportionsoftracer’sstudentsareBA andBBSfacultyin 2023batch.
- In 2023, Education faculty 9.52 percent of tracer graduates opt for further study, indicating a commitment to academic advancement.
- Highestpercentageofemployedgraduates(85.71%)inM.Ed.,withsignifica nt unemployment (14.29%).
- Lower employment rate(50%)comparedtoBBSandB.ED.
- Mostlyratedpositively,withroomforslightimprovement(47.52%-52.62%) larated "Satisfactory").
- Mostlyratedpositively,withroomforslightimprovement(47.52%-52.62%rated "Good").
- CanteenandUrinalsFacility:Lowratedbyparticipants (76.20%).
- Focusonreducingeducationaldisadvantagesandenhancingethnicdiversity.
- Implementinitiativestoenhanceemployability,particularly nall faculty.
- Addressareaswithroomforimprovementinfacilitiesandservices,suchas libraries, and extracurricular activities.

**Conclusion of the Study:**

The tracer study conducted on the 2023 graduates of Okhaldhunga Campus (OC) has providedvaluableinsightsintotheacademicperformance,employmentstatus,andoverall satisfactionofthealumni.Despiteencounteringchallengesindatacollection,thestudyhas shedlightonvariousaspectsofgraduates'experiences,enablingtheinstitutiontoevaluate its programs' effectiveness and relevance.

Through the comprehensive analysis of the tracer study findings, it isevident that OC has made significant strides in providing quality education to its students. The campus's commitment to academic excellence, coupled with its focus on holistic development, has contributed to producing graduates who are well-prepared for the challenges of the professional world. The positive feedback received from participants regarding program

quality, faculty expertise, and overall satisfaction underscores OC's dedication to offering impactful educational experiences.

**Recommendation**

- StrengthenAlumni Engagement: Establishing a robust alumni network can facilitate ongoing communication and collaboration between the institution and its graduates. Bymaintaining officialrelationships with alumni, OC canleverage etheir experiences and feedback to continuously improve its programs and services.
- Enhance Employability Initiatives: Implementing initiatives aimed at enhancing students' employability skills, particularly in faculties with higher unemployment rates, can better prepare graduates for the job market. This may include internship opportunities, career counseling services, and industry-relevant curriculum updates.
- Address Facilities and Services: Addressing areas with room for improvement in facilities and services, such as libraries, labs, and extracurricular activities, can contribute to a more enriching educational experience for students. Investing in infrastructure upgrades and expanding resources can further support teaching and learning initiatives.
- Promote Diversity and Inclusion: Implementing initiatives to reduce educational disadvantages and enhance ethnic diversity can foster a more inclusive learning environment at OC. This may involve targeted recruitment efforts, scholarship programs, and culturally sensitive curriculum development.
- Continuous Program Evaluation: Continuously evaluating the relevance and effectiveness of OC's educational programs through regular tracer studies and feedbackmechanismsisessential.Thiswillenabletheinstitutiontoadapttoevolving marketdemandsandensurethatitsprogramsremaincontemporaryandadvantageous for students.

## ८. निष्कर्ष

सामुदायिक क्याम्पसहरू नेपालको उच्च शिक्षा प्रणालीका मेरुदण्ड हुन्, जसले भौगोलिक, आर्थिक र सामाजिक रूपमा पछाडि परेका समुदायका विद्यार्थीहरूलाई उच्च शिक्षाको अवसर प्रदान गर्दै आएका छन्। ओखलढुङ्गा क्याम्पसजस्ता संस्थाहरूले सीमित स्रोतसाधनका बाबजुद पनि यस क्षेत्रको शैक्षिक विकासमा अतुलनीय योगदान पुर्याएका छन्। तथापि, २१ औं शताब्दीको ज्ञानमा आधारित अर्थतन्त्रमा प्रतिस्पर्धी र दक्ष जनशक्ति उत्पादन गर्नका लागि शैक्षिक गुणस्तरमा निरन्तर सुधार अपरिहार्य छ। यस सन्दर्भमा, ट्रेसर स्टडी (स्नातक अनुगमन अध्ययन) एक शक्तिशाली र अपरिहार्य उपकरणका रूपमा स्थापित भएको छ।

ट्रेसर स्टडीले शैक्षिक संस्थाहरूलाई आफ्ना कार्यक्रमहरूको सान्दर्भिकता, प्रभावकारिता र गुणस्तरको वस्तुनिष्ठ मूल्याङ्कन गर्न मद्दत गर्दछ। यसले स्नातकहरूको रोजगारी स्थिति, उच्च शिक्षाको प्रवृत्ति, उद्यमशीलतामा उनीहरूको संलग्नता र उनीहरूले शैक्षिक जीवनमा प्राप्त गरेका सीप र ज्ञानको व्यावहारिक उपयोगिताका बारेमा महत्त्वपूर्ण जानकारी प्रदान गर्दछ। ओखलढुङ्गा क्याम्पसको सन्दर्भमा, ट्रेसर स्टडीले क्याम्पसलाई आफ्ना शैक्षिक कार्यक्रमहरूलाई बजारको मागसँग जोड्न, शिक्षण विधिमा सुधार ल्याउन, पूर्वाधार र स्रोतसाधनको प्रभावकारी उपयोग गर्न, र विद्यार्थीहरूलाई भविष्यका लागि अझ राम्रोसँग तयार पार्नका लागि ठोस आधार प्रदान गर्न सक्छ। यसले क्याम्पसको रणनीतिक योजना २०२४-२०२८ का लक्ष्यहरू प्राप्त गर्न र गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA) प्रक्रियालाई सफल बनाउन पनि निर्णायक भूमिका खेल्नेछ।

ट्रेसर स्टडी सञ्चालनमा तथ्याङ्क संकलनमा आउने कठिनाइ, वित्तीय र मानवीय स्रोतको अभाव, स्नातकहरूको सहभागिता सुनिश्चितता र प्राप्त तथ्याङ्कको विश्लेषण तथा कार्यान्वयनजस्ता चुनौतीहरू रहेका छन्। तर, अद्यावधिक अभिलेख प्रणालीको विकास, सामाजिक सञ्जाल र पूर्व विद्यार्थी संघको सक्रियता, बजेट विनियोजन, बाह्य सहयोगको खोजी, आन्तरिक जनशक्तिको उपयोग, प्रविधिको प्रयोग, जागरूकता कार्यक्रम र गोपनीयताको सुनिश्चितताजस्ता समाधानका उपायहरू अपनाएर यी चुनौतीहरूलाई सम्बोधन गर्न सकिन्छ।

अन्ततः, ट्रेसर स्टडीलाई एक निरन्तर प्रक्रियाको रूपमा अगाडि बढाउनु, सबै सरोकारवालाहरूको सक्रिय सहभागिता सुनिश्चित गर्नु, प्रविधिको अधिकतम उपयोग गर्नु र यसबाट प्राप्त निष्कर्षहरूलाई नीति निर्माण तथा कार्यान्वयनको अभिन्न अंग बनाउनु ओखलढुङ्गा क्याम्पसको शैक्षिक गुणस्तर यात्राका लागि अपरिहार्य छ। यसले क्याम्पसलाई केवल एक शैक्षिक संस्थाको रूपमा मात्र नभई यस क्षेत्रको सामाजिक-आर्थिक विकासको एक उत्प्रेरक शक्तिका रूपमा स्थापित गर्न मद्दत गर्नेछ, जसले गर्दा यसले २१ औं शताब्दीको आवश्यकताअनुसार सक्षम, प्रतिस्पर्धी र जिम्मेवार नागरिक उत्पादन

गर्न सक्नेछ। गुणस्तरीय शिक्षाको माध्यमबाट उज्ज्वल भविष्य निर्माण गर्ने ओखलढुङ्गा क्याम्पसको यात्रामा ट्रेसर स्टडी एक महत्त्वपूर्ण कोसेढुङ्गा साबित हुनेछ।

### सन्दर्भ सामग्रीहरू

Kailali. F. W. U. (n.d.). Tracer Study Report. Retrieved from https://kailali.fwu.edu.np/get_download_file/133.html

Manmohan Memorial Polytechnic. (2022, March 9). Tracer Study Report on Diploma programs of Manmohan Memorial Polytechnic. Retrieved from

https://url-shortener.me/EKZT

Okhaldhunga Campus. (n.d.). About Us. Retrieved from https://okhaldhungacampus.edu.np/about-us/

Okhaldhunga Campus. (n.d.). Research Report. Retrieved from https://okhaldhungacampus.edu.np/research-report/

Sariah, A. (2025). Bridging training and practice gap: A mixed methods tracer .... Retrieved from https://pmc.ncbi.nlm.nih.gov/articles/PMC12494258/

# ओखलढुङ्गा क्याम्पस: शैक्षिक उत्कृष्टता र सामुदायिक विकासको यात्रा



**प्रतिभा सैँजू**
प्रशासन कर्मचारी,
ओखलढुङ्गा क्याम्पस

## १. परिचय

ओखलढुङ्गा क्याम्पस, ओखलढुङ्गा जिल्लाको शैक्षिक उन्नयनमा महत्वपूर्ण भूमिका खेल्दै आएको एक प्रतिष्ठित शैक्षिक संस्था हो। यस क्याम्पसले स्थापनाकालदेखि नै गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको छ, जसले गर्दा यस क्षेत्रका हजारौं विद्यार्थीहरूले उच्च शिक्षा हासिल गर्ने अवसर पाएका छन्। यस लेखमा क्याम्पसको शैक्षिक अवस्था, सञ्चालित कार्यक्रमहरू, विद्यार्थी भर्ना तथा नतिजाको विश्लेषण, र शैक्षिक गुणस्तर सुधारका लागि गरिएका प्रयासहरूको विस्तृत विवरण प्रस्तुत गरिएको छ।

## २. शैक्षिक कार्यक्रम र संरचना

ओखलढुङ्गा क्याम्पसमा स्नातक तह र स्नातकोत्तर तहमा विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालित छन्। त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त यी कार्यक्रमहरूले विद्यार्थीहरूलाई विविध विषयहरूमा अध्ययन गर्ने अवसर प्रदान गर्दछन्।

**कार्यक्रमहरूको विवरण:**

| Level | Academic Program | Duration (years) | Affiliation Date | Teaching system (annual/ Semester) |
|---|---|---|---|---|
| Bachelors | B.Ed. | 4 | 2042/07/16 | Annual |
| | BBS | 4 | 2067/04/23 | Annual |
| | B.A. | 4 | 2070/09/23 | Annual |

| Level | Academic Program | Duration (years) | Affiliation Date | Teaching system (annual/ Semester) |
|---|---|---|---|---|
| Masters | M. Ed. | 2 | 2067/03/29 | Semesters |

क्याम्पसमा विभिन्न विभागहरू रहेका छन्, जसको नेतृत्व अनुभवी विभागीय प्रमुखहरूले गरिरहनुभएको छ।

**विभागीय प्रमुखहरूको विवरण:**

| SN | Department | Name of HoD |
|---|---|---|
| 1 | Education | Mr. Devendra Baniya |
| 2 | Humanities and Social Science | Mr. Choplal Dhamala |
| 3 | Management | Mr. Rabindra Kafle |

## ३. विद्यार्थी भर्ना र नतिजाको झलक

क्याम्पसको शैक्षिक सत्र २०८०/०८१ र २०८१/०८२ मा विद्यार्थी भर्नाको अवस्था र त्रिभुवन विश्वविद्यालयको परीक्षा नतिजाको विश्लेषणले क्याम्पसको शैक्षिक प्रगतिको चित्र प्रस्तुत गर्दछ।

**शैक्षिक सत्र २०८०/०८१ र २०८१/०८२ मा कार्यक्रम तथा लिङ्गअनुसार विद्यार्थी भर्ना:**

| Program | Academic Year 2080/081 | Academic Year 2081/082 |
|---|---|---|
| | M | F |
| B.Ed. | 55 | 154 |
| BA | 9 | 16 |
| BBS | 68 | 124 |
| M. Ed. | 9 | 14 |
| **Total** | **141** | **308** |

दिइएको तालिकाले २०८०/०८१ र २०८१/०८२ का दुई शैक्षिक वर्षमा कार्यक्रम तथा लिङ्गअनुसार भएको विद्यार्थी भर्नाको अवस्थालाई प्रस्तुत गर्दछ। समग्र रूपमा हेर्दा २०८०/०८१ मा कूल ४४९ विद्यार्थी रहेकामा २०८१/०८२ मा संख्या घटेर ४०१ पुगेको छ, जसले विद्यार्थी भर्नामा सामान्य कमी भएको देखाउँछ। दुवै वर्षमा महिला विद्यार्थीको संख्या तथा अनुपात पुरुषभन्दा धैरै उच्च रहेको पाइन्छ। यसले संस्थामा महिलाको सहभागिता निकै उच्च रहेको संकेत गर्दछ।

**जातिगत/समुदायगत विद्यार्थी भर्ना (कुल ४०१ विद्यार्थीमा आधारित):**

| S.N. | Cast/Ethnicity | Number of Students | Percentage |
|---|---|---|---|
| 1 | Dalit | 21 | 5 |
| 2 | Janajati | 187 | 47 |
| 3 | Madesi | 9 | 2 |
| 4 | Other | 184 | 46 |
| | **Total** | **401** | **100** |

दिइएको तालिकाले जनजाति र अन्य वर्गका विद्यार्थीहरूको उच्च भर्नादर देखाउँछ भने दलित र मधेसी समुदायको प्रतिनिधित्व अत्यन्त कम छ। यसले समावेशीता तथा पहुँचका हिसाबले केही समुदायहरू अझै पनि शिक्षामा पर्याप्त मात्रामा समावेश हुन नसकेका सङ्केत गर्दछ।

**शैक्षिक सत्र २०८१ को त्रिभुवन विश्वविद्यालय परीक्षा नतिजा:**

| Program | Exam Appeared | No. of Pass Students | Pass Percentage |
|---|---|---|---|
| B.A.-1st | 5 | 0 | 0 |
| B.A.-2nd | 3 | 2 | 67 |
| B.A.-3rd | 1 | 1 | 100 |
| B.A.-4th | 7 | 5 | 71 |
| B.Ed.-1st | 37 | 12 | 32 |
| B.Ed.-2nd | 26 | 4 | 15 |

| Program | Exam Appeared | No. of Pass Students | Pass Percentage |
|---|---|---|---|
| B.Ed.-3rd | 26 | 14 | 54 |
| B.Ed.-4th | 43 | 20 | 47 |
| BBS 1st | 40 | 10 | 25 |
| BBS 2nd | 30 | 13 | 43 |
| BBS 3rd | 39 | 13 | 33 |
| BBS 4th | 37 | 35 | 95 |
| M.Ed. 3rd | 5 | 3 | 60 |

दिइएको T.U. Exam Results का तथ्याङ्कहरूको समग्र रूपमा विश्लेषण गर्दा विभिन्न तहका कार्यक्रमहरूका नतिजामा उल्लेखनीय भिन्नता देखिन्छ। B.A. कार्यक्रममा तेस्रो र चौथो वर्षका नतिजा उत्कृष्ट रहेका छन्, जहाँ तेस्रो वर्षमा १०० प्रतिशत र चौथो वर्षमा ७१ प्रतिशत विद्यार्थीहरु उतीर्ण भएका छन्। B.Ed. कार्यक्रममा भने दोस्रो वर्षमा कमजोर नतिजा (१५%) देखिन्छ भने तेस्रो र चौथो वर्षमा क्रमशः ५४% र ४७% उतीर्णदर रहेको देखिन्छ। BBS कार्यक्रमको नतिजा हेर्दा चौथो वर्षमा सबैभन्दा बढी ९५% उतीर्णदर रहेको देखिन्छ। तर पहिलो वर्ष (२५%) र तेस्रो वर्ष (३१%) मा भने कमजोर उतीर्णदर रहेको देखिन्छ। M.Ed. तेस्रो सेमेष्टरमा ६०% उतीर्णदर रहेको छ।

## ४. गुणस्तर सुधारका पहलहरू

ओखलढुङ्गा क्याम्पसले शैक्षिक उत्कृष्टता र गुणस्तर सुनिश्चितताका लागि विभिन्न पहलहरू गर्दै आएको छ। यी पहलहरूलाई निम्न मुख्य क्षेत्रहरूमा विभाजन गर्न सकिन्छ:

### पाठ्यक्रम विकास र सुधारका प्रयासहरू

- त्रिभुवन विश्वविद्यालयद्वारा निर्धारित पाठ्यक्रमको नियमित समीक्षा र अद्यावधिक गर्ने कार्यमा सहभागिता जनाइएको छ।
- समसामयिक आवश्यकता अनुसार पाठ्यक्रमलाई रोजगारमुखी बनाउन व्यावहारिक सिपहरू समावेश गर्न पहल गरिएको छ।

- विद्यार्थीहरूमा आलोचनात्मक सोच (Critical Thinking) र समस्या समाधान (Problem Solving) क्षमता विकास गर्ने शिक्षण विधि अपनाइएको छ।
- शैक्षिक कार्यक्रमहरूको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डसँगको तालमेल जाँच गर्न प्रयास गरिएको छ।
- विभिन्न सङ्कायका पाठ्यक्रमहरूमा स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय आवश्यकता अनुसारको सन्तुलन कायम गरिएको छ।

**प्रविधि र डिजिटल सिकाइको प्रयोग**

- कक्षाकोठामा स्मार्ट बोर्ड र अन्य आधुनिक शिक्षण उपकरणहरूको प्रयोग बढाइएको छ।
- नियमित कक्षामा उपस्थित हुन नसक्ने विद्यार्थीहरूका लागि अनलाइन कक्षाहरू र डिजिटल स्रोतहरूको व्यवस्था गरिएको छ।
- ई-लाइब्रेरी (E-library) स्थापना गरी डिजिटल पुस्तक, जर्नल र शैक्षिक सामग्रीमा पहुँच सुनिश्चित गरिएको छ।
- क्याम्पसको कार्यालय व्यवस्थापन तथा शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विस्तार गरिएको छ।
- विद्यार्थी र प्राध्यापकहरूका लागि आधारभूत कम्प्युटर सिप र डिजिटल साक्षरता तालिम नियमित सञ्चालन गरिएको छ।

**व्यावहारिक तथा अनुसन्धान उन्मुख सिकाइ**

- सैद्धान्तिक ज्ञानलाई व्यावहारिक बनाउन इन्टर्नशिप (Internship) र क्षेत्र भ्रमण (Field Visit) कार्यलाई पाठ्यक्रमको अभिन्न अङ्ग बनाइएको छ।
- स्नातक र स्नातकोत्तर तहका विद्यार्थीहरूलाई अनिवार्य रूपमा लघु अनुसन्धान परियोजना (Mini-research Project) मा संलग्न गराइएको छ।
- शोध र अनुसन्धानका लागि स्रोतसाधन र परामर्श (Mentorship) उपलब्ध गराउने व्यवस्थालाई प्रभावकारी बनाइएको छ।
- स्थानीय व्यापारिक प्रतिष्ठान र सरकारी निकायहरूसँग समन्वय गरी रोजगारदाताहरूको आवश्यकता पहिचान गर्ने कार्यमा सहयोग गरिएको छ।

- विद्यार्थीहरूको समग्र (Holistic) विकासका लागि अतिरिक्त सिपमूलक र उद्यमशील कार्यक्रमहरू सञ्चालन गरिएको छ।

**शिक्षक र सरोकारवालाहरूको संलग्नता**

- प्राध्यापकहरूका लागि नियमित क्षमता अभिवृद्धि र नवीनतम शिक्षण विधि सम्बन्धी तालिमहरू प्रदान गर्ने गरिएको छ।
- पाठ्यक्रम सुधारका लागि विद्यार्थी, अभिभावक, पूर्व विद्यार्थी र स्थानीय समुदायसँग नियमित छलफल र प्रतिक्रिया सङ्कलन गर्ने गरिएको छ।
- क्याम्पसको चौतर्फी विकासका लागि विद्यार्थी, अभिभावक र समुदायसँग समन्वय गर्दै अघि बढाइएको छ।
- शिक्षकहरूलाई गुणस्तरीय शैक्षिक सामग्री निर्माण गर्न प्रोत्साहित गरिएको छ।

**भौतिक र शैक्षिक वातावरण सुधार**

- नयाँ १६ कोठे सुविधासम्पन्न क्याम्पस भवन निर्माणका लागि विश्वविद्यालय अनुदान आयोगसँग समन्वय गरिएको छ।
- पर्याप्त प्रयोगशाला, पुस्तकालय र खेलकुदका पूर्वाधारहरूको विकास गरिएको छ।
- शिक्षण सिकाइ वातावरणलाई विद्यार्थीमैत्री (Student-Friendly) बनाउन ध्यान दिइएको छ।
- शैक्षिक क्यालेन्डर र कार्यतालिकालाई कडाइका साथ पालना गर्ने तथा नियमितता सुनिश्चित गरिएको छ।
- क्याम्पसमा अध्ययनका लागि आउने विद्यार्थी संख्या वृद्धि गर्न नयाँ आकर्षक विषयहरू थप गर्न पहल गरिएको छ।

**प्रशासनिक र वित्तीय व्यवस्थापन**

- क्याम्पसको आर्थिक र शैक्षिक अवस्थाको डिजिटल अभिलेख (Digital Record) तयार गरिएको छ।

- विश्वविद्यालय अनुदान आयोग (UGC) लगायतका निकायहरूसँग सहकार्य गरी शैक्षिक गुणस्तर सुधारका परियोजनाहरू सञ्चालन गरिएको छ।
- छात्रवृत्ति (Scholarship) व्यवस्थापनलाई पारदर्शी र प्रभावकारी बनाइएको छ।
- क्याम्पसको व्यवस्थापकीय र शैक्षिक गुणस्तर सुधार गर्न वार्षिक प्रतिवेदनको मूल्याङ्कन गरी सुधारका क्षेत्रहरू पहिचान गर्ने गरिएको छ।
- पाठ्यक्रममा उल्लिखित आन्तरिक मूल्याङ्कन (Internal Assessment) प्रणालीलाई निष्पक्ष र प्रभावकारी बनाउँदै लगिएको छ।

## ५. सह-क्रियाकलाप र विद्यार्थी विकास

विद्यार्थीहरूको सर्वाङ्गीण विकासका लागि ओखलढुङ्गा क्याम्पसले विभिन्न पाठ्यबाह्य र सह-पाठ्यक्रमीय क्रियाकलापहरू सञ्चालन गर्दै आएको छ।

### शैक्षिक तथा बौद्धिक क्रियाकलापहरू

- **शैक्षिक भ्रमण (Field Visits/Excursions):** विषयसँग सम्बन्धित उद्योग, सरकारी निकाय, र ऐतिहासिक स्थलहरूको भ्रमण गरी व्यावहारिक ज्ञान प्रदान गरिएको छ।
- **वक्तृत्वकला, वादविवाद र निबन्ध प्रतियोगिता:** विद्यार्थीहरूको क्षमता, तार्किक विश्लेषण र लेखन सीप विकास गर्ने उद्देश्यले नियमित आयोजना गरिएको छ।
- **सेमिनार र कार्यशाला (Seminars & Workshops):** विषयविज्ञ तथा बाह्य प्रशिक्षकहरूलाई आमन्त्रण गरी पाठ्यक्रमसँग सम्बन्धित नवीनतम विषयहरूमा प्रस्तुति र छलफल गरिएको छ।
- **प्रस्तुतीकरण सीप तालिम (Presentation Skills Training):** विद्यार्थीहरूलाई प्रभावकारी प्रस्तुतीकरणका लागि आवश्यक प्राविधिक र भाषिक सीपहरूमा प्रशिक्षित गरिएको छ।
- **क्याम्पस जर्नल र भित्तेपत्रिका प्रकाशन:** विद्यार्थीहरूका लेख, कविता, र सिर्जनात्मक कार्यहरू प्रकाशन गरी उनीहरूको रचनात्मकतालाई प्रोत्साहन गरिएको छ।

### शारीरिक विकास

**वार्षिक खेलकुद कार्यक्रम (Annual Sports Meet):** भलिबल, ब्याडमिन्टन, एथलेटिक्स जस्ता खेलहरूको आयोजना गरी विद्यार्थीहरूलाई शारीरिक र मानसिक रूपमा सक्रिय गराइएको छ।

### सांस्कृतिक र सामाजिक क्रियाकलापहरू

- **सांस्कृतिक कार्यक्रम तथा दिवस:** समारोह, राष्ट्रिय दिवस, क्याम्पस स्थापना दिवस र प्रमुख चाडपर्वहरूमा विभिन्न सांस्कृतिक प्रस्तुतिहरू आयोजना गरिएको छ।
- **सामाजिक सेवा र स्वयम् सेवा (Community Service):** सरसफाइ कार्यक्रम, स्वास्थ्य सचेतना अभियान र शैक्षिक सामग्री वितरण जस्ता सामाजिक कार्यहरूमा विद्यार्थीहरूलाई संलग्न गराइएको छ।
- **नेतृत्व विकास र उद्यमशीलता तालिम:** विद्यार्थीहरूमा नेतृत्व क्षमता, टिमवर्क र भविष्यमा स्वरोजगार बन्नका लागि उद्यमशीलता सम्बन्धी सीप विकास गर्ने तालिम प्रदान गरिएको छ।

### विशेष समूह क्रियाकलापहरू

- वृक्षारोपण, फोहोर व्यवस्थापन र वातावरणीय सचेतनाका कार्यक्रमहरू आयोजना गरिएको छ।
- साहित्यिक गोष्ठी र काव्य वाचन कार्यक्रमका माध्यमबाट विद्यार्थीहरूलाई साहित्य सिर्जना र पठन संस्कृतिमा अभिप्रेरित गरिएको छ।
- पुस्तकालय प्रयोग प्रोत्साहन कार्यक्रम अन्तर्गत पुस्तकालयमा नियमित रूपमा पुस्तक समीक्षा गतिविधिहरू सञ्चालन गरिएको छ।
- प्रथम उपचार र विपद् व्यवस्थापन तालिम (First Aid & Disaster Management) मार्फत आकस्मिक अवस्थामा उपयोगी हुने आधारभूत सीपहरू विद्यार्थीहरूलाई सिकाइएको छ।

**निष्कर्ष**

ओखलढुङ्गा क्याम्पसले विगतका उपलब्धिहरूलाई आत्मसात गर्दै भविष्यमा अझै उत्कृष्ट शैक्षिक गन्तव्य बन्ने लक्ष्य राखेको छ। क्याम्पसले शैक्षिक गुणस्तर अभिवृद्धि, पूर्वाधार विकास, प्रविधिको अधिकतम प्रयोग, र विद्यार्थीहरूको सर्वाङ्गीण विकासमा निरन्तर ध्यान दिनेछ। यसका साथै, स्थानीय समुदायसँगको सहकार्यलाई अझ सुदृढ गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा समेत आफ्नो पहिचान बनाउने दिशामा क्याम्पस प्रतिबद्ध छ। ओखलढुङ्गा क्याम्पसले यस क्षेत्रको शैक्षिक, सामाजिक र आर्थिक विकासमा महत्वपूर्ण योगदान पुर्याउँदै जानेछ भन्ने विश्वास लिएको छ।

# क्याम्पसको वित्तीय व्यवस्थापन र दिगो विकासको आधार



दिपक सुवेडी
लेखापाल
ओखलढुङ्गा क्याम्पस,ओखलढुङ्गा

## विषय प्रवेश

उच्च शिक्षाको क्षेत्रमा क्याम्पसहरूले समाजको बौद्धिक, सामाजिक र आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेल्छन्। नेपालमा, सामुदायिक क्याम्पसहरूले विशेष गरी ग्रामीण र निम्न आय भएका विद्यार्थीहरूलाई सस्तो र पहुँचयोग्य उच्च शिक्षा प्रदान गर्दै आएका छन्। यद्यपि, यी शैक्षिक संस्थाहरूले आफ्नो सञ्चालन र दिगो विकासका लागि वित्तीय व्यवस्थापनमा विभिन्न चुनौतीहरूको सामना गरिरहेका छन्। प्रभावकारी वित्तीय व्यवस्थापनले मात्र क्याम्पसहरूको शैक्षिक गुणस्तर कायम राख्न र उनीहरूको दीर्घकालीन दिगोपन सुनिश्चित गर्न सक्छ। यस लेखले नेपालका क्याम्पसहरूको वित्तीय व्यवस्थापनका वर्तमान अवस्था, यसका चुनौतीहरू, अवसरहरू र दिगो विकासका लागि अपनाउनुपर्ने रणनीतिहरूको विस्तृत विश्लेषण गर्नेछ।

वित्तीय व्यवस्थापन केवल पैसाको हिसाब राख्नु मात्र होइन, यो उपलब्ध स्रोतहरूको कुशल परिचालन, पारदर्शिता, जवाफदेहिता र भविष्यको योजनासँग जोडिएको विषय हो। दिगो विकासको आधार नै सुदृढ आर्थिक अवस्था हो। जबसम्म एउटा शैक्षिक संस्था आर्थिक रूपमा आत्मनिर्भर र व्यवस्थित हुँदैन, तबसम्म उसले गुणस्तरीय शिक्षा र अनुसन्धानमा लगानी गर्न सक्दैन। त्यसैले, क्याम्पसको समग्र विकासका लागि वित्तीय व्यवस्थापनलाई मुख्य मेरुदण्डको रूपमा लिइनुपर्छ।

## नेपालमा उच्च शिक्षाको वित्तीय परिदृश्य

नेपालमा उच्च शिक्षाको वित्तीय परिदृश्य जटिल र बहुआयामिक छ। अधिकांश क्याम्पसहरू विद्यार्थी शुल्कमा अत्यधिक निर्भर छन्, जसले गर्दा विद्यार्थी भर्ना र ड्रपआउट दरमा हुने उतारचढावले उनीहरूको वित्तीय स्थिरतामा प्रत्यक्ष असर पार्छ । सरकारी अनुदान अपर्याप्त हुनु र निजी क्षेत्रको लगानी सीमित हुनुले पनि वित्तीय चुनौतीहरू बढाएको छ। विश्वविद्यालय अनुदान

आयोग (UGC) ले विभिन्न कार्यक्रमहरूका लागि वित्तीय सहयोग प्रदान गरे पनि, यो समग्र आवश्यकता पूरा गर्न पर्याप्त छैन।

नेपालका सामुदायिक क्याम्पसहरूको एउटा ठूलो हिस्सा स्थानीय समुदायको चन्दा र सहयोगबाट स्थापना भएका हुन्। तर, समयक्रमसँगै यी संस्थाहरूको सञ्चालन खर्च बढ्दै गएको छ भने चन्दा र सहयोगको मात्रा घट्दै गएको छ। यसले गर्दा धेरै क्याम्पसहरू अहिले गम्भीर आर्थिक संकटमा छन्। वित्तीय व्यवस्थापनमा सुधार, पारदर्शिता र जवाफदेहिताको कमीले पनि समस्याहरू सिर्जना गरेको छ । धेरै क्याम्पसहरूमा अझै पनि परम्परागत लेखा प्रणाली प्रयोग भइरहेको छ, जसले गर्दा वित्तीय डेटाको सही विश्लेषण र भविष्यको योजना बनाउन कठिन भएको छ।

## वित्तीय व्यवस्थापनका प्रमुख सिद्धान्तहरू र आयामहरू

कुनै पनि संस्थाको दिगो सञ्चालनका लागि सुदृढ वित्तीय व्यवस्थापन अपरिहार्य हुन्छ। क्याम्पसहरूको सन्दर्भमा, यसमा बजेट निर्माण, स्रोत परिचालन, खर्च नियन्त्रण, आन्तरिक लेखापरीक्षण, र वित्तीय प्रतिवेदन समावेश हुन्छ।

### बजेट निर्माण र कार्यान्वयन

वैज्ञानिक र यथार्थपरक बजेट निर्माण वित्तीय व्यवस्थापनको पहिलो खुड्किलो हो। यसले क्याम्पसको आय र व्ययको अनुमान गर्छ र स्रोतहरूको कुशल बाँडफाँड सुनिश्चित गर्छ। बजेट निर्माण गर्दा क्याम्पसको रणनीतिक योजनासँग तालमेल मिलाउनुपर्छ। केवल प्रशासनिक खर्चका लागि मात्र नभई, शैक्षिक गुणस्तर सुधार, अनुसन्धान, र पूर्वाधार विकासका लागि पनि बजेट विनियोजन गरिनुपर्छ। बजेट कार्यान्वयनमा पारदर्शिता र जवाफदेहिता हुनुपर्छ, र नियमित रूपमा बजेटको समीक्षा गरिनुपर्छ।

### स्रोत परिचालन र विविधीकरण

विद्यार्थी शुल्कमा मात्र निर्भर रहनुको सट्टा, क्याम्पसहरूले आयका स्रोतहरू विविधीकरण गर्नुपर्छ। यसमा अनुसन्धान अनुदान, परामर्श सेवा, व्यावसायिक तालिम, पूर्व विद्यार्थी संघको सहयोग, र स्थानीय सरकार तथा उद्योगहरूसँगको साझेदारी समावेश हुन सक्छ [1]। स्रोत परिचालन गर्दा क्याम्पसको स्वायत्तता र शैक्षिक मूल्यमान्यतामा आँच नआउने गरी व्यावसायिक गतिविधिहरू सञ्चालन गरिनुपर्छ।

### खर्च नियन्त्रण र वित्तीय दक्षता

अनावश्यक खर्च कटौती गरी स्रोतहरूको अधिकतम उपयोग गर्नु वित्तीय दक्षताको महत्वपूर्ण पक्ष हो। यसमा ऊर्जा दक्षता, प्रविधिको प्रयोग, र प्रशासनिक खर्चमा नियन्त्रण जस्ता उपायहरू अपनाउन सकिन्छ। खर्च गर्दा 'भ्यालु फर मनी' (Value for Money) को सिद्धान्त अपनाउनुपर्छ। अर्थात्, प्रत्येक रुपैयाँ खर्च गर्दा त्यसले क्याम्पसको उद्देश्य प्राप्तिमा कति योगदान पुऱ्याउँछ भन्ने कुराको विश्लेषण गरिनुपर्छ।

### आन्तरिक नियन्त्रण र लेखापरीक्षण

वित्तीय अनियमितता रोक्न र पारदर्शिता कायम राख्न आन्तरिक नियन्त्रण प्रणाली र नियमित लेखापरीक्षण आवश्यक हुन्छ। यसले वित्तीय प्रतिवेदनहरूको विश्वसनीयता पनि बढाउँछ। आन्तरिक लेखापरीक्षणले केवल गल्तीहरू मात्र औंल्याउँदैन, यसले वित्तीय प्रणालीमा सुधारका लागि सुझावहरू पनि प्रदान गर्छ।

## वित्तीय दिगोपनका चुनौतीहरू: एक गहन विश्लेषण

नेपालका क्याम्पसहरूले वित्तीय दिगोपन हासिल गर्न विभिन्न आन्तरिक र बाह्य चुनौतीहरूको सामना गरिरहेका छन्। यी चुनौतीहरूले शैक्षिक गुणस्तर र संस्थाको दीर्घकालीन अस्तित्वमा नकारात्मक प्रभाव पार्न सक्छन्।

### सीमित राजस्व आधार र शुल्कमा निर्भरता

अधिकांश क्याम्पसहरू विद्यार्थी शुल्कमा ८० देखि ९० प्रतिशतसम्म निर्भर छन्। यसले गर्दा विद्यार्थी भर्ना दरमा आउने सामान्य कमीले पनि क्याम्पसको सञ्चालनमा ठूलो असर पार्छ । राजस्वका अन्य स्रोतहरू जस्तै अनुसन्धान अनुदान, परामर्श सेवा, र परोपकारी दानहरू पर्याप्त मात्रामा परिचालन हुन सकेका छैनन्। धेरै क्याम्पसहरूमा व्यावसायिक सोचको कमी छ, जसले गर्दा उपलब्ध स्रोतहरूको व्यावसायिक उपयोग हुन सकेको छैन।

### सरकारी अनुदानको अपर्याप्तता र वितरण प्रणाली

नेपाल सरकारले शिक्षा क्षेत्रमा गर्ने लगानी कुल गार्हस्थ्य उत्पादन (GDP) को तुलनामा कम छ, जसले गर्दा उच्च शिक्षाका लागि उपलब्ध सरकारी अनुदान अपर्याप्त हुन्छ । साथै, अनुदान वितरण प्रणाली पनि सधैं पारदर्शी र आवश्यकतामा आधारित हुँदैन। कतिपय अवस्थामा राजनीतिक पहुँचका आधारमा अनुदान वितरण हुने गरेको गुनासो पनि सुनिन्छ।

यसले गर्दा वास्तविक आवश्यकता भएका क्याम्पसहरूले पर्याप्त सहयोग पाउन सकेका छैनन्।

**विद्यार्थी ड्रपआउट दर र वैदेशिक पलायन**

नेपाली विद्यार्थीहरूको वैदेशिक पलायनको लहरले क्याम्पसहरूको वित्तीय स्थिरतामा ठूलो चुनौती थपेको छ। धेरै विद्यार्थीहरू कक्षा १२ पछि विदेश जाने गरेका छन्, जसले गर्दा क्याम्पसहरूमा विद्यार्थी संख्या घट्दै गएको छ। विद्यार्थीहरूको उच्च ड्रपआउट दरले पनि क्याम्पसहरूको आयमा कमी ल्याउँछ। यसले दीर्घकालीन वित्तीय प्रक्षेपण गर्न र स्रोतहरू प्रभावकारी रूपमा बाँडफाँड गर्न चुनौती थप्छ ।

**कमजोर पूर्वाधार र प्रविधिको अभाव**

धेरै सामुदायिक क्याम्पसहरूमा आधुनिक शैक्षिक पूर्वाधार, प्रयोगशाला, र प्रविधिको अभाव छ। २१ औं शताब्दीको शिक्षाका लागि आवश्यक पर्ने डिजिटल पूर्वाधार निर्माण गर्न ठूलो लगानी आवश्यक पर्छ। सीमित वित्तीय स्रोत भएका क्याम्पसहरूका लागि यो एक ठूलो चुनौती हो। पूर्वाधारको अभावले गर्दा क्याम्पसहरूले नयाँ र बजारमुखी कार्यक्रमहरू सञ्चालन गर्न सकेका छैनन्।

**मानव संसाधन व्यवस्थापन र वित्तीय भार**

योग्य र अनुभवी प्राध्यापक तथा कर्मचारीहरूको अभाव र उनीहरूलाई आकर्षित गर्न तथा टिकाउनका लागि आवश्यक वित्तीय स्रोतको कमी पनि एक प्रमुख चुनौती हो। धेरै क्याम्पसहरूमा शिक्षक र कर्मचारीहरूको तलब र सुविधाहरूमा नै ठूलो हिस्सा खर्च हुन्छ, जसले गर्दा विकासका अन्य कार्यहरूका लागि बजेट पुग्दैन। मानव संसाधनको उचित व्यवस्थापन र उनीहरूको क्षमता विकासमा लगानी गर्न नसक्दा शैक्षिक गुणस्तरमा ह्रास आउने जोखिम रहन्छ ।

**दिगो विकासका लागि रणनीतिहरू: मार्गचित्र**

वित्तीय दिगोपन हासिल गर्न र शैक्षिक संस्थाको दिगो विकास सुनिश्चित गर्न क्याम्पसहरूले बहुआयामिक रणनीतिहरू अपनाउनुपर्छ।

**राजस्वका स्रोतहरूको विविधीकरण र व्यावसायिकता**

क्याम्पसहरूले विद्यार्थी शुल्कमाथिको निर्भरता घटाउन राजस्वका वैकल्पिक स्रोतहरू खोज्नुपर्छ।

**अनुसन्धान र परामर्श सेवा:**

प्राध्यापकहरूलाई अनुसन्धान परियोजनाहरूमा संलग्न गराएर र उद्योग तथा सरकारी निकायहरूलाई परामर्श सेवा प्रदान गरेर आय आर्जन गर्न सकिन्छ। यसले क्याम्पसको प्रतिष्ठा पनि बढाउँछ।

**व्यावसायिक तालिम र सर्टिफिकेसन कोर्स:**

बजारको माग अनुसारका छोटो अवधिका व्यावसायिक तालिम र सर्टिफिकेसन कोर्सहरू सञ्चालन गरेर अतिरिक्त आय जुटाउन सकिन्छ।

**पूर्व विद्यार्थी संघ (Alumni) को परिचालन:**

पूर्व विद्यार्थीहरू क्याम्पसका ठूला सम्पत्ति हुन्। उनीहरूलाई क्याम्पसको विकासमा योगदान गर्न प्रोत्साहित गर्ने, चन्दा संकलन गर्ने र उनीहरूको सञ्जाललाई उपयोग गर्ने।

**स्थानीय सरकार र उद्योगहरूसँग साझेदारी:**

स्थानीय सरकार र उद्योगहरूसँग सहकार्य गरी परियोजनाहरू सञ्चालन गर्ने, इन्टर्नशिपका अवसरहरू सिर्जना गर्ने र वित्तीय सहयोग जुटाउने ।

**भौतिक पूर्वाधारको व्यावसायिक उपयोग:**

क्याम्पसका खाली रहेका भवन, हल वा खेल मैदानहरूलाई शैक्षिक मूल्यमान्यतामा आँच नआउने गरी भाडामा दिएर आय आर्जन गर्ने।

**आन्तरिक दक्षता र संसाधनको अधिकतम उपयोग**

खर्च नियन्त्रण र स्रोतहरूको कुशल उपयोगले वित्तीय दिगोपनमा महत्वपूर्ण योगदान पुर्‍याउँछ।

**ऊर्जा र संसाधन दक्षता:**

ऊर्जा खपत घटाउनका लागि सौर्य ऊर्जाको प्रयोग र ऊर्जा कुशल उपकरणहरूको स्थापना गर्ने। कागजविहीन कार्यालयको अवधारणा अपनाउने।

**प्रविधिको प्रयोग:**

प्रशासनिक कार्यहरूलाई स्वचालित बनाउन प्रविधिको प्रयोग गर्ने। यसले प्रशासनिक खर्च घटाउनुका साथै कार्यसम्पादनमा सुधार ल्याउँछ।

**संसाधनको साझेदारी:**

नजिकैका अन्य शैक्षिक संस्थाहरूसँग प्रयोगशाला, पुस्तकालय र अन्य स्रोतहरू साझा गरेर लागत घटाउन सकिन्छ।

**विद्यार्थी सहायता र टिकाउ कार्यक्रम (Retention Program)**

विद्यार्थी ड्रपआउट दर घटाउन र भर्ना संख्या स्थिर राख्नका लागि प्रभावकारी विद्यार्थी सहायता कार्यक्रमहरू आवश्यक छन्।

**छात्रवृत्ति र वित्तीय सहायता:**

आर्थिक रूपमा कमजोर तर जेहेन्दार विद्यार्थीहरूलाई छात्रवृत्ति र वित्तीय सहायता प्रदान गर्ने । यसले क्याम्पसको सामाजिक उत्तरदायित्व पनि पूरा गर्छ।

**शैक्षिक परामर्श र करियर मार्गदर्शन:**

विद्यार्थीहरूलाई शैक्षिक र करियर सम्बन्धी परामर्श प्रदान गरेर उनीहरूको शैक्षिक यात्रालाई सहज बनाउने।

**गुणस्तरीय र बजारमुखी शिक्षा:**

बजारको माग अनुसारका नयाँ कार्यक्रमहरू सञ्चालन गरेर विद्यार्थीहरूलाई आकर्षित गर्ने।

**सुदृढ वित्तीय व्यवस्थापन र पारदर्शिता**

आधुनिक र पारदर्शी वित्तीय व्यवस्थापन प्रणालीले क्याम्पसको वित्तीय स्वास्थ्यलाई सुदृढ बनाउँछ।

**डिजिटलाइजेशन:**

लेखा प्रणालीलाई पूर्ण रूपमा डिजिटल बनाउने। यसले वित्तीय डेटाको सही विश्लेषण गर्न मद्दत गर्छ।

**नियमित लेखापरीक्षण र सार्वजनिक सुनुवाइ:**

वित्तीय पारदर्शिताका लागि नियमित लेखापरीक्षण र सार्वजनिक सुनुवाइ गर्ने। यसले सरोकारवालाहरूको विश्वास बढाउँछ।

**क्षमता विकास:**

वित्तीय व्यवस्थापनमा संलग्न कर्मचारीहरूलाई नियमित तालिम प्रदान गर्ने।

**वित्तीय व्यवस्थापनमा प्रविधिको भूमिका**

आधुनिक युगमा प्रविधिले वित्तीय व्यवस्थापनलाई अझ प्रभावकारी र पारदर्शी बनाउन महत्वपूर्ण भूमिका खेल्छ। क्याम्पसहरूले आफ्नो वित्तीय प्रक्रियाहरूलाई सुदृढ गर्न विभिन्न प्रविधिहरू अपनाउन सक्छन्।

**एकीकृत वित्तीय व्यवस्थापन प्रणाली (IFMS)**

IFMS ले क्याम्पसको बजेट, लेखा, खरीद, पेरोल र सम्पत्ति व्यवस्थापन जस्ता सबै वित्तीय कार्यहरूलाई एकै ठाउँमा एकीकृत गर्छ। यसले वित्तीय डेटाको सही र समयमै उपलब्धता सुनिश्चित गर्छ, जसले निर्णय प्रक्रियालाई सहज बनाउँछ र मानवीय त्रुटिहरूलाई कम गर्छ। IFMS को प्रयोगले वित्तीय प्रतिवेदनहरू तयार पार्न लाग्ने समय घटाउँछ र पारदर्शिता बढाउँछ।

**डिजिटल भुक्तानी र क्लाउड कम्प्युटिङ**

विद्यार्थी शुल्क र अन्य भुक्तानीहरूका लागि डिजिटल भुक्तानी प्रणालीको प्रयोगले नगद कारोबारको झन्झट कम गर्छ। क्लाउड-आधारित लेखा सफ्टवेयरको प्रयोगले क्याम्पसहरूलाई आफ्नो वित्तीय डेटा सुरक्षित रूपमा भण्डारण गर्न र जुनसुकै स्थानबाट पनि पहुँच गर्न सक्षम बनाउँछ। यसले डेटा सुरक्षा बढाउँछ र भौतिक कागजातहरूको आवश्यकता घटाउँछ।

**डेटा विश्लेषण र रणनीतिक निर्णय**

वित्तीय डेटाको विश्लेषण गर्न र विस्तृत रिपोर्टहरू तयार पार्नका लागि विशेष सफ्टवेयर र उपकरणहरूको प्रयोग गर्न सकिन्छ। यसले क्याम्पस व्यवस्थापनलाई वित्तीय प्रवृत्तिहरू बुझ्न, सम्भावित जोखिमहरू पहिचान गर्न र भविष्यका लागि रणनीतिक निर्णयहरू लिन मद्दत गर्छ। उदाहरणका लागि, विद्यार्थी भर्ना दर र खर्चको ढाँचाको विश्लेषणले वित्तीय योजनालाई अझ यथार्थपरक बनाउन सक्छ।

## दिगो विकासका लागि सरोकारवालाहरूको भूमिका

क्याम्पसको दिगो विकासका लागि केवल व्यवस्थापन मात्र होइन, सबै सरोकारवालाहरूको भूमिका महत्वपूर्ण हुन्छ।

**सरकार र नीति निर्माता:** उच्च शिक्षामा लगानी बढाउने र क्याम्पसहरूको स्वायत्तता र दिगोपनका लागि अनुकूल नीतिहरू निर्माण गर्ने।

**विश्वविद्यालय अनुदान आयोग (UGC):** अनुदान वितरणलाई अझ पारदर्शी र कार्यसम्पादनमा आधारित बनाउने। क्याम्पसहरूको क्षमता विकासमा सहयोग गर्ने।

**क्याम्पस व्यवस्थापन र नेतृत्व:** दूरदर्शी नेतृत्व र व्यावसायिक व्यवस्थापन कौशल प्रदर्शन गर्ने। वित्तीय पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्ने।

**प्राध्यापक र कर्मचारी:** गुणस्तरीय शिक्षा र अनुसन्धानमा योगदान पुऱ्याउने। क्याम्पसको स्रोत परिचालनमा सक्रिय भूमिका खेल्ने।

**विद्यार्थी र अभिभावक:** क्याम्पसको विकासमा रचनात्मक सुझाव र सहयोग प्रदान गर्ने।

**स्थानीय समुदाय र निजी क्षेत्र:** क्याम्पसलाई आफ्नो सम्पत्तिको रूपमा लिएर सहयोग र साझेदारी गर्ने।

## ओखलढुङ्गा क्याम्पसको २०८१/०८२ को आयव्याय

क्याम्पसको आ.व. २०८१।०८२ को आय-व्यय विवरण देहायअनुसार रहेको छ ।

| सि. नं. | आय विवरण | रकम रु. | सि. नं. | व्यय विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | बैंक ब्याज १२०८ | 6614.16 | 1 | तलब भत्ता | 5592033.00 | |
| 2 | रा.वा.बैंक Current call Account ११०६ब्याज | 49007.44 | 2 | बैठक भत्ता | 0.00 | |
| 3 | रा.वा. बैंक बचत ६३०४ ब्याज | 0.00 | 3 | तालीम | 0.00 | |
| 4 | एभरेष्ट बैंक 07100701200025 | 125615.44 | 4 | मसलन्द | 203570.00 | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ब्याज | | | | | |
| 5 | भर्ना शुल्क | 1066400.00 | 5 | छपाईफ्लेक्स प्रिन्ट | 32750.00 | |
| 6 | मासिक शुल्क | 4171500.00 | 6 | टेलिफोन | 0.00 | |
| 7 | परीक्षा केन्द्र | 11400.00 | 7 | इन्टरनेट | 46000.00 | |
| 8 | रजिष्ट्रेशन शुल्क | 56000.00 | 8 | छात्रवृत्ति | 0.00 | |
| 9 | परीक्षा शुल्क | 2129250.00 | 9 | पेटी क्यास | 0.00 | |
| 10 | विश्व विद्यालय शुल्क | 135900.00 | 10 | मेशिनरी | 1862153.88 | |
| 11 | प्रयोगात्मक शुल्क | 358075.00 | 11 | भवन नक्सा | 0.00 | |
| 12 | अभ्यास शिक्षण शुल्क | 293500.00 | 12 | भवननिर्माण | 5061570.40 | |
| 13 | स्व.वि.यू शुल्क | 23400.00 | 13 | पुस्तकालय निर्माण | 0.00 | |
| 14 | भौतिक पूर्वाधार | 0.00 | 14 | मेसीनरी वालनिर्माण | 0.00 | |
| 15 | जरीवाना | 0.00 | 15 | फर्नीचर | 372759.00 | |
| 16 | विविध | 716820.00 | 16 | शैक्षिक भ्रपण | 0.00 | |
| 17 | प्रवेश परीक्षा शुल्क | 0.00 | 17 | टि.ए.डि.ए. | 192750.00 | |
| 18 | थेसिस | 70000.00 | 18 | पुस्तक खरिद | 220445.00 | |
| 19 | चारीत्रिक प्रमाण पत्र शुल्क | 351500.00 | 19 | पत्र पत्रिका | 0.00 | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 20 | कोठा भाडा | 0.00 | 20 | परीक्षा फर्म | 1152975.00 | |
| 21 | कोटेशन शुल्क | 30000.00 | 21 | परीक्षा संचालन | 524230.00 | |
| 22 | विश्वविद्यालय अनुदान (नियमित) | 2192760.00 | 22 | प्रयोगात्मक | 78350.00 | |
| 23 | विश्वविद्यालय अनुदान (भवन) | 1587910.36 | 23 | अभ्यास शिक्षण शुल्क | 15500.00 | |
| 24 | विश्वविद्यालय अनुदान - Equity Grants_ | 0.00 | 24 | सेवा शुल्क | 112500.00 | |
| 25 | विश्वविद्यालय अनुदान - EPBF_ | 344000.00 | 25 | विज्ञापन | 24300.00 | |
| 26 | विश्वविद्यालय अनुदान (फर्निचर) | 700000.00 | 26 | उत्सव समारोहसरस्वती पूजा | 7010.00 | |
| 27 | परीक्षा संचालन | 416795.50 | 27 | आन्तरिक पर्यवेक्षण | 0.00 | |
| 28 | सिद्दिचरण नगरपालीका अनुदान | 374910.00 | 28 | वाह्यपर्यवेक्षण | 302600.00 | |
| 29 | प्रदेश सरकार अनुदान | 0.00 | 29 | लेखा परीक्षणखर्च | 30000.00 | |
| 30 | धरौटी जम्मा | 0.00 | 30 | अतिथि सत्कार | 245301.00 | |
| | | | 31 | पब्लिक क्याम्पस नविकरण | 5500.00 | |
| | | | 32 | सम्वन्धन शुल्क | 5000.00 | |
| | | | 33 | अक्षय कोष | 0.00 | |
| | | | 34 | रङ रोकन | 94574.00 | |
| | | | 35 | पानी | 9400.00 | |
| | | | 36 | विद्युत | 28585.8 | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | 5 | |
| | | | 37 | मर्मत संभार | 99925.00 | |
| | | | 38 | ओभर टायम | 34600.00 | |
| | | | 39 | अनुसन्धान | 110000.00 | |
| | | | 40 | अफिस सामान | 217010.00 | |
| | | | 41 | स्व.वि.यू | 0.00 | |
| | | | 42 | रजिष्टेशन | 52450.00 | |
| | | | 43 | वि.वि अनुदानफिर्ता | 330616.96 | |
| | | | 44 | आर्थिक सहयोग | 27500.00 | |
| | | | 45 | धरौटि फिर्ता | 265000.00 | |
| | | | 46 | क्यु.ए.ए. | 198020.00 | |
| | | | 47 | इ.पी.बि.एफ. | 104564.00 | |
| | | | 48 | इक्विटि ग्रान्टस् | 459847.00 | |
| | | | 49 | डिजिटाइजेशन | 10000.00 | |
| | | | 50 | वेभ साइटनिर्माण | 0.00 | |
| | | | 51 | सफ्टवेयरखरिद | 352000.00 | |
| | | | 52 | इ–रिसोर्सेज | 17500.00 | |
| | | | 53 | जरनल प्रकाशन | 33000.0 | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | 0 | |
| | | | 54 | अतिरिक्त कृयाकलाप | 34900.0 0 | |
| | | | 55 | खेलकुद | 67969.5 0 | |
| | | | 56 | विविध | 124057. 02 | |
| | | | | **जम्मा खर्च** | **187588 16.61** | |
| | | | | | **- 354745 8.71** | |
| | **कुल जम्मा आम्दानी** | **152113 57.90** | | **जम्मा** | **152113 57.90** | |

**निष्कर्ष**

क्याम्पसको वित्तीय व्यवस्थापन र दिगो विकास एक अर्काका परिपूरक हुन्। नेपालका क्याम्पसहरूले शैक्षिक गुणस्तर कायम राख्दै दीर्घकालीन रूपमा सञ्चालन हुनका लागि सुदृढ वित्तीय व्यवस्थापन प्रणाली अपनाउनु अपरिहार्य छ। विद्यार्थी शुल्कमाथिको अत्यधिक निर्भरता घटाउँदै राजस्वका स्रोतहरू विविधीकरण गर्नु, आन्तरिक दक्षतामा सुधार ल्याउनु, र प्रविधिको अधिकतम उपयोग गर्नु आजको आवश्यकता हो।

प्रभावकारी वित्तीय व्यवस्थापनले क्याम्पसहरूलाई आर्थिक रूपमा मात्र बलियो बनाउँदैन, यसले शैक्षिक कार्यक्रमहरूको गुणस्तर अभिवृद्धि गर्न, पूर्वाधार विकास गर्न, र योग्य मानव संसाधन आकर्षित गर्न पनि मद्दत गर्छ। अन्ततः, सुदृढ वित्तीय व्यवस्थापनले क्याम्पसहरूलाई राष्ट्रको समग्र दिगो विकासमा अझ प्रभावकारी रूपमा योगदान पुऱ्याउन सक्षम बनाउँछ। यसका लागि ओखलढुङ्गा क्याम्पसले क्याम्पस व्यवस्थापन, नीति निर्माताहरू,र सम्पूर्ण सरोकारवालाहरूको सामूहिक प्रयास, प्रतिबद्धता र व्यावसायिक सोच राखी अघि बढ्नु आवश्यक देखिन्छ।

## सन्दर्भहरू

Acharya, B. (2025). Financial Sustainability: Challenges and Opportunities for Community Campuses in Nepal. *Myagdi Guru*, *8*, 65–79. https://www.nepjol.info/index.php/mg/article/view/84192

Acharya, K. P. (2023). Financing Higher Education in Nepal: Issues and Challenges. https://www.researchgate.net/publication/370341148_Financing_Higher_Education_in_Nepal_Issues_and_Challenges

# सामुदायिक क्याम्पसको दिगो विकासका लागि अर्थ नीति



झपट बहादुर साउद
सहायक प्रध्यापक
ओखलढुङ्गा क्याम्पस ओखलढुङ्गा

**विषय प्रवेश**

नेपालको उच्च शिक्षा प्रणालीमा सामुदायिक क्याम्पसहरूको भूमिका अतुलनीय छ। दुर्गम तथा ग्रामीण भेगका विद्यार्थीहरूलाई सस्तो र सुलभ तरिकाले उच्च शिक्षा प्रदान गर्दै आएका यी क्याम्पसहरूले राष्ट्रिय विकासमा महत्वपूर्ण योगदान पुऱ्याएका छन्। समुदायद्वारा स्थापित र सञ्चालित यी शैक्षिक संस्थाहरूले स्थानीय आवश्यकता र सामाजिक-आर्थिक विकासलाई प्रत्यक्ष रूपमा टेवा पुऱ्याउँछन्। यद्यपि, वर्तमान परिप्रेक्ष्यमा सामुदायिक क्याम्पसहरूले दिगो विकासका लागि विभिन्न वित्तीय चुनौतीहरूको सामना गरिरहेका छन्। दिगो विकासको अवधारणाले वर्तमान पुस्ताको आवश्यकता पूरा गर्दा भविष्यका पुस्ताको आवश्यकतामा सम्झौता नगर्ने कुरालाई जोड दिन्छ, र यो सिद्धान्त सामुदायिक क्याम्पसहरूको दीर्घकालीन अस्तित्व र प्रभावकारिताका लागि उत्तिकै सान्दर्भिक छ।

सामुदायिक क्याम्पसहरूले सामना गरिरहेका प्रमुख वित्तीय चुनौतीहरूमा विद्यार्थी शुल्कमा अत्याधिक निर्भरता, घट्दो विद्यार्थी भर्ना दर, सरकारी अनुदानको अपर्याप्तता, र पूर्वाधार तथा प्रविधिको विकासका लागि आवश्यक स्रोतको कमी पर्दछन्। यी चुनौतीहरूले क्याम्पसहरूको शैक्षिक गुणस्तर, सञ्चालन क्षमता, र समग्र दिगोपनमा नकारात्मक असर पारिरहेका छन्। यस लेखको मुख्य उद्देश्य सामुदायिक क्याम्पसहरूको दिगो विकासका लागि एक प्रभावकारी अर्थ नीतिको आवश्यकता र त्यसका विभिन्न आयामहरूमाथि विस्तृत चर्चा गर्नु हो। यसमा वर्तमान वित्तीय अवस्थाको विश्लेषण, दिगो विकासका लागि आवश्यक आधारभूत सिद्धान्तहरू, र विभिन्न प्रस्तावित रणनीतिहरू समावेश गरिनेछ। अन्ततः, यस लेखले सामुदायिक क्याम्पसहरूलाई वित्तीय रूपमा सुदृढ र शैक्षिक रूपमा उत्कृष्ट बनाउनका लागि नीतिगत सुझावहरू प्रस्तुत गर्नेछ।

## सामुदायिक क्याम्पसको वर्तमान वित्तीय अवस्था र चुनौतीहरू

नेपालका सामुदायिक क्याम्पसहरूले उच्च शिक्षामा पहुँच विस्तार गर्न महत्वपूर्ण भूमिका खेलेका छन्, तर तिनीहरूको वित्तीय अवस्था प्रायः कमजोर र चुनौतीहरूले घेरिएको छ। यी क्याम्पसहरूको आयको मुख्य स्रोत विद्यार्थी शुल्क हो, जसले गर्दा तिनीहरू विद्यार्थी संख्यामा हुने उतारचढावप्रति अत्यधिक संवेदनशील हुन्छन्।

### विद्यार्थी शुल्कमा अत्यधिक निर्भरता

नेपालका अधिकांश सामुदायिक क्याम्पसहरू आफ्नो सञ्चालन खर्च धान्नका लागि विद्यार्थी शुल्कमा ८०-९०% सम्म निर्भर रहेको पाइएको छ (आचार्य सन २०२५)। यो निर्भरताले क्याम्पसहरूलाई ठूलो जोखिममा पारेको छ। जब विद्यार्थी भर्ना घट्छ वा शुल्क संकलनमा समस्या आउँछ, तब क्याम्पसहरूको वित्तीय अवस्थामा प्रत्यक्ष असर पर्छ। यसले शैक्षिक कार्यक्रमहरू कटौती गर्न, शिक्षक तथा कर्मचारीको तलब भुक्तानीमा ढिलाइ गर्न, र आवश्यक पूर्वाधार विकासमा लगानी गर्न नसक्ने अवस्था सिर्जना गर्छ। शुल्कमा आधारित यो मोडलले निम्न आय भएका विद्यार्थीहरूका लागि उच्च शिक्षामा पहुँचलाई पनि सीमित गर्न सक्छ, जसले गर्दा सामुदायिक क्याम्पसहरूको आधारभूत उद्देश्यमाथि नै प्रश्नचिन्ह खडा हुन्छ।

### घट्दो भर्ना र उच्च ड्रपआउट दर

हालका वर्षहरूमा नेपालका सामुदायिक क्याम्पसहरूमा विद्यार्थी भर्ना दर घट्दै गएको र ड्रपआउट दर बढ्दै गएको देखिएको छ। वैदेशिक रोजगारीका अवसरहरू, सहरी क्षेत्रमा राम्रो शैक्षिक अवसरको खोजी, र गुणस्तरीय शिक्षाको अभाव जस्ता कारणहरूले गर्दा विद्यार्थीहरू ग्रामीण क्षेत्रका क्याम्पसहरूबाट पलायन भइरहेका छन् (काठमाण्डौं पोष्ट, सन २०२३)। विद्यार्थी संख्यामा आएको यो कमीले क्याम्पसहरूको आयमा प्रत्यक्ष असर पार्छ, जसले गर्दा वित्तीय संकट अझ गहिरिन्छ। अधिकारी सन (२०१९) ले गरेको एक अध्ययनले वित्तीय कठिनाइ, पाठ्यक्रमको असान्दर्भिकता, र संस्थागत गुणस्तरको कमीले उच्च शिक्षामा ड्रपआउट दर बढाएको देखाएको छ। उच्च ड्रपआउट दरले क्याम्पसको प्रतिष्ठामा मात्र होइन, यसको वित्तीय स्थायित्वमा पनि गम्भीर असर पार्छ।

### सरकारी अनुदानको अपर्याप्तता

नेपाल सरकार र विश्वविद्यालय अनुदान आयोगबाट सामुदायिक क्याम्पसहरूले प्राप्त गर्ने अनुदान प्रायः अपर्याप्त हुन्छ। यो अनुदान क्याम्पसहरूको सञ्चालन खर्च धान्नका लागि पर्याप्त नहुने मात्र होइन, यसको वितरण प्रणाली पनि पारदर्शी र आवश्यकतामा आधारित नभएको गुनासोहरू आउने गरेका छन्। सरकारी अनुदानको कमीले क्याम्पसहरूलाई नयाँ शैक्षिक कार्यक्रमहरू सुरु गर्न, पूर्वाधार

विकास गर्न, र शिक्षक तथा कर्मचारीको क्षमता अभिवृद्धि गर्नबाट वञ्चित गर्छ। यसले गर्दा सामुदायिक क्याम्पसहरूले निजी क्याम्पसहरूसँग प्रतिस्पर्धा गर्न सक्दैनन् र शैक्षिक गुणस्तरमा सम्झौता गर्न बाध्य हुन्छन्।

**पूर्वाधार र प्रविधिको अभाव**

आधुनिक शैक्षिक वातावरणका लागि आवश्यक भौतिक पूर्वाधार (जस्तै: सुसज्जित कक्षाकोठा, पुस्तकालय, प्रयोगशाला) र सूचना प्रविधि (जस्तै: कम्प्युटर, इन्टरनेट पहुँच) मा लगानीको कमी सामुदायिक क्याम्पसहरूको अर्को प्रमुख चुनौती हो। पर्याप्त स्रोतको अभावमा, धेरै क्याम्पसहरूले विद्यार्थीहरूलाई गुणस्तरीय र प्रविधिमैत्री शिक्षा प्रदान गर्न सकेका छैनन्। यसले विद्यार्थीहरूको सिकाइ अनुभवलाई नकारात्मक असर पार्छ र उनीहरूलाई २१ औं शताब्दीको बजारका लागि आवश्यक सीपहरू विकास गर्नबाट रोक्छ।

**सीमित आन्तरिक स्रोत परिचालन**

विद्यार्थी शुल्क बाहेक, सामुदायिक क्याम्पसहरूले अन्य आन्तरिक आयका स्रोतहरू (जस्तै: भाडा, कृषि उत्पादन, परामर्श सेवा) पहिचान र परिचालन गर्न सकेका छैनन्। यसको मुख्य कारण वित्तीय व्यवस्थापनमा दूरदर्शिताको कमी, व्यावसायिक सोचको अभाव, र स्थानीय समुदायसँगको कमजोर सहकार्य हुन सक्छ। आन्तरिक स्रोत परिचालनमा कमजोरीले क्याम्पसहरूलाई बाह्य निर्भरताबाट मुक्त हुन दिंदैन र वित्तीय रूपमा कमजोर बनाइराख्छ।

**वित्तीय व्यवस्थापनमा पारदर्शिता र जवाफदेहिताको कमी**

केही सामुदायिक क्याम्पसहरूमा वित्तीय व्यवस्थापनमा पारदर्शिता र जवाफदेहिताको कमी पनि देखिएको छ (घिमिरे र देवकोटा, सन २०२२ )। यसले गर्दा स्रोतको दुरुपयोग हुने, अनियमितता बढ्ने, र समुदाय तथा सरोकारवालाहरूको विश्वास घट्ने सम्भावना हुन्छ। सुशासनको अभावले क्याम्पसको समग्र कार्यसम्पादनमा नकारात्मक असर पार्छ र यसको दिगोपनमा बाधा पुऱ्याउँछ।

**दिगो विकासका लागि अर्थ नीतिका आधारभूत सिद्धान्तहरू**

सामुदायिक क्याम्पसहरूको दिगो विकासका लागि तयार गरिने अर्थ नीति केही आधारभूत सिद्धान्तहरूमा आधारित हुनुपर्छ। यी सिद्धान्तहरूले क्याम्पसहरूलाई वित्तीय रूपमा सुदृढ, शैक्षिक रूपमा उत्कृष्ट, र सामाजिक रूपमा उत्तरदायी बनाउन मद्दत गर्छन्।

**पहुँच र समता**

अर्थ नीतिको पहिलो र महत्वपूर्ण सिद्धान्त भनेको उच्च शिक्षामा सबै वर्गका विद्यार्थीहरूको समान पहुँच सुनिश्चित गर्नु हो। सामुदायिक क्याम्पसहरूको स्थापना नै निम्न आय भएका र दुर्गम क्षेत्रका विद्यार्थीहरूलाई शिक्षा प्रदान गर्ने उद्देश्यले भएको हो। तसर्थ, कुनै पनि वित्तीय नीतिले शुल्क वृद्धि वा अन्य कारणले गर्दा विद्यार्थीहरूलाई शिक्षाबाट वञ्चित गर्नु हुँदैन। बरु, छात्रवृत्ति, शैक्षिक ऋण, र अन्य वित्तीय सहायताका कार्यक्रमहरू मार्फत सबैलाई शिक्षामा पहुँच पुऱ्याउनुपर्छ।

**गुणस्तर र सान्दर्भिकता**

वित्तीय दिगोपनको साथसाथै, शैक्षिक गुणस्तर र सान्दर्भिकतामा पनि उत्तिकै ध्यान दिनुपर्छ। अर्थ नीतिले क्याम्पसहरूलाई बजारको माग र राष्ट्रिय आवश्यकता अनुसारको पाठ्यक्रम विकास गर्न, आधुनिक शिक्षण विधि अपनाउन, र योग्य शिक्षक तथा कर्मचारीहरूलाई आकर्षित गर्न पर्याप्त स्रोत उपलब्ध गराउनुपर्छ। गुणस्तरीय शिक्षाले मात्र विद्यार्थीहरूलाई आकर्षित गर्न सक्छ र उनीहरूको भविष्य सुनिश्चित गर्न सक्छ, जसले अन्ततः क्याम्पसको दिगोपनमा योगदान पुऱ्याउँछ।

**स्वायत्तता र जवाफदेहिता**

सामुदायिक क्याम्पसहरूलाई वित्तीय व्यवस्थापनमा पर्याप्त स्वायत्तता प्रदान गरिनुपर्छ, ताकि उनीहरूले आफ्नो आवश्यकता अनुसार स्रोत परिचालन गर्न सकून्। यद्यपि, स्वायत्ततासँगै उच्च स्तरको जवाफदेहिता पनि आवश्यक छ। क्याम्पसहरूले आफ्नो वित्तीय कारोबारमा पारदर्शिता कायम गर्नुपर्छ र समुदाय तथा सरोकारवालाहरूप्रति उत्तरदायी हुनुपर्छ। यसले स्रोतको कुशल उपयोग सुनिश्चित गर्छ र विश्वासको वातावरण सिर्जना गर्छ।

**विविधीकरण र नवप्रवर्तन**

अर्थ नीतिले क्याम्पसहरूलाई आयका स्रोतहरूमा विविधीकरण गर्न र नयाँ आर्थिक मोडलहरू अवलम्बन गर्न प्रोत्साहित गर्नुपर्छ। केवल विद्यार्थी शुल्कमा मात्र निर्भर रहनुको सट्टा, क्याम्पसहरूले अन्य व्यावसायिक गतिविधिहरू, परामर्श सेवाहरू, र समुदायसँगको साझेदारी मार्फत आय आर्जनका नयाँ अवसरहरू खोज्नुपर्छ। नवप्रवर्तनले क्याम्पसहरूलाई परिवर्तनशील वातावरणमा अनुकूलन हुन र नयाँ चुनौतीहरूको सामना गर्न मद्दत गर्छ।

**साझेदारी र सहकार्य**

सामुदायिक क्याम्पसहरूको दिगो विकासका लागि स्थानीय सरकार, उद्योग, पूर्व विद्यार्थी र समुदायसँगको बलियो साझेदारी र सहकार्य अपरिहार्य छ। अर्थ नीतिले यी सरोकारवालाहरूलाई

क्याम्पसको वित्तीय र शैक्षिक विकासमा सक्रिय रूपमा संलग्न गराउनुपर्छ। साझेदारीले स्रोतको परिचालन मात्र होइन, शैक्षिक कार्यक्रमहरूको सान्दर्भिकता बढाउन र विद्यार्थीहरूलाई रोजगारीका अवसरहरू प्रदान गर्न पनि मद्दत गर्छ।

**दिगो विकासका लागि प्रस्तावित अर्थ नीति र रणनीतिहरू**

सामुदायिक क्याम्पसहरूको दिगो विकास सुनिश्चित गर्नका लागि एक व्यापक र बहुआयामिक अर्थ नीतिको आवश्यकता छ। यस नीतिले वर्तमान चुनौतीहरूको सामना गर्दै भविष्यका अवसरहरूलाई सदुपयोग गर्न सक्ने रणनीतिहरू समावेश गर्नुपर्छ।

**राजस्व विविधीकरण (Revenue Diversification)**

विद्यार्थी शुल्कमाथिको अत्यधिक निर्भरता कम गर्नका लागि राजस्वका स्रोतहरूलाई विविधीकरण गर्नु अपरिहार्य छ। यसका लागि निम्न रणनीतिहरू अपनाउन सकिन्छ।

**शैक्षिक कार्यक्रम विविधीकरण**

बजारको माग र स्थानीय आवश्यकता अनुसारका नयाँ, व्यावसायिक, र सीपमूलक शैक्षिक कार्यक्रमहरू सुरु गर्नुपर्छ। उदाहरणका लागि, प्राविधिक शिक्षा, कृषि, पर्यटन, स्वास्थ्य सेवा, र सूचना प्रविधिसँग सम्बन्धित कोर्सहरूले विद्यार्थीहरूलाई आकर्षित गर्न सक्छन् र क्याम्पसको आय बढाउन सक्छन्।

**सेवा शुल्क र परामर्श सेवा**

क्याम्पसहरूले समुदायलाई विभिन्न परामर्श सेवाहरू (जस्तै: कृषि सल्लाह, स्वास्थ्य शिविर, कानूनी सहायता, साना व्यवसाय परामर्श) प्रदान गरी शुल्क लिन सक्छन्। यसले समुदायलाई लाभ पुऱ्याउनुका साथै क्याम्पसको आयमा पनि वृद्धि गर्छ।

**भाडा र व्यावसायिक उपयोग**

क्याम्पसका खाली जग्गा, भवन, वा अन्य पूर्वाधारहरूलाई व्यावसायिक प्रयोजनका लागि भाडामा दिन सकिन्छ। उदाहरणका लागि, क्याम्पस परिसरमा पसल, क्यान्टिन, वा गेस्ट हाउस सञ्चालन गर्न सकिन्छ। यसबाट प्राप्त हुने आयले क्याम्पसको सञ्चालन खर्च धान्न मद्दत गर्छ।

**कृषि फार्म र उत्पादन**

कृषि विषय पढाइने क्याम्पसहरूले आफ्नै कृषि फार्म सञ्चालन गरी तरकारी, फलफूल, वा अन्य कृषि उत्पादनहरू उत्पादन गरी बिक्री गर्न सक्छन्। यसले विद्यार्थीहरूलाई व्यावहारिक ज्ञान प्रदान गर्नुका साथै क्याम्पसको आयमा पनि योगदान पुऱ्याउँछ।

**अनुसन्धान र विकास परियोजनाहरू**

क्याम्पसहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ निकायहरू, गैर-सरकारी संस्थाहरू, र उद्योगहरूसँगको सहकार्यमा अनुसन्धान र विकास परियोजनाहरू सञ्चालन गर्न सक्छन्। यसबाट प्राप्त हुने अनुदानले क्याम्पसको वित्तीय अवस्था सुदृढ बनाउनुका साथै शैक्षिक उत्कृष्टतामा पनि वृद्धि गर्छ।

**सरकारी र स्थानीय तहसँगको साझेदारी**

सरकार र स्थानीय तहको सहयोग सामुदायिक क्याम्पसहरूको दिगो विकासका लागि महत्वपूर्ण हुन्छ। यसका लागि निम्न रणनीतिहरू अपनाउन सकिन्छ।

**स्थानीय सरकारको बजेटमा समावेश:**

स्थानीय सरकारहरूले सामुदायिक क्याम्पसहरूलाई आफ्नो शिक्षा बजेटको एक महत्वपूर्ण हिस्साको रूपमा हेर्नुपर्छ र नियमित रूपमा वित्तीय सहयोग प्रदान गर्नुपर्छ। आचार्य सन (२०२५) ले स्थानीय सरकारसँगको साझेदारीले क्याम्पसहरूको वित्तीय स्थायित्वमा महत्वपूर्ण भूमिका खेल्ने कुरामा जोड दिएका छन्।

**समन्वय र नीतिगत सहयोग:**

स्थानीय सरकारसँग शैक्षिक योजना, पाठ्यक्रम विकास, र वित्तीय सहयोगका लागि निरन्तर समन्वय गर्नुपर्छ। स्थानीय सरकारले क्याम्पसहरूलाई आवश्यक नीतिगत सहयोग र कानुनी ढाँचा प्रदान गर्नुपर्छ।

**विश्वविद्यालय अनुदान आयोगको भूमिका:**

विश्वविद्यालय अनुदान आयोगले सामुदायिक क्याम्पसहरूलाई प्रदान गरिने अनुदानको रकम बढाउनुका साथै यसको वितरण प्रणालीलाई थप पारदर्शी, न्यायोचित, र आवश्यकतामा आधारित बनाउनुपर्छ। अनुदानलाई शैक्षिक गुणस्तर, पूर्वाधार विकास, र अनुसन्धानमा आधारित बनाउन सकिन्छ।

### अक्षय कोष स्थापना र परिचालन

अक्षय कोषको स्थापना सामुदायिक क्याम्पसहरूको दीर्घकालीन वित्तीय दिगोपनका लागि एक प्रभावकारी रणनीति हुन सक्छ। यसका लागि निम्न उपायहरू अपनाउन सकिन्छ।

#### पूर्व विद्यार्थी सञ्जाल

क्याम्पसहरूले आफ्ना पूर्व विद्यार्थीहरूको बलियो सञ्जाल निर्माण गर्नुपर्छ र उनीहरूलाई अक्षय कोषमा योगदान गर्न प्रेरित गर्नुपर्छ। खनाल सन (२०१५) ले पूर्व विद्यार्थीहरूको संलग्नताले संस्थागत विकासमा महत्वपूर्ण भूमिका खेल्ने कुरा उल्लेख गरेका छन्। पूर्व विद्यार्थीहरूले आर्थिक सहयोगका साथै शैक्षिक कार्यक्रमहरूमा सल्लाह र मार्गदर्शन पनि प्रदान गर्न सक्छन्।

#### दातृ निकाय र समुदायको सहभागिता

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ निकायहरू, विभिन्न फाउन्डेसनहरू, र स्थानीय समुदायबाट अक्षय कोषका लागि सहयोग जुटाउनुपर्छ। यसका लागि प्रभावकारी कोष संकलन अभियानहरू सञ्चालन गर्न सकिन्छ।

#### कोषको लगानी र प्रतिफल

अक्षय कोषमा संकलित रकमलाई सुरक्षित र लाभदायक क्षेत्रमा लगानी गर्नुपर्छ, ताकि त्यसबाट प्राप्त हुने प्रतिफलले क्याम्पसको सञ्चालन खर्चको एक हिस्सा धान्न सकोस्। यसका लागि एक स्पष्ट लगानी नीति र कुशल व्यवस्थापनको आवश्यकता पर्छ।

### लागत न्यूनीकरण र कार्यकुशलता

वित्तीय दिगोपनका लागि आयका स्रोतहरू बढाउनु मात्र पर्याप्त छैन, लागत न्यूनीकरण र कार्यकुशलतामा पनि ध्यान दिनुपर्छ।

#### प्रशासनिक खर्चमा नियन्त्रण:

अनावश्यक प्रशासनिक खर्चहरू कटौती गर्नुपर्छ। यसमा कागजविहीन कार्यालय, ऊर्जा बचतका उपायहरू, र अनावश्यक कर्मचारी कटौती जस्ता कुराहरू समावेश हुन सक्छन्।

#### प्रविधिको प्रयोग:

सूचना प्रविधिको अधिकतम प्रयोग गरी प्रशासनिक कार्यहरूलाई सरल, छिटो, र कम खर्चिलो बनाउन सकिन्छ। अनलाइन भर्ना प्रणाली, डिजिटल पुस्तकालय, र भर्चुअल कक्षाकोठाले लागत घटाउन र कार्यकुशलता बढाउन मद्दत गर्छ।

**ऊर्जा दक्षता**

शिक्षकहरूलाई अनलाइन शिक्षण, डिजिटल उपकरण प्रयोग र निरन्तर मूल्याङ्कनका लागि पर्याप्त तालिम छैन। कोभिडपछि पनि धेरै शिक्षकहरूले जुम, गुगल क्लासरूम जस्ता टुल्समा भ्यस्त हुन सकेनन्। यसले वैकल्पिक सिकाइ र मूल्याङ्कन प्रभावकारी नहुने बनाएको छ। शिक्षकहरूको राजनीतिक हस्तक्षेप र हड्तालले पनि पठनपाठन बाधा पुऱ्याउँछ।

### ३. मूल्याङ्कनमा एकरूपता र निष्पक्षताको अभाव

स्थानीय तहहरूले फरक-फरक तरिका अपनाउँदा आन्तरिक मूल्याङ्कनमा एकरूपता छैन। केही ठाउँमा मूल्याङ्कन कमजोर वा पक्षपातपूर्ण हुन्छ। उच्च स्तरको सोचाइ (HOTS) र वैकल्पिक तरिका (पोर्टफोलियो, प्रोजेक्ट) लागू गर्न शिक्षकहरूलाई रुब्रिक्स र तालिम चाहिन्छ, तर यो कमी छ। यसले नतिजाको विश्वसनीयता घटाउँछ।

### ४. गरिब, बालिका, अपाङ्गता भएका र सीमान्तकृत समुदायका विद्यार्थीहरू बढी प्रभावित

कोभिडपछि सिकाइ हानि पूर्ति भएन, जसले गरिब परिवार, बालिका, अपाङ्गता भएका बच्चा र दलित/जनजाति समुदायलाई बढी असर पार्‍यो। बालिका शिक्षा कार्यक्रमहरू (जस्तै USAID सहयोगी) मा विदेशी सहायता कटौती हुँदा ड्रपआउट र बालविवाह बढ्ने जोखिम छ। अपाङ्गता भएका बालिकाहरूको प्राथमिक शिक्षा पूरा गर्ने दर मात्र ४१.७% छ। लैङ्गिक/आर्थिक असमानता झन् बढेको छ।

### ५. बजेट, पूर्वाधार र राजनीतिक हस्तक्षेपको समस्या

सार्वजनिक स्कूलहरूमा बजेट कम छ, शिक्षक-विद्यार्थी अनुपात उच्च छ (एक शिक्षकले सयौं विद्यार्थी पढाउँछन्)। राजनीतिक हस्तक्षेपले स्कूल व्यवस्थापन समिति गठन ढिलो हुन्छ, शिक्षकहरूको हड्तालले लाखौं विद्यार्थी प्रभावित हुन्छन्। भ्रष्टाचार र सुशासन अभावले पूर्वाधार विकास ढिलो छ।

### ६. सिकाइ हानिको दीर्घकालीन प्रभाव र पुनरुत्थानको ढिलाइ

महामारीपछि कक्षा ३-८ का विद्यार्थीहरूमा आधारभूत साक्षरता/गणितमा ठूलो खाडल छ। ReAL Plan ले प्रयास गरे पनि पूर्ण पूर्ति भएको छैन। मध्य स्कूलमा पढाइ समर्थन कमी छ, जसले दीर्घकालीन रूपमा रोजगारी र विकासमा असर पार्छ।यी चुनौतीहरूले नेपालको शिक्षालाई resilient बनाउन बाधा पुर्‍याइरहेका छन्। सरकार, स्थानीय तह, UNICEF/WHO जस्ता साझेदारहरूले शिक्षक तालिम, पूर्वाधार विकास, समावेशी कार्यक्रम र राजनीतिक हस्तक्षेप घटाउनेमा जोड दिनुपर्छ। यदि यी सम्बोधन भएनन् भने भावी संकटमा शिक्षा फेरि ठप्प हुन सक्छ र असमानता बढ्नेछ। अब कार्यान्वयन र प्रतिबद्धता मुख्य कुरा हो ताकि सबै विद्यार्थीले गुणस्तरीय र समान शिक्षा पाऊन्

### सारांश

कोभिड-१९ महामारीले नेपालको शिक्षा क्षेत्रलाई ठूलो चुनौती दियो, जसले करिब ८० लाख विद्यार्थी प्रभावित भए। लामो समय स्कूल बन्द हुँदा सिकाइ हानि (learning loss), डिजिटल विभाजन, असमानता र रटन्ते शिक्षणको कमजोरी उजागर भयो। तर यो संकटले शिक्षा सुधारको अवसर पनि दियो। महामारीपछि पाठ्यक्रमलाई समयसापेक्ष, लचिलो, सीपमूलक, जीवनोपयोगी र डिजिटल साक्षरतामा आधारित बनाउने दिशामा महत्वपूर्ण परिवर्तन भए।

**पाठ्यक्रममा मुख्य परिवर्तनहरू:**

१. CDC ले २०७७ मा स्कूल तहको पाठ्यक्रम समायोजन मोडेल जारी गर्‍यो, जसले स्थानीय तह र विद्यालयलाई आवश्यकता अनुसार पाठ्यक्रम कटौती/समायोजन गर्न अनुमति दियो।

२. कक्षा १-३ मा एकीकृत पाठ्यक्रमलाई मजबुत बनाइयो, जसमा खेल, क्रियाकलाप र व्यावहारिक सिकाइलाई जोड दिइयो।

३. डिजिटल साक्षरता अनिवार्य बनाइयो; QR कोड किताब, अनलाइन सामग्री र स्थानीय सन्दर्भमा आधारित सामग्री बढाइयो।

४. सीपमूलक र व्यावसायिक शिक्षा (vocational) लाई बढावा दिइयो; परियोजना कार्य, समस्या समाधान, उच्च स्तरको सोचाइ (analysis, evaluation, creation) लाई प्राथमिकता दिइयो।

५. ReAL Plan (२०२३-२०२८) ले सिकाइ हानि पूर्तिका लागि आधारभूत साक्षरता/गणितमा फोकस गर्‍यो। राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र SESP (२०२२-२०३२) ले समावेशी र डिजिटल शिक्षालाई संस्थागत गरे।

**मूल्याङ्कनमा मुख्य परिवर्तनहरू:**

१. एकपटके वार्षिक परीक्षाबाटनिरन्तर र आन्तरिक मूल्याङ्कनतर्फ फड्को; कक्षा १-३ मा १००% आन्तरिक (सिकाइ प्रगति आधारित), कक्षा ४-८ मा ५०% आन्तरिक, SEE मा २५% आन्तरिक।

२. वैकल्पिक तरिका अपनाइयो: पोर्टफोलियो, सहपाठी/आत्म-मूल्याङ्कन, अनलाइन क्विज, भर्चुअल प्रस्तुति, प्रोजेक्ट, घटनात्मक अभिलेख।

३. रटाइ प्रश्न घटाएर उच्च स्तरको सोचाइ र समस्या-केन्द्रित प्रश्न बढाइयो।

४. CDC/NEB का निर्देशिका (जस्तै आन्तरिक मूल्याङ्कन मापदण्ड २०८०) ले मूल्याङ्कनलाई लचिलो, विविध र सिकाइकेन्द्रित बनाए।

विश्वबाट सिक्दै नेपालले पनि targeted intervention, blended learning र psychosocial support अपनाउने प्रयास गरेको छ। तर ग्रामीण क्षेत्रमा पूर्वाधार अभाव, शिक्षक तालिम कमी, मूल्याङ्कनमा एकरूपता नहुनु, गरिब/बालिका/अपाङ्ग विद्यार्थीहरूको असमानता, बजेट/राजनीतिक हस्तक्षेप

जस्ता चुनौती अझै बाँकी छन्।समग्रमा, कोभिडले नेपालको शिक्षालाईरटाइकेन्द्रितबाट सिकाइकेन्द्रित, किताबकेन्द्रितबाट डिजिटल/व्यावहारिकरएकपटके परीक्षाबाट निरन्तर प्रक्रियामापरिवर्तन गर्ने दिशा देखायो। अब कार्यान्वयन, शिक्षक क्षमता विकास र समावेशी पूर्वाधारमा जोड दिँदा भावी संकटमा शिक्षा ठप्प नहुने र सबै विद्यार्थीले गुणस्तरीय, समान तथा जीवनउपयोगी शिक्षा पाउने सुनिश्चित हुन सक्छ।

**निष्कर्ष**

कोभिड-१९ महामारीले नेपालको शिक्षा क्षेत्रलाई ठूलो परीक्षा दियो। लामो समय स्कूल बन्द हुँदा सिकाइ हानि, डिजिटल विभाजन, असमानता र परम्परागत शिक्षण प्रणालीको कमजोरी स्पष्ट रूपमा उजागर भयो। तर यो संकटले शिक्षा सुधारको ठूलो अवसर पनि सिर्जना गऱ्यो। महामारीपछि पाठ्यक्रमलाई लचिलो, सीपमूलक, जीवनोपयोगी र डिजिटल साक्षरतामा आधारित बनाउने दिशामा महत्वपूर्ण कदम चालियो। मूल्याङ्कन प्रणाली रटाइकेन्द्रितबाट निरन्तर, आन्तरिक, वैकल्पिक र उच्च स्तरको सोचाइमा केन्द्रित बन्यो। अनलाइन क्विज, भर्चुअल प्रस्तुति, प्रोजेक्ट, पोर्टफोलियो, घटनात्मक अभिलेख जस्ता विविध तरिकाहरूले सिकाइलाई समग्र र विद्यार्थीकेन्द्रित बनाए। ReAL Plan, CDC का निर्देशिका र NEB को सुधारले यो परिवर्तनलाई संस्थागत गर्ने प्रयास गरेका छन्।

विश्वका सफल अभ्यासहरूबाट सिक्दै नेपालले पनि targeted intervention, blended learning र psychosocial support जस्ता कुरालाई अपनाउने दिशा लिएको छ। तर ग्रामीण क्षेत्रमा पूर्वाधार अभाव, शिक्षक तालिमको कमी, मूल्याङ्कनमा एकरूपता नहुनु, गरिब/बालिका/अपाङ्ग विद्यार्थीहरूको बढ्दो असमानता, बजेट र राजनीतिक हस्तक्षेप जस्ता चुनौतीहरू अझै बाँकी छन्। यी चुनौतीहरूलाई सम्बोधन नगरेसम्म शिक्षा प्रणाली पूर्ण रूपमा resilient र समावेशी बन्न सक्दैन।

अब मुख्य आवश्यकता भनेकोकार्यान्वयनको प्रतिबद्धताहो। सरकार, स्थानीय तह, शिक्षक, अभिभावक, साझेदार संस्था (UNICEF, UNESCO, World Bank) सबै मिलेर शिक्षक तालिम, डिजिटल पूर्वाधार विकास, समावेशी कार्यक्रम र राजनीतिक हस्तक्षेप घटाउनेमा जोड दिनुपर्छ। कोभिडले देखाएको कुरा स्पष्ट छ – शिक्षा ठप्प नहुने गरी लचिलो, गुणस्तरीय र सबैका लागि समान हुनुपर्छ। यदि यी परिवर्तनहरूलाई संस्थागत गर्न सकियो भने भावी महामारी वा संकटमा पनि नेपालका लाखौं विद्यार्थीहरूले निरन्तर र सार्थक सिकाइ प्राप्त गर्न सक्छन्। यो अवसरलाई सदुपयोग गर्दै नेपालको शिक्षा प्रणालीलाई २१औं शताब्दीको आवश्यकता अनुसार आधुनिक, समावेशी र प्रभावकारी बनाउन सकिन्छ। सबै विद्यार्थीले गुणस्तरीय, समान र जीवनउपयोगी शिक्षा पाउने सुनिश्चितता नै कोभिडपछिको शिक्षाको अन्तिम लक्ष्य हुनुपर्छ।

# विपन्नको सारथि, जेहेन्दारको प्रोत्साहन: छात्रवृत्ति प्रणालीको एक झलक



**चोपलाल धमला**
**सहायक प्राध्यापक**
**ओखलढुङ्गा क्याम्पस**

शिक्षा प्रत्येक नागरिकको आधारभूत अधिकार हो। कुनै पनि नागरिक आर्थिक अवस्था, भौगोलिक दूरी, सामाजिक पृष्ठभूमि वा अन्य कुनै कारणले शिक्षाको उज्यालोबाट वञ्चित हुनु हुँदैन भन्ने मान्यतालाई आत्मसात् गर्दै ओखलढुङ्गा क्याम्पसले यहाँ अध्ययनरत विद्यार्थीहरूका लागि छात्रवृत्तिको विशेष व्यवस्था गरेको छ। खासमा छात्रवृत्ति भनेको योग्य र प्रतिभावान् विद्यार्थीहरूलाई प्रोत्साहन दिनका लागि उपलब्ध गराइने एउटा महत्त्वपूर्ण सुविधा हो। कुनै पनि शैक्षिक संस्थामा अध्ययनरत विद्यार्थीहरूले आफ्नो शैक्षिक प्रतिभा र क्षमताको प्रदर्शनबाट प्राप्त गर्ने वित्तीय सहयोगलाई नै छात्रवृत्ति भनिन्छ। यसले विद्यार्थीलाई आर्थिक रूपमा मात्र टेवा पुऱ्याउँदैन, बरु शैक्षिक उत्कृष्टता हासिल गर्न थप प्रेरणा र ऊर्जा प्रदान गर्ने सशक्त माध्यमका रूपमा पनि कार्य गर्दछ।

विद्वान स्टिफन पी. रोबिन्स (सन् २०१७) ले छात्रवृत्तिलाई विद्यार्थीको शैक्षिक प्रदर्शन र क्षमतालाई पहिचान गरी दिइने एक प्रकारको वित्तीय प्रोत्साहनका रूपमा परिभाषित गरेका छन्। यसैगरी, अक्सफोर्ड डिक्सनरीले पनि यसलाई शैक्षिक उपलब्धिका आधारमा दिइने वित्तीय अनुदानको रूपमा व्याख्या गरेको छ। तर ओखलढुङ्गाको पहाडी परिवेशमा छात्रवृत्तिको अर्थ यी परिभाषाभन्दा अझ गहिरो र मानवीय छ। ग्रामीण भेगका कृषि पेसामा संलग्न अभिभावकका छोराछोरी, जो उच्च शिक्षाको सपना बुनेर ओखलढुङ्गा क्याम्पस आइपुग्छन्, उनीहरूका लागि छात्रवृत्ति एउटा भरपर्दो भरोसाको केन्द्र बनेको छ।

हाम्रो समाजमा अझै पनि गरिबी र आर्थिक विपन्नताका कारण धेरै विद्यार्थीहरूले आफ्नो पढाइलाई बीचैमा छोड्नुपर्ने बाध्यता छ। ओखलढुङ्गाका दुर्गम गाउँहरूबाट आउने विद्यार्थीहरूका लागि

कोठा भाडा, शैक्षिक सामग्री र क्याम्पसको शुल्क जुटाउनु आफैँमा चुनौतीपूर्ण कार्य हो। यस्तो अवस्थामा क्याम्पसले प्रदान गर्ने छात्रवृत्तिले अभिभावकको काँधबाट ठूलो बोझ कम गरिदिएको छ। यसले जेहेन्दार विद्यार्थीहरूलाई आफ्नो अध्ययनमा निरन्तरता दिन, लगनशील बन्न र प्रतिस्पर्धात्मक क्षमताको विकास गर्न प्रोत्साहित गर्दछ। छात्रवृत्तिले केवल आर्थिक अभाव मात्र टार्दैन, बरु "म पनि केही गर्न सक्छु" भन्ने आत्मविश्वास पैदा गरी एउटा गरिबको छोराछोरीलाई पनि समाजको सम्मानित स्थानसम्म पुग्न मद्दत गर्दछ।

छात्रवृत्ति विद्यार्थी जीवनको सफलताको एउटा बलियो आधार हो। यसले शिक्षालाई पहुँचयोग्य र समावेशी बनाउँदै सामाजिक परिवर्तनमा ठूलो भूमिका खेल्छ। ओखलढुङ्गा क्याम्पसले आफ्नो स्थापनाकालदेखि नै विद्यार्थीको भविष्यप्रति उत्तरदायी रहँदै आएको छ। यसै सन्दर्भमा, ओखलढुङ्गा क्याम्पसको वर्तमान अवस्थालाई अध्ययन गर्दा यस क्याम्पसमा अध्ययनरत जेहनदार, शैक्षिक उत्कृष्टता तथा प्रतिभाशाली , गरिब, दलित , अपांगता, प्राकृतिक प्रकोप पीडित, द्वन्द्व पीडित, सीमान्तकृत, जन आन्दोलनबाट घाइते, टुहुरा टुहुरी, अनाथ. प्रकृतिको छात्रवृत्ति विद्यार्थीहरूलाई प्रदान गर्न "ओखलढुङ्गा क्याम्पस ओखलढुङ्गा छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि २०८१" क्याम्पस व्यवस्थापन समितिबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। यस निर्देशिका पारित भएपछि छात्रवृत्ति प्रणाली अझै पारदर्शी, व्यवस्थित र प्रभावकारी बनेको देखिन्छ। निर्देशिका कार्यान्वयनसँगै विद्यार्थीहरूबीच देखिने असन्तुष्टिलाई विवेकपूर्ण प्रतिस्पर्धामा रूपान्तरण गर्न सकिएको छ। शैक्षिक उत्कृष्टता तथा प्रतिभाशाली छात्रवृत्ति प्राप्त गर्न असफल भएका विद्यार्थीहरूले  आफ्नो कमजोरीलाई आत्मसात् गर्दै अध्ययनमा अझै प्रगति गर्ने अठोट व्यक्त गर्ने प्रवृत्ति बढेको छ। यसले छात्रवृत्ति प्रणालीलाई मात्र सबल बनाएको छैन, सम्पूर्ण शैक्षिक वातावरणलाई पनि प्रतिस्पर्धात्मक र परिणाममुखी बनाउन योगदान पुऱ्याएको छ।

हाल उक्त निर्देशिकालाई थप मजबुत बनाउने उद्देश्यले ओखलढ्गा क्याम्पसमा छात्रवृत्ति विस्तृत कार्ययोजना लागू गरिएको छ र सोको व्यवस्थापनका लागि छात्रवृत्ति समिति गठन गरिएको छ। छात्रवृत्ति सम्बन्धी सम्पूर्ण निर्णय गर्ने अधिकार यस समितिलाई प्रदान गरिएको छ। तसर्थ, छात्रवृत्ति प्राप्त गर्न इच्छुक विद्यार्थीहरूले यसमा तोकिएका प्रावधानलाई बुझेर अध्ययन तथा आवेदन प्रक्रियामा सहभागी हुनु पर्दछ।

ओखलढुङ्गा क्याम्पसले विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्नुका पछाडि निश्चित र पवित्र उद्देश्यहरू रहेका छन्। यसको मुख्य लक्ष्य आर्थिक रूपमा कमजोर रहेका विद्यार्थीहरूलाई रकमको अभावमा पढाइ नछोडुन् भनी उच्च शिक्षाको अध्ययन जारी राख्न ठोस सहयोग पुऱ्याउनु हो। यसका साथै, शैक्षिक रूपमा उत्कृष्ट र मिहिनेती विद्यार्थीहरूलाई उनीहरूको क्षमताको कदर स्वरूप पुरस्कृत गर्दै

अध्ययनमा थप हौसला प्रदान गर्नु यसको अर्को महत्वपूर्ण पाटो हो। छात्रवृत्तिले विशेष आवश्यकता भएका विद्यार्थीहरूलाई आवश्यक आर्थिक सहायता प्रदान गरी उनीहरूको शैक्षिक यात्रालाई सहज बनाउने काम गर्छ। समग्रमा, भूगोल, जातजाति वा वर्ग जस्ता विभेद नगरी विविध क्षेत्रका विद्यार्थीहरूलाई शिक्षाको समान अवसर प्रदान गर्नु नै यस क्याम्पसको छात्रवृत्ति कार्यक्रमको मूल मर्म हो। यसै सन्दर्भमा, ओखलढुङ्गा क्याम्पसको वर्तमान छात्रवृत्ति वितरण अवस्थालाई हेर्दा आर्थिक वर्ष 2081/82 मा कुल ६६ जना विद्यार्थीहरूले छात्रवृत्तिका लागि आवेदन फाराम भरेका थिए। (ओखलढुङ्गा क्याम्पस, २०८२) क्याम्पसले तोकेको नियम अनुसार वार्षिक परीक्षामा सहभागी भएका र भर्ना भएका विद्यार्थीले मात्र छात्रवृत्ति आवेदन दिन पाउने व्यवस्था थियो। सोही आधारमा छनोट गर्दा क्याम्पसभरिका विद्यार्थीमध्येबाट दुई जना उत्कृष्ट विद्यार्थी एक छात्र र एक छात्रा चयन भएका छन्। त्यस्तै गरी जेहेन्दार विद्यार्थी ४२ जना, आर्थिक रूपमा विपन्न ११ जना, अपाङ्गता भएका ४ जना, अनाथ विद्यार्थी १ जना र दलित समुदायका ७ जना विद्यार्थी गरी जम्मा ६६ जनाविद्यार्थीले छात्रवृत्ति प्राप्त गरेका छन्।  छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीलाइ तहगत रुपमा हेर्दा शिक्षाशास्त्र संकायका ३६ जना, व्यवस्थापन संकायका २४ जना र मानविकी संकायका ५ जना विद्यार्थी समावेश छन्। (ओखलढुङ्गा क्याम्पस, २०८२) छात्रवृत्ति प्रप्त गर्ने स्थानीय विद्यार्थी मात्र नभई खोटाङ, सोलुखुम्बु लगायतका बाहिरी जिल्लाका विद्यार्थीहरू समेत छात्रवृत्तिको लागि प्राथमिकतामा परेका छन्।

यस क्याम्पसले प्राप्त गर्ने छात्रवृत्ति रकम प्रत्येक आर्थिक वर्षमा अध्ययनरत विद्यार्थी सङ्ख्या, उत्तीर्ण प्रतिशत, लैङ्गिक सहभागिता र दलित विद्यार्थीको सङ्ख्यामा निर्भर रहने गर्दछ। त्यसैले विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त हुने वार्षिक बजेट पनि वर्ष अनुसार फरक-फरक हुने गर्दछ। आर्थिक वर्ष २०८१/८२ मा क्याम्पसले विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त नियमित अनुदानको १० प्रतिशत अर्थात् दुई लाख १९ हजार २७६ रुपैयाँ रकम छात्रवृत्तिको रूपमा प्राप्त गरेको छ। सो रकमलाई  आर्थिक रूपमा कमजोर वा विपन्न, जेहेन्दार, दलित, अपाङ्गता भएका, अनाथ लगायत विविध पृष्ठभूमिका विद्यार्थीहरूलाई शैक्षिक अवसरको पहुँच दिलाउन क्याम्पसले सबै आवेदनकर्तालाई छात्रवृत्ति उपलब्ध गराएको छ,  यसरी हेर्दा छात्रवृत्ति वितरण प्रक्रिया पारदर्शी, समावेशी र प्रभावकारी भएको देखिन्छ ।

अन्त्यमा भन्नुपर्दा ओखलढुङ्गा क्याम्पस ओखलढुङ्गाले शिक्षालाई सर्वसुलभ बनाउन “छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि २०८१” र नयाँ छात्रवृत्ति नीति कार्यान्वयनमा ल्याएको छ। यस व्यवस्थाले क्याम्पसको छात्रवृत्ति प्रणालीलाई अत्यन्तै पारदर्शी, व्यवस्थित र समावेशी बनाएको छ। आर्थिक वर्ष २०८१/८२ मा आवेदन दिएका ६६ जना योग्य विद्यार्थीहरू सबैले छात्रवृत्ति प्राप्त गर्नु यस क्याम्पसको सबल पक्ष हो। यहाँ जेहेन्दार, विपन्न, दलित, अपाङ्गता भएका, अनाथ र

द्वन्द्वपीडित लगायतका विभिन्न लक्षित वर्गलाई प्राथमिकताका साथ छात्रवृत्ति प्रदान गरिन्छ। विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त हुने बजेटलाई विद्यार्थीको सङ्ख्या र उत्कृष्ट नतिजाका आधारमा न्यायोचित रूपमा वितरण गर्ने परिपाटी यहाँ रहेको छ। ओखलढुङ्गा मात्र नभई खोटाङ र सोलुखुम्बुका विद्यार्थीहरूको समेत रोजाइमा पर्नुले यो क्याम्पस उच्च शिक्षाको एक आकर्षक केन्द्र बनेको पुष्टि हुन्छ। छात्रवृत्ति प्राप्त गर्न विद्यार्थीहरूबीच हुने स्वस्थ र विवेकपूर्ण प्रतिस्पर्धाले क्याम्पसको समग्र शैक्षिक वातावरणलाई नै परिणाममुखी र लोभलाग्दो बनाएको छ। वास्तवमा, आर्थिक अभावका कारण शिक्षाबाट वञ्चित हुनुपर्ने अवस्थाको अन्त्य गर्दै ओखलढुङ्गा क्याम्पस विद्यार्थीका लागि सपना साकार पार्ने एउटा भरपर्दो र भरोसाको उच्च शिक्षा हासिल गर्ने केन्द्रको रूपमा स्थापित भएको छ ।

**सन्दर्भ सामग्री (References in APA 7th Edition)**


ओखलढुङ्गा क्याम्पस (२०८२) *छात्रवृत्ति अभिलेख रजिष्ट्र २०८२* अप्रकाशित आन्तरिक अभिलेख ओखलढुङ्गा, नेपाल।

Oxford University Press. (n.d.). Scholarship. In *Oxford Learner's Dictionaries*. Retrieved October 25, 2023, from

Robbins, S. P. (2017). *Organizational behavior* (17th ed.). Pearson Education.

https://shorturl.at/G9ObJ

# जलवायु परिवर्तन र स्वास्थ्य संकट, स्वास्थ्य शिक्षाका विद्यार्थीको भूमिका र समाधानका उपायहरू



कुमार बहादुर बानिया
ओखलढुंगा क्याम्पस ओखलढुंगा

जलवायु परिवर्तन २१ औँ शताब्दीको सबैभन्दा जटिल वातावरणीय चुनौती मात्र नभई यो मानव सभ्यता र जनस्वास्थ्य माथि आइलागेको एक गम्भीर संकट पनि हो। पृथ्वीको औसत तापक्रममा भइरहेको वृद्धि, वायुमण्डलमा हरितगृह ग्यासको चाप र प्राकृतिक चक्रमा आएको अनपेक्षित उतारचढावले मानिसको बाँच्न पाउने आधारभूत अधिकार—स्वच्छ हावा, सुरक्षित पिउने पानी, पर्याप्त खाद्यान्न र सुरक्षित बासस्थान—माथि प्रत्यक्ष प्रहार गरिरहेको छ। विश्व स्वास्थ्य संगठनका अनुसार जलवायु परिवर्तनलाई ूमानव स्वास्थ्यका लागि इतिहासकै सबैभन्दा ठूलो खतरा मानिएको छ। यसले स्वास्थ्यमा दुई प्रकारले असर पुर्याउँछ। प्रत्यक्ष रूपमा, अत्यधिक गर्मी, बाढी, पहिरो र आँधीबेहरी जस्ता चरम मौसमी घटनाहरूले चोटपटक, मृत्यु र शारीरिक समस्याहरू निम्त्याउँछन्। अप्रत्यक्ष रूपमा, यसले पारिस्थितिक प्रणालीमा परिवर्तन ल्याई कीटजन्य रोगहरू,जलजन्य महामारी र खाद्य असुरक्षाका कारण कुपोषणको जोखिम बढाउँछ। साथै, डढेलो र बढ्दो वायु प्रदूषणले श्वासप्रश्वास र मुटु सम्बन्धी दीर्घकालीन रोगहरू थपेको छ। विशेष गरी नेपाल जस्ता भौगोलिक रूपमा संवेदनशील देशहरूमा यसको असर अझ भयावह छ। हिमालहरू पग्लनु, नयाँ उचाइमा लामखुट्टेको विस्तार हुनु र प्राकृतिक विपद्का कारण स्वास्थ्य पूर्वाधारहरू ध्वस्त हुनुले हाम्रो स्वास्थ्य प्रणालीमा ठूलो दबाब सिर्जना गरेको छ। यस्तो अवस्थामा, स्वास्थ्य शिक्षा अध्ययन गरिरहेका विद्यार्थीहरूको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ। उनीहरूले समुदायलाई सुसूचित गर्ने, वैज्ञानिक समाधानका उपायहरू खोज्ने र उपचारु भन्दा रोकथाममा जोड दिँदै समाजलाई जलवायु उत्थानशील बनाउन नेतृत्व लिनु आवश्यक छ।

## जलवायु परिवर्तन र स्वास्थ्यको अन्तरसम्बन्ध

जलवायु परिवर्तन र स्वास्थ्यको अन्तरसम्बन्ध अत्यन्तै गहिरो र जटिल छ। वैज्ञानिक दृष्टिकोणबाट हेर्दा, जलवायु परिवर्तनले मानव स्वास्थ्यलाई प्रत्यक्ष र अप्रत्यक्ष गरी दुई मुख्य मार्गबाट प्रभाव पारिरहेको हुन्छ।

**प्रत्यक्ष अन्तरसम्बन्ध**

वातावरणीय तापक्रममा भएको वृद्धिले मानिसको शरीरको ताप नियमन गर्ने क्षमतामा ह्रास ल्याउँछ। अत्यधिक गर्मीका कारण हिट स्ट्रोक, डिहाइड्रेसन, र मुटु तथा मृगौला सम्बन्धी गम्भीर समस्याहरू निम्तिन्छन्। त्यसैगरी, बेमौसमी वर्षा, बाढी, र पहिरो जस्ता प्राकृतिक विपद्ले मानिसलाई प्रत्यक्ष शारीरिक चोटपटक पुर्याउने र अकालमा ज्यान लिने गर्दछ।

**अप्रत्यक्ष अन्तरसम्बन्ध**

जलवायु परिवर्तनले रोग फैलाउने वाहक र पारिस्थितिक प्रणालीको सन्तुलन बिगार्छ, जसले गर्दा स्वास्थ्य संकट झनै जटिल बन्दछ कीटजन्य रोगहरू तापक्रम बढ्दा लामखुट्टे, किर्ना र झिँगा जस्ता कीटाणुवाहक जीवहरूको प्रजनन दर बढ्छ। फलस्वरुप, पहिले तराईमा मात्र सीमित डेङ्गु, मलेरिया, र जिका भाइरस अहिले पहाडी र हिमाली भेगमा समेत महामारीको रूपमा फैलिन थालेका छन्। जलजन्य र खाद्यजन्य रोग बाढीले खानेपानीका मुहान प्रदूषित बनाउँदा हैजा र झाडापखाला फैलिन्छ भने, उच्च तापक्रमले खानेकुरा चाँडै सड्ने र ब्याक्टेरिया सक्रिय हुने हुँदा खाद्य विषाक्तता बढ्छ। वायु प्रदूषण र श्वासप्रश्वा, डढेलो र वायुमण्डलमा बढेको कार्बनडाइअक्साइडले दम, एलर्जी, र फोक्सोको क्यान्सर जस्ता समस्याहरूलाई तीव्र बनाएको छ। मानसिक स्वास्थ्य बारम्बारको विस्थापन र भविष्यप्रतिको अनिश्चितताले मानिसहरूमा मानसिक तनाव सिर्जना गरेको छ।

## स्वास्थ्य शिक्षाका विद्यार्थीको भूमिका

जलवायु परिवर्तनले निम्त्याएको स्वास्थ्य संकटको सामना गर्न स्वास्थ्य शिक्षाका विद्यार्थीहरू एक शक्तिशाली र प्रभावकारी माध्यम हुन्। उनीहरूको भूमिका केवल अस्पतालको प्राङ्गण वा शैक्षिक संस्थाको कक्षाकोठामा मात्र सीमित हुँदैनस उनीहरू त समाज र स्वास्थ्य प्रणालीबीचको एउटा बलियो पुल हुन्।। स्वास्थ्य शिक्षाका विद्यार्थीको भूमिकालाई निम्न मुख्य क्षेत्रहरूमा विस्तृत रूपमा व्याख्या गर्न सकिन्छ।

**परिवर्तनको संवाहक**

विद्यार्थीहरू समाजका सक्रिय र ऊर्जावान् सदस्य हुन्। उनीहरूले आफ्नै घर, परिवार र साथीभाइबाट वातावरणमैत्री जीवनशैलीको सुरुवात गर्न सक्छन्। व्यवहार परिवर्तन सञ्चारका सिद्धान्तहरू प्रयोग गर्दै उनीहरूले मानिसहरूलाई प्लाष्टिकको प्रयोग घटाउन, नवीकरणीय ऊर्जा अपनाउन र वृक्षारोपण गर्न प्रेरित गर्न सक्छन्। जब एउटा विद्यार्थीले स्वयं यी कुराहरू लागू गर्छ, त्यसले समुदायमा ठूलो प्रभाव पार्छ।

**जनचेतना र सरल सञ्चार**

स्वास्थ्यका जटिल र प्राविधिक कुराहरूलाई सर्वसाधारणले बुझ्ने सरल भाषामा बुझाउनु स्वास्थ्य शिक्षाका विद्यार्थीको प्रमुख खुबी हो। विद्यालय र सामुदायिक कार्यक्रम,उनीहरूले विद्यालयमा गएर बालबालिकाहरूलाई जलवायु परिवर्तन र स्वास्थ्यको सम्बन्धबारे सिकाउन सक्छन्। उदाहरणका लागि, लामखुट्टेको टोकाइबाट कसरी जोगिने वा बढ्दो गर्मीमा ुहिट स्ट्रोकबाट कसरी बच्ने भन्ने कुराहरू सिकाउन सकिन्छ। डिजिटल साक्षरता, सामाजिक सञ्जालको प्रयोग गरी सही जानकारी, इन्फोग्राफिक्स र भिडियोहरू मार्फत जलवायुजन्य स्वास्थ्य जोखिमहरूबारे सचेतना फैलाउन उनीहरू सक्षम हुन्छन्।।

**अनुसन्धान र तथ्याङ्क संकलन**

जलवायु परिवर्तनले कुन क्षेत्रमा कस्तो रोगको प्रकोप बढाइरहेको छ भन्ने कुराको वैज्ञानिक अध्ययन आवश्यक हुन्छ। स्नातक तहका विद्यार्थीहरूले आफ्नो फिल्डवर्क वा थेसिसको क्रममा स्थानीय स्तरमा स्वास्थ्य सर्वेक्षण गर्न सक्छन्। उनीहरूले संकलन गरेको तथ्याङ्क (जस्तै कुन उचाइमा नयाँ रोगहरू देखिएका छन) नीति निर्माताहरूका लागि योजना बनाउन महत्वपूर्ण आधार बन्न सक्छ।

**वकालत र नेतृत्व**

विद्यार्थीहरूले स्थानीय सरकार र सरोकारवाला निकायहरूलाई जलवायु उत्थानशील स्वास्थ्य नीति बनाउन दबाब दिन सक्छन्। अस्पतालहरूलाई हरित पूर्वाधारमा रूपान्तरण गर्न, अस्पतालबाट निस्कने फोहोरको सही व्यवस्थापन गर्न र स्वास्थ्य क्षेत्रमा जलवायु कोषको माग गर्न उनीहरूले वकालत गर्नुपर्छ। उनीहरू भविष्यका नीति निर्माता हुन, त्यसैले आजैदेखि नेतृत्व लिनु आवश्यक छ।

**स्वास्थ्यको प्रवर्धन**

जलवायु परिवर्तनका कारण धेरैजसो नयाँ रोगहरू जनावरबाट मानिसमा सर्ने भएकाले, विद्यार्थीहरूले मानव स्वास्थ्य, पशु स्वास्थ्य र वातावरणलाई एकीकृत रूपमा हेर्ने एक स्वास्थ्यु अवधारणालाई समुदायमा स्थापित गर्न मद्दत गर्न सक्छन्। वन विनाश र जलवायु परिवर्तनले कसरी नयाँ महामारी निम्त्याउँछ भन्ने कुरा समुदायलाई बुझाउनु उनीहरूको दायित्व हो। जलवायु परिवर्तनले निम्त्याएको स्वास्थ्य संकटलाई सम्बोधन गर्न दुईवटा मुख्य रणनीतिहरू अपनाउनु आवश्यक छन न्यूनीकरण र

अनुकूलन, न्यूनीकरणले समस्याको जडलाई कम गर्ने प्रयास गर्छ भने, अनुकूलनले भइरहेको परिवर्तनसँग जुध्न र क्षति कम गर्न मद्दत गर्छ।

**समाधानका उपायहरू न्यूनीकरण र अनुकूलन**

जलवायु परिवर्तनले निम्त्याएको स्वास्थ्य संकटलाई सम्बोधन गर्न दुईवटा मुख्य रणनीतिहरू अपनाउनु आवश्यक छस् न्यूनीकरण र अनुकूलन। न्यूनीकरणले समस्याको जडलाई कम गर्ने प्रयास गर्छ भने, अनुकूलनले भइरहेको परिवर्तनसँग जुध्न र क्षति कम गर्न मद्दत गर्छ।

स्वास्थ्य शिक्षाका विद्यार्थी र समुदायको सन्दर्भमा यी उपायहरूलाई निम्न अनुसार व्याख्या गर्न सकिन्छ।

**न्यूनीकरण रणनीति**

न्यूनीकरणको मुख्य उद्देश्य वायुमण्डलमा कार्बनको मात्रा घटाई तापक्रम वृद्धिलाई रोक्नु हो। यसले दीर्घकालीन रूपमा जनस्वास्थ्यको रक्षा गर्छ। स्वच्छ ऊर्जाको प्रवद्र्धन परम्परागत इन्धनको प्रयोगले घरभित्रको वायु प्रदूषण बढाउँछ, जसले श्वासप्रश्वास सम्बन्धी रोग निम्त्याउँछ। विद्युतीय चुलो वा सौर्य ऊर्जाको प्रयोगलाई प्रोत्साहन गर्दा एकातिर कार्बन उत्सर्जन घट्छ भने अर्कोतिर फोक्सो र मुटुको स्वास्थ्यमा सुधार आउँछ। सक्रिय र हरित यातायात पेट्रोलियम पदार्थबाट चल्ने सवारी साधनको सट्टा पैदल यात्रा वा साइकलको प्रयोग बढाउँदा वायु प्रदूषण कम हुन्छ। यसले वायुमण्डललाई मात्र फाइदा गर्दैन, बरु मोटोपन र मधुमेह जस्ता नसर्ने रोगहरू घटाउन पनि मद्दत गर्छ। वन संरक्षण र वृक्षारोपण रुखहरूले कार्बन सोस्ने मात्र नभई शहरी ताप टापुुको प्रभावलाई कम गरी शीतल वातावरण प्रदान गर्छन जसले ुहिट स्ट्रोकको जोखिम घटाउँछ।

**अनुकूलन रणनीति**

अनुकूलन भनेको जलवायु परिवर्तनका कारण देखा परेका स्वास्थ्य समस्याहरूसँग जुध्न सक्ने क्षमताको विकास गर्नु हो। स्वास्थ्य प्रणालीको सुदृढीकरण अस्पताल र स्वास्थ्य चौकीहरूलाई बाढी, पहिरो वा भूकम्प जस्ता विपदमा पनि सेवा दिन सक्ने गरी निर्माण गर्नुपर्छ। अस्पतालहरूमा नवीकरणीय ऊर्जा  जडान गर्दा बिजुली काटिएको अवस्थामा पनि आकस्मिक सेवा सुचारु राख्न सकिन्छ।

**पूर्व सूचना प्रणाली**

मौसमको पूर्वानुमान गरी सम्भावित महामारी वा प्राकृतिक विपद्बारे समुदायलाई पहिल्यै जानकारी दिने प्रविधिको विकास गर्नुपर्छ। यसले गर्दा मानिसहरू सुरक्षित स्थानमा जान र आवश्यक औषधिको भण्डारण गर्न सक्छन्।

**लक्षित समूह छलफल**

स्वास्थ्य शिक्षाका विद्यार्थीहरूका लागि समुदायको वास्तविक समस्या बुझ्ने र प्रभावकारी स्वास्थ्य कार्यक्रम तर्जुमा गर्ने एउटा महत्वपूर्ण गुणात्मक अनुसन्धान विधि हो। यसले समुदायका मानिसहरूको धारणा, विश्वास र व्यवहारको गहिराइमा पुग्न मद्दत गर्छ।

**निष्कर्ष**

जलवायु परिवर्तन र स्वास्थ्यको सम्बन्धलाई विच्छेद गर्न सकिँदैन। जब पृथ्वीको पारिस्थितिक प्रणाली बिग्रन्छ, त्यसको प्रत्यक्ष मार मानव शरीरको रोग प्रतिरोधात्मक क्षमता र जीवनचक्रमा पर्दछ। बढ्दो तापक्रम, अनपेक्षित बाढी, र नयाँ उचाइमा फैलिरहेका सरुवा रोगहरूले हाम्रो स्वास्थ्य प्रणालीको कमजोरीलाई उजागर गरिदिएका छन्। यस्तो बेला स्वास्थ्य शिक्षाका विद्यार्थीहरूले क्लिनिक वा अस्पतालको चार पर्खालभन्दा बाहिर निस्किएर समुदायको वास्तविक धरातलमा काम गर्नु आजको आवश्यकता हो। विद्यार्थीहरूले ुपरिवर्तनको संवाहकु बनेर समुदायमा रोकथाम र अनुकूलनका सीपहरू हस्तान्तरण गर्नुपर्छ। उनीहरूले गर्ने ससाना प्रयासहरू—जस्तै स्थानीय स्तरमा गरिने केन्द्रित समूह छलफल , विद्यालयहरूमा सञ्चालित सचेतना अभियान, र सामाजिक सञ्जाल मार्फत प्रवाह गरिने सही सूचनाले नै ठूला महामारीहरूलाई रोक्न मद्दत गर्छन्। विद्यार्थीहरूले केवल ज्ञान प्राप्त गर्ने मात्र होइन, बरु त्यस ज्ञानलाई नीतिगत वकालतमा बदल्न पनि नेतृत्व लिनुपर्छ। जलवायु(उत्थानशील स्वास्थ्य सेवा र हरित जीवनशैलीु लाई प्रवद्र्धन गर्न उनीहरूको आवाज प्रभावकारी हुन सक्छ। समाधानका उपायहरूमा न्यूनीकरण र अनुकूलन दुवैलाई सँगसँगै लैजानु अनिवार्य छ। हरितगृह ग्यास उत्सर्जन घटाउने व्यक्तिगत र सामूहिक प्रयासले भविष्यको जोखिम कम गर्छ भने, भइरहेको परिवर्तनसँग जुध्नका लागि स्वास्थ्य पूर्वाधारलाई बलियो बनाउनु र एक स्वास्थ्यको अवधारणालाई आत्मसात गर्नु अपरिहार्य छ।

अन्तमा, जलवायु परिवर्तनले निम्त्याएको यो संकटलाई टार्न सरकार, वैज्ञानिक र नागरिक सबैको साझा प्रयास चाहिन्छ। तर, स्वास्थ्य शिक्षाका विद्यार्थीहरू यस लडाइँको अग्रपङ्क्तिका सिपाही हुन्। उनीहरूको सक्रियता, अनुसन्धान र सामुदायिक वकालतले नै हामीलाई यस्तो भविष्य तर्फ लैजान सक्छ जहाँ वातावरण र मानव स्वास्थ्य दुवै सुरक्षित रहन सकुन्। हामीले आज गर्ने स(साना सुधार र चेतनाका कार्यहरूले नै भोलिको पुस्तालाई एउटा स्वस्थ र बस्न योग्य पृथ्वी उपहार दिन सक्नेछन्। त्यसैले, स्वास्थ्य शिक्षाका प्रत्येक विद्यार्थीले अब आफूलाई स्वास्थ्यकर्र्मी का साथसाथै जलवायु योद्धाका रूपमा पनि उभ्याउनु पर्ने बेला आएको छ।

# Knowledge with Purpose: The Need for Humanities and Social Sciences in Higher Education



Ramesh Kandel
Lecturer,
Okhaldhunga Campus, Okhaldhunga

**Creating context**

Humanities and social sciences is a faculty of study that encompasses disciplines such as literature, philosophy, history, sociology, anthropology, political science, ethics, and cultural studies. But this era is characterized by scientific and technological advancements including artificial intelligence, digital infrastructures, and globalization that emphasizes isolated technological and economic. The faculty or field imbue knowledge with intentionality redirecting emphasis from isolated technological and economic pursuits toward human centered concerns, including empathy, equity, preservation of cultural ideals, and equitable advancement.

The present society is moving forward at an unprecedented pace so that higher education faces a profound crossroads. Contemporary society has increasingly embraced a utilitarian perspective, conceptualizing education predominantly as an instrument for economic expansion, employment procurement, and financial prosperity. This dominant narrative frames education as a utilitarian tool for economic growth, job acquisition, and technological mastery. Yet, this narrow focus risks eroding the very essence of what makes us human: empathy, ethical reasoning, historical awareness, and social responsibility. This orientation has commodified knowledge, marginalizing its core objectives i.e. the cultivation of human advancement, ethical accountability, and societal integration. As we observe the rapid shift toward digitalization and

utilitarianism, it exacerbates divides between rural and urban communities, the educated and the ignorant, and across lines of race, gender, caste, and class. Humanities and social sciences is marginalized in this era. So it needs to reclaim education's primary social mission i.e. knowledge with purpose, not merely for personal gain but for collective human development.

This article argues for a renewed emphasis on humanities and social sciences in higher education positing that the incorporation of humanities and social sciences is imperative for mitigating divisions, developing ethical foundations, and orienting progress toward a compassionate society. Amidst the allure of STEM fields and AI-driven innovations, we must address the societal pitfalls of a utilitarian mindset which is detached from humanitarian ideals, ethical voids, diminished socialization, and disregard for historical achievements. By integrating these disciplines, higher education can bridge gaps, foster inclusive societies, and guide technological progress with moral purpose. At present traditional values clash with modernization. In this context we explore the imperative for purpose driven knowledge that prioritizes humanity over mere efficiency.

**Efficiency over Ethics in Education**

Contemporary higher education has undergone a profound utilitarian transformation, prioritizing employability and economic productivity over holistic development. Government of Nepal has made the policies like the National Education Policy 2020 which focuses on STEM fields to drive technological innovation. Educational degrees are for their market value and success is measured by placement rates and salaries. This utilitarian approach focuses on fostering skills for a competitive global economy which breeds a narrow worldview rather than a tool for advancing an individual with broader social responsibilities. This approach made an individual isolated and self-centered minimizing the holistic perspective on social development.

This utilitarian psychology and mindset of the youths question and challenge the established societal trends. Rapid technological progress amplifies digital importance, enabling instant communication and information access but it leads to less socialization and emotional isolation. Young people get engaged in screens by reducing face-to-face interactions and weakening physical community bonds. Individualism and emotional isolation is the byproduct of shift in educational trends from humanitarian curricula that

focuses on holistic development of an individual to utilitarian curricula that prioritizes individualism and isolation.

As we observe the access of latest technology, we find the inequality regarding expansion of those services which develops the gap and increase the digital divide. The digital divide intensifies inequalities as urban elites in Kathmandu enjoy high-speed internet and advanced tools, while rural areas like Okhaldhunga face infrastructure shortages, leaving disadvantaged students behind. This gap extends developed versus underdeveloped regions globally, perpetuating cycles of ignorance and exclusion among the undereducated. This shift no more addresses need of rural people to the access of global properties and expands the gap of opportunity more than earlier.

Ethical absence is another dire consequence. The rapid growth of AI and biotechnology has created a dangerous ethical gap, where technological power far outpaces our moral judgment. This leads to unaddressed risks like data privacy breaches and biased algorithms that reinforce social discrimination. Furthermore, automation is widening the divide between social classes, while a growing indifference toward history including Nepal's democratic struggles and global civil rights movements means we are losing the lessons needed to prevent repeated injustices. Ultimately, we are producing graduates who are technically skilled but lack the compassion and responsibility required to build a harmonious society.

The humanities and social sciences are the essential "moral compass" for our modern world. They teach us how to spot misinformation, apply ethics to technology, and use history to guide our future. Without these subjects, higher education might produce people who are technically efficient but lack the empathy and values needed to keep a society together.

**Saving Values in a Digital Age**

The subjects of humanities and social sciences teach us how to be human in a complex world. It develops empathy through literature. By reading literature, such as the poetry of Laxmi Prasad Devkota or stories from marginalized groups, students learn to feel empathy for others. This builds compassion, countering the isolation of digital life and addressing discriminations by promoting mutual respect in multicultural societies like Nepal. Human values, respect to each other, justice, tolerance, honesty, and

responsibility form the bedrock of healthy communities which are eroded in utilitarian education as modern education trend focuses only on jobs and financial gain. Subjects of humanities and social sciences like philosophy and ethics help us to solve the issue of fairness providing moral frameworks for navigating technological dilemmas. Similarly, Sociology and Anthropology dissect social structures, revealing how caste, gender, racial, and class discriminations are perpetuated, and inspire solutions for inclusion. Political science and history educate on rights, duties, governance, and human rights, empowering students to participate peacefully and responsibly in Nepal's ongoing democratic journey. They cultivate critical thinking, peaceful expression, and respect for differing views, strengthening grassroots democracy against political uncertainty and social exclusion. In rural areas like Okhaldhunga, where many people struggle with unemployment and migration, these lessons give students a sense of purpose. Instead of just looking for work and individual advancement, they become leaders who fight for social justice and contribute to the needy ones.

Preservation of the tradition and cultural identity is another key role of education. As the globalization is the cry of the day, the study of the subjects of humanities and social sciences aware the students about the urgency of the protection of our culture from being lost. As the globalization threatens local traditions, humanities revive them through language studies, folklore, and cultural research. By studying local languages and the heritage of the Rai and Sherpa communities, schools and campuses can document and promote these elements, bridging generational gaps and countering cultural homogenization. This preserves historical achievements while fostering pride and responsibility, ensuring knowledge serves cultural continuity rather than erasure.

**Humanities: Building Better Society and Tech Together**

Humanities subjects are key drivers of positive change in society. They help students fight deep-rooted problems like poverty, unfairness, and exclusion, which tech often makes worse. Literature brings attention to ignored stories, history shows examples of group efforts for justice, and social sciences give ways to plan fairer worlds. Graduates go into jobs like teaching, helping others, reporting news, running offices, or leading groups, using kind and people-focused ideas to solve real issues. In science and tech jobs, humanities make sure new things are fair for everyone.

Okhaldhunga Campus, as a community campus affiliated to Tribhuvan University's courses in Economics, Sociology, and Nepali Literature, show this in action for technology driven society. For the students of humanities study of the course mean gaining power and joining society, not just getting a job. The courses tie lessons to everyday problems, building a sense of duty and togetherness. In the context of Nepal, the society is divided between city and village life. These old local knowledge minimize the misunderstanding and help in creating peace. Courses in humanities and social sciences are most needed when they team up with science and tech, as partners not enemies. Science gives the tools for new ideas, but humanities add the right rules and values to use them well. Students need to learn tech skills with good judgment, using tools to protect old stories, fight unfair ideas, and fix gaps between groups.

The latest crosscutting problems like changes in weather or online dangers need this teamwork. Tech fixes work best when based on real care for people, leading to strong, right, and open-for-all growth. Humanities values high is making progress more human, matching new ideas with everyone's good and honest ways.

**Challenges and Solutions for Humanities in Higher Education**

Courses and subjects of humanities and social sciences are valuable, but they face significant hurdles. Fewer students enroll because parents and students prefer fields that lead straight to jobs, thinking humanities are old and useless or outdated. Exam oriented systems stifle discussion and reflection, while curricula often disconnect from contemporary issues like media literacy, gender studies, and environmental humanities.

To make the knowledge purposeful or useful again, higher education needs changes. Raising awareness among parents, students, and policymakers about humanities that builds adaptable skills for meaningful careers in education, media, civil service, NGOs, and development is needed. It is needed to update curricula to include digital culture, inequality, and ethics, encouraging project-based learning and community engagement. Investment in resources for rural campuses, fostering collaborations with urban institutions to narrow divides is the need for present. Promotion of interdisciplinary programs that humanize technology, addressing ethical absences and fostering responsibility is to be promoted.

Educators and institutions bear special responsibility. Stakeholders need to play model ethical leadership, advocate for balanced funding, and counter utilitarian criticisms by highlighting humanities' long-term societal returns. In Nepal, partnerships can blend global insights with local needs; ensuring education bridges gaps and respects diversity.

**Conclusion**

In the end, humanities and social sciences are vital for a balanced world. They add purpose to knowledge in a time ruled by tech and jobs. Knowledge with purpose is rooted in humanities and social sciences that restore humanity by rebuilding socialization, ethical responsibility, respect for history, and attachment to humanitarian ideals. These subjects build empathy, ethics, and social bonds, fighting problems like inequality and isolation. They help bridge gaps between rural and urban areas, especially in Nepal, by mixing old traditions with new skills. Subjects of humanities connect education to cultural roots and social needs, empowering students as compassionate citizens. Education should prepare not only for professions but for life, guiding progress with human values. By recommitting to humanities, we ensure a future where knowledge serves all, not just the privileged, securing true human flourishing.

Without them, education focuses only on money and efficiency, ignoring human values. But by teaming up with science and tech, we create fair innovations that solve big issues like climate change and digital divides. To move forward, we must update courses, raise awareness, and invest in rural schools. Teachers and leaders should push for equal funding and show humanities' long-term benefits. This way higher education can foster inclusive, compassionate societies where progress serves everyone.

# नेपालको शिक्षामा समावेशिता: चुनौति र सम्भावनाहरु



देवेन्द्रबहादुर बानिया

ओखलढुङ्गा क्याम्पस ओखलढुङ्गा

**लेखसार**

प्रस्तुत लेख नेपालको शैक्षिक प्रणालीमा समावेशिताको अवधारणा, यसका अन्तर्राष्ट्रिय मापदण्ड र नेपाली सन्दर्भमा यसको अभ्यासमा केन्द्रित छ। शिक्षालाई मौलिक हकको रूपमा स्थापित गरेपछि जात, धर्म, लिङ्ग, अपाङ्गता र भूगोलका आधारमा पछाडि पारिएका समुदायलाई शिक्षाको मूल प्रवाहमा ल्याउनु समावेशी शिक्षाको मुख्य ध्येय हो। यस लेखले नीतिगत व्यवस्था र कार्यान्वयनबीचको खाडललाई केलाउँदै सरोकारवालाहरूको जिम्मेवारी र भविष्यको मार्गचित्र प्रस्तुत गरेको छ।

## १. विषय प्रवेश

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र भौगोलिक रूपमा विविधतायुक्त देश हो। यहाँका विद्यार्थीहरू विभिन्न जाति, भाषा, लिङ्ग, अपाङ्गता, आर्थिक अवस्था, भौगोलिक स्थान र सांस्कृतिक पृष्ठभूमिबाट आउँछन्। यस्तो विविधतामा समावेशी शिक्षाले सबै विद्यार्थीलाई समान अवसर, सम्मानजनक सहभागिता र गुणस्तरीय शिक्षाको हक सुनिश्चित गर्दछ। समावेशी शिक्षाको अवधारणा संयुक्त राष्ट्रसंघको दिगो विकास लक्ष्य (SDG 4) र नेपालको संविधान २०७२ को धारा ३१ सँग जोडिएको छ, यसले आधारभूत तहसम्म अनिवार्य तथा निःशुल्क शिक्षा र माध्यमिक तहसम्म निःशुल्क शिक्षाको व्यवस्था गरेको छ।

यद्यपि नीतिगत रूपमा उल्लेखनीय प्रगति भए पनि व्यवहारिक कार्यान्वयनमा प्रशस्तै चुनौतीहरू छन्। अपाङ्गता भएका बालबालिका, दलित, जनजाति, गरिब, ग्रामीण क्षेत्रका विद्यार्थी र भाषिक अल्पसंख्यकहरूको पहुँच र सहभागिता अझै सीमित छ। यो लेखमा समावेशी शिक्षाको दर्शन,

अन्तर्राष्ट्रिय तथा राष्ट्रिय दस्तावेजहरू, कानुन/नीति/योजनाहरू, पाठ्यक्रम, छलफल ,चुनौती र सम्भावना र निष्कर्ष प्रस्तुत गर्ने प्रयास गरिएको छ।

## २. समावेशी शिक्षासम्बन्धि दर्शन र सिद्धान्त

समावेशी शिक्षाको दर्शन मानव अधिकारमा आधारित छ। यसले विविधतालाई शक्ति मान्दछ। सबै बालबालिकालाई नियमित विद्यालयमा उनीहरूको आवश्यकता अनुसार सहयोग प्रदान गरी शिक्षित गर्नुपर्छ भन्ने मान्यता राख्छ।

**यसका मुख्य सिद्धान्तहरू निम्नानुसार छन्:**

- समानता र अहिंसा भेदभाव
- सहभागिता र पहुँच
- शिक्षाको गुणस्तर
- Universal Design for Learning (UDL)

यो दर्शनले विशेष शिक्षा (segregated) बाट एकीकृत हुँदै पूर्ण समावेशीतर्फ (inclusive) संक्रमणलाई जोड दिन्छ। विविधता सम्मान गर्दै समाजमा समानता र सामाजिक न्याय स्थापना गर्नु यसको मूल लक्ष्य हो।

समावेशी शिक्षा बालबलिकालाई विद्यालय भर्ना गर्ने प्रक्रिया मात्र होइन। यो एउटा न्यायपूर्ण शैक्षिक दर्शन हो । यसले समानता र भेदभावहीनतालाई आफ्नो प्राथमिकतामा राख्दछ। अपाङ्गता, जाति, लिङ्ग वा भाषाका आधारमा गरिने जुनसुकै विभेदलाई पूर्णतः इन्कार गर्दै हरेक बालबालिकालाई समान अधिकारका साथ सिक्ने वातावरण प्रदान गर्छ। यस प्रक्रियामा सहभागिता र पहुँचको सुनिश्चितता गरिन्छ । जसका कारणले विद्यालयका भौतिक संरचना मात्र नभई शैक्षिक र सामाजिक अवरोधहरूलाई समेत हटाएर सबै विद्यार्थीलाई सक्रिय रूपमा क्रियाशील बनाउन मद्दत पुर्‍याउँछ। शिक्षालाई केवल साक्षरतामा सीमित नराखी गुणस्तरीय, बालकेन्द्रित र जीवनोपयोगी बनाउनु यसको अर्को महत्वपूर्ण पक्ष हो, जहाँ विद्यार्थीको व्यक्तिगत क्षमता र आवश्यकतालाई प्राथमिकता दिइन्छ। यस व्यवस्थालाई व्यवहारिक रूपमा सफल पार्न **Universal Design for Learning (UDL)** को अवधारणा प्रयोग गरिन्छ। यसले पाठ्यक्रम, शिक्षण विधि र मूल्याङ्कन प्रक्रियालाई यस्तो लचिलो ढाँचामा तयार गर्छ कि जसबाट फरक-फरक क्षमता भएका सबै विद्यार्थीले एकैसाथ सिक्न सक्छन्। यो कुनै एक व्यक्तिको प्रयासले मात्र सम्भव नहुने भएकाले यसमा शिक्षक, अभिभावक, समुदाय र विज्ञहरूबीचको घनिष्ठ सहकार्य अनिवार्य हुन्छ। समग्रमा, समावेशी शिक्षाले विशेष वा छुट्टै शिक्षा

(Segregation) बाट माथि उठेर पूर्ण समावेशीकरणतर्फको यात्रालाई जोड दिन्छ। यसको मुख्य लक्ष्य भनेको समाजमा रहेका विविधतालाई बाधाका रूपमा नभई सम्पत्तिका रूपमा स्वीकार गर्दै सामाजिक न्याय र समानता मा आधारित समतामूलक समाजको निर्माण गर्नु रह्को छ।

## ३. सम्बन्धित दस्तावेजमा समावेशी शिक्षासम्बन्धि दृष्टिकोण

अन्तर्राष्ट्रिय दस्तावेजहरूले समावेशी शिक्षालाई विश्वको मानक बनाएका छन्।

**सालामान्का घोषणापत्र (१९९४)** ले विशेष आवश्यकता भएका बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउन "सबैका लागि विद्यालय" (Schools for All) को क्रान्तिकारी अवधारणा अघि सारेको हो। यसले स्पष्ट रूपमा हरेक बालबालिकामा सिक्ने मौलिक अधिकार हुन्छ र उनीहरूको रुचि, क्षमता र सिकाइका आवश्यकताहरू विशिष्ट हुन्छन् भन्ने मान्यता राख्यो । त्यसैले शिक्षा प्रणाली र कार्यक्रमहरू ती विविधतालाई सम्बोधन गर्ने गरी बनाइनुपर्छ। यो दस्तावेजले "विशेष शिक्षा" को पुरानो र अलग्याउने (Segregated) पद्धतिलाई चुनौती दिँदै नियमित विद्यालयहरूले नै समावेशी समाज निर्माण गर्ने र भेदभाव हटाउने सबैभन्दा प्रभावकारी भूमिका निर्वाह गर्न सक्छन भन्ने तथ्यलाई स्थापित गऱ्यो।

यो घोषणापत्रले समावेशी शिक्षालाई मानवअधिकारको विषय मात्र नभई एक आर्थिक र सामाजिक आवश्यकताका रूपमा समेत व्याख्या गरेको छ। सालामान्का मान्यता अनुसार, जब विशेष आवश्यकता भएका बालबालिकालाई उनीहरूका अन्य साथीहरूसँगै नियमित विद्यालयमा सिकाइन्छ, तब मात्र उनीहरूमा आत्म-सम्मान र सामाजिक सीपको विकास हुन्छ। यसले सरकारहरूलाई यस्तो नीति बनाउन प्रेरित गऱ्यो जहाँ विद्यालयहरूले सबै बालबालिकालाई उनीहरूको शारीरिक, बौद्धिक, सामाजिक वा भाषिक अवस्था जस्तोसुकै भए पनि स्वीकार गर्नुपर्छ। अन्ततः, यस दस्तावेजले विद्यालयहरूलाई लचिलो र सक्षम बनाउनुपर्नेमा जोड दिएका कारणले कुनै पनि बालबालिकालाई अयोग्य ठान्नुहुदैँन । उनीहरूको आवश्यकता अनुसारको शिक्षा प्रदान गर्न सक्नु पर्छ भन्ने मान्यता स्थापित भएको छ।

**सालामान्का घोषणापत्रले नेपालको शिक्षा नीतिमा पारेको प्रभाव**

नेपालले सालामान्का घोषणापत्रमा हस्ताक्षर गरेपछि आफ्ना राष्ट्रिय शिक्षा नीतिहरूलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल बनाउन सुरु गऱ्यो। यसको प्रत्यक्ष प्रभाव स्वरूप शिक्षा ऐन र नियमावलीहरूमा व्यापक परिमार्जन गरियो। अपाङ्गता भएका वा सीमान्तकृत समूहका बालबालिकालाई नियमित विद्यालयमै शिक्षा दिने कानुनी आधार तयार गऱ्यो। विशेष शिक्षा नीति (२०५३) देखि समावेशी शिक्षा नीति (२०७३) सम्म आइपुग्दा नेपालले 'सबैका लागि शिक्षा' भन्ने मूल मन्त्रलाई आत्मसात्

गर्दै स्रोत कक्षाहरूको स्थापना, छात्रवृत्ति व्यवस्था र शिक्षक तालिममा समावेशीकरणलाई प्राथमिकता दियो। विद्यालय क्षेत्र सुधार योजना (SSRP) र हालको विद्यालय शिक्षा क्षेत्र योजना (SSDP) ले भौतिक पूर्वाधारलाई अपाङ्गमैत्री बनाउने र बहुभाषिक शिक्षण विधिलाई अगाडि बढाउने कार्यमा सालामान्काकै भावनालाई पछ्याएका छन्। यसले समाजमा व्याप्त शैक्षिक विभेदलाई कम गर्दै हरेक बालबालिकाको सिकाइ अधिकारलाई सुनिश्चित गर्ने दिशामा राज्यलाई उत्तरदायी बनाएको छ।

सालामान्का घोषणापत्रले कोरेको मार्गचित्रले नेपालको शिक्षा प्रणालीलाई  साक्षरता अभियानमा मात्र सीमित राखेन  विविधतालाई उत्सवका रूपमा स्वीकार गर्‍यो। हरेक बालबालिकाको विशिष्ट क्षमतालाई सम्मान गर्ने एक न्यायपूर्ण र समतामूलक शैक्षिक संस्कारको जग बसालेको छ।

संयुक्त राष्ट्रसंघको अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि (CRPD, 2006), धारा २४: अपाङ्गता भएका व्यक्तिलाई समावेशी, गुणस्तरीय र निःशुल्क शिक्षाको हक। नेपालले २०१० मा अनुमोदन गरेको छ।

**CRPD (२००६) को धारा २४ र नेपालको प्रतिबद्धता**

संयुक्त राष्ट्रसंघको अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि (CRPD, 2006) को धारा २४ ले अपाङ्गता भएका व्यक्तिहरूलाई विभेदविहीन र समान अवसरका आधारमा समावेशी, गुणस्तरीय र निःशुल्क शिक्षाको अधिकार सुनिश्चित गरेको छ। यसले शिक्षा प्रणालीलाई यस्तो बनाउन जोड दिन्छ जहाँ अपाङ्गता भएका बालबालिकालाई सामान्य शिक्षा प्रणालीबाट बाहिर राखिँदैन, बरु उनीहरूको व्यक्तिगत विकास, प्रतिभा र सिर्जनात्मकतालाई पूर्ण रूपमा प्रस्फुटन गर्न आवश्यक पर्ने 'चित्तबुझ्दो आवास' (Reasonable Accommodation) र सहयोगी सामग्रीको व्यवस्था गरिन्छ। नेपालले सन् २०१० मा यस महासन्धिलाई अनुमोदन गरेसँगै आफ्नो राष्ट्रिय कानुन र नीतिहरूलाई अन्तर्राष्ट्रिय मानवअधिकारको मापदण्डसँग तादम्यता मिलाउन कानुनी रूपमा बाध्यकारी प्रतिबद्धता जनाएको छ। यसैको फलस्वरूप नेपालको संविधान र 'अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४' ले समावेशी शिक्षालाई मौलिक हकको रूपमा आत्मसात् गर्दै अपाङ्गताका आधारमा शिक्षामा हुने अवरोधहरूलाई हटाउने लक्ष्य राखेको छ। "CRPD को अनुमोदन केवल एक अन्तर्राष्ट्रिय दस्ताबेजमा हस्ताक्षर मात्र नभई, नेपालको शैक्षिक प्रणालीलाई बहिष्करणको पुराना संरचनाबाट मुक्त गरी हरेक नागरिकको विशिष्ट क्षमतालाई राज्यको मूलधारमा जोड्ने एक साहसिक र न्यायपूर्ण संकल्प हो।"

इन्चियोन घोषणापत्र (2015) र SDG 4: समावेशी तथा समान गुणस्तरीय शिक्षालाई २०३० सम्मको लक्ष्य बनाएको छ।

**इन्चियोन घोषणापत्र (२०१५) र दिगो विकास लक्ष्य ४ (SDG 4)** ले विश्वव्यापी शिक्षाको मार्गचित्रलाई नयाँ उचाइमा पुर्‍याउँदै समावेशी तथा समान गुणस्तरीय शिक्षालाई सन् २०३० सम्मको मुख्य लक्ष्यका रूपमा स्थापित गरेका छन्। इन्चियोनमा भएको विश्व शिक्षा मञ्चले "शिक्षा २०३०" को दृष्टिकोण अघि सार्दै, कसैलाई पनि पछि नछाड्ने (Leaving no one behind) संकल्पका साथ शिक्षालाई एक सार्वजनिक वस्तु र आधारभूत मानवअधिकारको रूपमा व्याख्या गरेको छ। यसैको अभिन्न अंगका रूपमा रहेको **SDG 4** ले केवल विद्यालयमा पहुँच मात्र नभई, सबैका लागि समावेशी, समतामूलक, र गुणस्तरीय शिक्षा सुनिश्चित गर्दै आजीवन सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ। नेपालले पनि यस अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई आफ्नो राष्ट्रिय योजना र 'विद्यालय शिक्षा क्षेत्र योजना' (SESP) मा समाहित गर्दै, भौगोलिक, सामाजिक, र शारीरिक रूपमा पिछडिएका वर्गलाई शिक्षाको मूलधारमा ल्याउन र गुणस्तरमा सुधार गर्न आफ्ना नीतिहरूलाई केन्द्रित गरेको ।

## ४. कानुन, नीति, आयोगका प्रतिवेदन तथा शिक्षा सम्बन्धि योजनाहरुमा समावेशी शिक्षा सम्बन्धि दृष्टिकोण

नेपालको कानुनी तथा नीतिगत ढाँचाले समावेशी शिक्षालाई राज्यको एउटा अनिवार्य दायित्वका रूपमा स्थापित गरेको छ।

### नेपालको समावेशी शिक्षासम्बन्धी कानुनी तथा नीतिगत आधारहरू

नेपालको शैक्षिक प्रणालीलाई समतामूलक बनाउन नेपालको संविधान (२०७२) ले यथासम्भव प्रयास गरेको छ । संविधानको धारा १८ ले समानताको हक र धारा ३१ ले शिक्षाको हकलाई सुनिश्चित गरेको छ। संविधानले आधारभूत शिक्षालाई अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षालाई निःशुल्क बनाउनुका साथै अपाङ्गता भएका व्यक्तिका लागि ब्रेललिपि, साङ्केतिक भाषा र उच्च शिक्षामा निःशुल्क शिक्षाको विशेष व्यवस्था गरेको छ। संवैधानिक भावनालाई मूर्त रूप दिन अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन (२०७४) ले अपाङ्गताका आधारमा हुने कुनै पनि विभेदलाई निषेध गर्दै वैकल्पिक शिक्षण सामग्री र समावेशी वातावरणको प्रत्याभूति गरेको छ। त्यस्तै, समावेशी शिक्षा नीति (२०७३) ले समुदायमा आधारित शिक्षा र सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गैर-भेदभावपूर्ण सिकाइको वातावरणमा वकालत गर्दछ।

कानुनी कडाइका साथ अनिवार्य तथा निःशुल्क शिक्षा ऐन (२०७५) ले कुनै पनि बहानामा अपाङ्गता भएका बालबालिकालाई सामान्य विद्यालयमा भर्ना अस्वीकार गर्न नपाइने व्यवस्था गरेको छ। योजनागत रूपमा, विद्यालय क्षेत्र विकास योजना **(SSDP)** र हाल कार्यान्वयनमा रहेको विद्यालय शिक्षा क्षेत्र योजना **(SESP, २०२२-२०३२)** ले 'Equity Index' (समता सूचकांक) मार्फत पछाडि परेका समूहलाई मुख्यधारामा ल्याउने र हालका स्रोत कक्षाहरूलाई 'समावेशी हब' का रूपमा रूपान्तरण गर्ने लक्ष्य राखेका छन्। यसैगरी, एकिकृत समानता रणनीति (२०१४) ले लिङ्ग, जाति, भाषा र अपाङ्गता लगायतका आठ आयाममा समानता खोजेको छ भने **राष्ट्रिय शिक्षा नीति (२०७६)** ले अपाङ्गताको प्रकृति र गम्भीरता अनुसार समावेशी र विशेष शिक्षाको प्रावधान गरी नीतिगत आधारलाई थप परिष्कृत बनाएको छ।

"नेपालका यी सवल कानुनी र नीतिगत व्यवस्थाहरूले समावेशी शिक्षालाई कागजी रहरमा मात्र सीमित नराखी, हरेक बालबालिकाको विविधतालाई सम्मान गर्दै उनीहरूको नैसर्गिक सिकाइ अधिकार सुनिश्चित गर्ने राज्यको अटुट प्रतिबद्धतालाई झल्काउँछन्।"

## ५. विद्यालयीय पाठ्यक्रममा समावेशी शिक्षाको दृष्टिकोण

नेपालको विद्यालयीय पाठ्यक्रमलाई समावेशी र समसामयिक बनाउन पाठ्यक्रम विकास केन्द्र (CDC) ले राष्ट्रिय पाठ्यक्रम ढाँचा (NCF) २०६३ लाई परिमार्जन गरी २०७६ मा नयाँ ढाँचा कार्यान्वयनमा ल्याएको छ। यस पाठ्यक्रमले बालकेन्द्रित, क्षमतामा आधारित र कक्षा १–३ मा एकीकृत पाठ्यक्रमको अवधारणालाई आत्मसात् गर्दै शिक्षालाई बढी समावेशी बनाएको छ। स्थानीय आवश्यकतालाई सम्बोधन गर्न मातृभाषामा आधारित शिक्षण र स्थानीय विषयवस्तुलाई प्राथमिकता दिइएको छ। साथै, फरक क्षमता भएका विद्यार्थीका लागि ब्रेल तथा साङ्केतिक भाषाका सामग्री, अनुकूलित शिक्षण विधि र मूल्याङ्कन प्रणालीको व्यवस्था गरिएको छ।

विद्यालय क्षेत्र विकास योजना (SSDP) र विद्यालय क्षेत्र शिक्षा योजना (SESP) का लक्ष्य अनुरूप पाठ्यक्रममा सिकाइको विश्वव्यापी रूपरेखा (UDL) को सिद्धान्त, सूचना तथा सञ्चार प्रविधि (ICT) को एकीकरण र जीवनोपयोगी सीपहरूलाई समावेश गरिएको छ। विपद् जोखिम न्यूनीकरण (DRR), लैङ्गिक मैत्री वातावरण र अपाङ्गता मैत्री सिकाइ सामग्रीको विकासमा पनि विशेष जोड दिइएको छ। विशेषगरी माध्यमिक तहमा व्यावसायिक सीप र लैङ्गिक संवेदनशीलतालाई पाठ्यक्रमको अभिन्न अङ्ग बनाइएको छ। यद्यपि, पाठ्यक्रमले विविधतालाई सैद्धान्तिक रूपमा राम्रोसँग सम्बोधन गरे तापनि पर्याप्त शैक्षिक सामग्रीको अभाव र शिक्षक तालिमको कमीले गर्दा यसको पूर्ण कार्यान्वयनमा अझै केही चुनौतीहरू विद्यमान देखिन्छन्।

## ६. समावेशी शिक्षासम्बन्धि छलफल

नेपालमा समावेशी शिक्षाको कार्यान्वयनमा भौतिक, प्राविधिक र सामाजिक प्रकृतिका विविध चुनौतीहरू विद्यमान छन्। विद्यालयहरूको भौतिक पूर्वाधार अपाङ्गतामैत्री नहुनु मुख्य समस्याको रूपमा रहेको छ । ग्रामीण क्षेत्रका अधिकांश विद्यालयहरूमा र्‍याम्प, पहुँचयोग्य शौचालय र ब्रेल वा साङ्केतिक सामग्रीको चरम अभाव छ। शिक्षकहरूमा समावेशी शिक्षण सम्बन्धी पर्याप्त तालिम नहुनु र मातृभाषामा आधारित शिक्षणका लागि पाठ्यपुस्तक एवं दक्ष जनशक्तिको कमीले सिकाइलाई थप कठिन बनाएको छ। यसका साथै समाजमा व्याप्त पूर्वाग्रह, बुलिङ (Bullying) र अपाङ्गताप्रतिको सामाजिक दृष्टिकोणले गर्दा अझै पनि पूर्ण समावेशीकरणको सट्टा 'स्रोत कक्षा' मार्फत विद्यार्थीलाई छुट्ट्याउने (Segregation) प्रवृत्ति कायम छ। नीतिगत रूपमा व्यवस्था राम्रो भए तापनि बजेटको अभाव, तथ्याङ्क व्यवस्थापनमा कमजोरी र स्थानीय तहको कार्यक्षमता सुस्त हुनुले नीति र कार्यान्वयनबीच ठूलो खाडल देखिएको छ।

चुनौतीहरूका बाबजुद नेपालमा समावेशी शिक्षाका प्रशस्त सम्भावनाहरू पनि रहेका छन्। बलियो कानुनी आधार र अन्तर्राष्ट्रिय प्रतिबद्धताले यस क्षेत्रमा काम गर्न मार्गप्रशस्त गरेको छ। संघीय संरचना अन्तर्गत स्थानीय सरकारहरूले आफ्नो आवश्यकता अनुसार पाठ्यक्रम र योजना अनुकूलन गर्न सक्ने अवसर प्राप्त भएको छ। सिकाइको विश्वव्यापी रूपरेखा (UDL), सूचना प्रविधि (ICT) को विस्तार र डिजिटल सामग्रीको प्रयोगले दुर्गम क्षेत्रका विद्यार्थीलाई समेट्न सकिने देखिन्छ। USAID, UNICEF र UNESCO जस्ता अन्तर्राष्ट्रिय साझेदारहरूको सहयोग र विद्यालय क्षेत्र शिक्षा योजना (SESP) को लक्ष्य अनुरूप स्रोत कक्षाहरूलाई 'समावेशी हब' (Inclusive Hub) मा रूपान्तरण गर्ने कार्य अगाडि बढिरहेको छ। सामुदायिक सहभागिता र जनचेतनामूलक कार्यक्रमहरू मार्फत सामाजिक विभेद घटाई यी अवसरहरूको सही सदुपयोग गरेमा समावेशी शिक्षाको लक्ष्य प्राप्त गर्न सकिन्छ।

## ७. निष्कर्ष

नेपालमा समावेशी शिक्षा शैक्षिक कार्यक्रम मात्र होइन। यो सामाजिक न्याय, समानता र मानव अधिकार सुनिश्चित गर्ने दर्शनका रूपमा स्थापित भएको छ। सालामान्का घोषणापत्रदेखि दिगो विकास लक्ष्य (SDG 4) सम्मका अन्तर्राष्ट्रिय प्रतिबद्धता र नेपालको संविधान २०७२ लगायतका राष्ट्रिय कानुनहरूले हरेक बालबालिकालाई बिना भेदभाव गुणस्तरीय शिक्षा पाउने अधिकारको सुनिश्चितता गरेका छन्। पाठ्यक्रममा गरिएको समसामयिक परिमार्जन, मातृभाषामा आधारित शिक्षण र 'समावेशी हब' को अवधारणाले विद्यालयीय संरचनालाई थप लचिलो र विद्यार्थीमैत्री बनाउन खोजेको देखिन्छ।

यद्यपि  उत्कृष्ट नीति र कानुनी व्यवस्था हुँदाहुँदै पनि ग्रामीण क्षेत्रका विद्यालयमा अपाङ्गतामैत्री भौतिक पूर्वाधारको कमी, दक्ष शिक्षकको अभाव र सामाजिक सोचमा रहेको रुढिवादीपन अझै पनि प्रमुख अवरोधका रूपमा रहेका छन्। नीति र व्यवहारबीचको यो खाडल पुर्न स्थानीय सरकारको सक्रियता, पर्याप्त बजेट विनियोजन र आधुनिक प्रविधि (ICT/UDL) को उच्चतम प्रयोग आवश्यक छ। अन्ततः, विविधतालाई समस्याका रूपमा नभई समृद्धिको आधारका रूपमा स्वीकार गर्दै सबै सरोकारवालाहरूको सामूहिक प्रयास भएमा मात्र नेपालले 'कोही पनि नछुटुन्' भन्ने समावेशी शिक्षाको वास्तविक लक्ष्य प्राप्त गर्न सक्नेछ।

**सन्दर्भ सामग्री**

Government of Nepal. (2017). The Act relating to the rights of persons with disabilities, 2074. Nepal Law Commission.

Government of Nepal. (2018). The Act relating to compulsory and free education, 2075. Nepal Law Commission.

Ministry of Education. (2016). Inclusive education policy for persons with disabilities 2073.

Ministry of Education, Science and Technology. (2019). National education policy 2076.

UNESCO. (1994). The Salamanca statement and framework for action on special needs education. https://www.european-agency.org/sites/default/files/salamanca-statement-and-framework.pdf

United Nations. (2006). Convention on the rights of persons with disabilities. https://www.un.org/development/desa/disabilities/convention-on-the-rights-of-persons-with-disabilities.html

Human Rights Watch. (2018). Nepal: Barriers to inclusive education. https://www.hrw.org/news/2018/09/13/nepal-barriers-inclusive-education

# नेपालमा वित्तीय साक्षरता



टिका थेबे

ओखलढुङ्गा क्याम्पस ओखलढुङ्गा

## पृष्ठभूमि

पछिल्ला बर्षहरुमा विश्व आर्थिक मञ्चमा वित्तीय समावेशीकरण र वित्तीय साक्षरताको विषयले ठूलो चर्चा एवम् महत्व पाउन थालेको छ । एक्काइसौँ शताब्दीमा वित्तीय साक्षरतालाई विश्वस्तरमा मुख्य जीवन उपयोगी सीपको रुपमा मान्यता दिइएको छ -G20, 2021_ । विश्वव्यापिकरण, जटिल अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध, क्षेत्रिय तथा अन्तराष्ट्रिय आर्थिक एजेन्सीहरुको उदय, मुद्रा, बैंकिङ, वित्त र लगानीका उपकरणहरुमा भएको विविधिकरण लगायत कारणहरुले वित्तीय समावेशीकरण र वित्तीय साक्षरताको महत्वलाई दिनानुदिन बढाउँदै लगेको देखिन्छ । जनताको वित्तीय चेतना र बुझाइ समय, सन्दर्भ, देशको आर्थिक विकासको स्तर र जनताको आवश्यकतामा निर्भर गर्दछ -Chaulagain, 2019_ । विश्वका प्रत्येक राष्ट्रमा वित्तीय साक्षरताको दर एकै किसिमको रहेको पाईंदैन । विश्वव्यापी रुपमा, हरेक तीनमा केवल एक वयस्कले मात्र आधारभूत वित्तीय अवधारणाहरुको ज्ञान लिएको देखिन्छ -Klapper et.al._ । वित्तीय पहुँच र यसको ज्ञान हरेक नागरिकमा पुर्याइनु पर्दछ, जसले वित्तीय समावेशीकरणलाई बढावा दिन्छ । बढीभन्दा बढी जनतामा बैंकिङ तथा वित्तीय सेवाको पहुँच विस्तार गर्ने उद्देश्यले अन्तराष्ट्रिय जगत्मा विश्व बैंक(World Bank), अन्तराष्ट्रिय मुद्रा कोष(IMF), आर्थिक सहयोग र विकास संगठन(OECD) जस्ता विभिन्न निकायहरु कार्यरत रहेका छन् । नेपालको सन्दर्भमा नेपाल राष्ट्र बैंकले वित्तीय साक्षरतालाई बढावा दिनमा अहम् भूमिका लिएको देखिन्छ ।

यद्धपि यहाँको जनसंख्याको ठूलो भाग अझै पनि औपचारिक वित्तीय सेवाबाट वञ्चित रहेको देखिन्छ । मुलुकमा १७.४ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेको छ (NPC, 2021) । सो जनसंख्यालाई गरिबीबाट मुक्त गराउनु आवश्यक छ । गरिबी तथा बेरोजगारीको यो भयावह स्थिति र वित्तीय सेवाको न्यून पहुँचको कारण वित्तीय साक्षरताको दर न्यून रहेको पाइन्छ । नेपाल राष्ट्र

बैंक(२०२२) अनुसार हाल नेपालको वित्तीय साक्षरताको दर ५७.९ प्रतिशत रहेको छ । वित्तीय सेवाको माग पक्षमा सुधार ल्याउन मुलुकमा वित्तीय चेतना एवम् साक्षरता कार्यक्रम विस्तार गर्नु अपरिहार्य छ । वित्तीय ज्ञान समाजका हरेक तह र तप्काका व्यक्तिलाई दिइनु आवश्यक छ । उचित वित्तीय शिक्षाले मात्र उद्यम व्यवसायका सम्भावित जोखिमबाट बच्न वा जोखिमलाई न्यूनीकरण गर्न मद्दत गर्दछ ।

**वित्तीय साक्षरताः अर्थ र आवश्यकता**

प्रत्येक व्यक्तिलाई सर्वसुलभ तरिकाले वित्तीय सेवाको पहुँच पुऱ्याउनु नै वित्तीय समावेशीकरणको अवधारणा एवम् उद्देश्य हो । सबैका लागि वित्तीय सेवा नै वित्तीय समावेशीकरण हो । वित्तीय शिक्षाले कुनै पनि व्यक्तिसँग भएको आर्थिक वा वित्तीय स्रोत–साधनको प्रभावकारी एवम् मितव्ययी उपयोग गर्ने ज्ञानसमेत प्रदान गर्दछ (ने.रा.बैंक, २०७७) । प्रत्येक व्यक्तिसँग भएको सीमित स्रोत र साधनको जानकारि दिँदै त्यसलाई आयमूलक क्षेत्रमा लगानी गर्ने र त्यसबाट आर्थिक उन्नति गर्ने ज्ञान, सीप र कला प्रदान गर्ने लक्ष्य वित्तीय साक्षरताले लिएको हुन्छ । उचित वित्तीय निर्णय लिन र व्यक्तिगत आर्थिक हित प्राप्त गर्न आवश्यक सचेतना, ज्ञान, सीप, मनोवृत्ति र व्यावहारको संयोजननै वित्तीय साक्षरता हो (Atkinson, A.) । वास्तवमा वित्तीय साक्षरताको मूल लक्ष्य व्यक्तिलाई आर्थिक रुपमा समुन्नतिको अवस्थामा पुर्याउनु रहेको हुन्छ ।

वित्तीय साक्षरताले मौद्रिक साधनको जानकारी लिन, महत्व बुझ्न र त्यसको उचित व्यवस्थापन गर्ने शिक्षा प्रदान गर्दछ । मानव जीवनका लागि अति आवश्यक धन सम्पत्ति कानुन बमोजिम मात्र आर्जन गर्ने, खर्च गर्दा मितव्ययी रुपमा बजेट बनाएर सो अनुसार खर्च गर्ने, आयको केही अंश भविष्यका लागि बचत गर्ने तथा उद्यम व्यवसाय गर्नका लागि कर्जा लिने र विप्रेषणलाइ उपभोग भन्दा उत्पादनमूलक क्षेत्रमा उपयोग गर्ने ज्ञान तथा सीप वित्तीय चेतनाले प्रदान गर्दछ । उद्यम व्यवसायमा आउन सक्ने जोखिम व्यहोर्न र जोखिम न्यूनीकरण गर्नका लागि उपायहरु अवलम्बन गर्ने विषयमा ज्ञान पनि वित्तीय साक्षरताले प्रदान गर्दछ । यसले व्यक्तिले आफूसँग भएको स्रोत र साधनको उपयोगको विषयमा उचित निर्णय गर्न सक्षम बनाउँछ । यसबाट निजको, समाज र मुलुकको समेत आर्थिक उन्नतिमा सहयोग पुग्दछ ।

यसका साथै, वित्तीय साक्षरताले वित्तीय प्रणालीप्रति पारदर्शिता, उत्तरदायित्व र जवाफदेहिता प्रवद्र्धन गर्न सहयोग पुऱ्याउँछ। यसमार्फत प्रतिस्पर्धी मूल्यमा गुणस्तरीय वित्तीय सेवा प्राप्त गर्ने क्षमता अभिवृद्धि हुन्छ, आर्थिक तथा सामाजिक सुरक्षा सुदृढ बन्छ, असिमित आवश्यकताहरूलाई व्यवस्थित गर्न यथार्थपरक बजेट निर्माण गर्न सकिन्छ, र आर्थिक क्रियाकलापमार्फत व्यक्तिको

जीवनस्तर उकास्न आधार तयार हुन्छ। समग्रमा, राष्ट्रको दिगो आर्थिक समृद्धि हासिल गर्न वित्तीय साक्षरता एक महत्वपूर्ण आधारका रूपमा स्थापित हुन्छ।

**वित्तीय साक्षरता : नेपालको सन्दर्भ**

बालबालिका तथा युवामैत्री वित्तीय कार्यक्रमहरु विभिन्न देशका कैयौँ बैंक, वित्तीय संस्था तथा युवा तथा बालबालिकाको हकहितसँग सम्बन्धित संघ संस्थाहरु, सञ्चार माध्यमले स्वतःस्फूर्त रुपमा तर्जुमा तथा कार्यान्वयन गर्दै आएका छन् । विश्वका सबै बालबालिकाहरु प्राथमिक स्तरको शिक्षा सम्पन्न गरेर विद्यालयबाट निस्कँदासम्म बैंक तथा वित्तीय संस्थामा अनिवार्य रुपमा उनीहरुको बचत खाता हुनुपर्ने र त्यो खाता सही ढङ्गले सञ्चालन गर्न सक्ने ज्ञान र सीप समेत हासिल हुनुपर्ने अवधारणाको विकास भएको छ । यसलाइ एक अभियानकै रुपमा अगाडि बढाएको पाइन्छ । यसै सन्दर्भमा नेपालमा पनि अधिकांश बालबालिका र युवाहरु औपचारिक वित्तीय सेवाको पहँुचभन्दा बाहिर रहेको अवस्थामा तिनलाई वित्तीय पहुँचको दायरामा ल्याउन बालबालिका र युवा लक्षित वित्तीय साक्षरता सम्बन्धी विविध कार्यक्रमहरु सञ्चालन हुन थालेका छन् । यस प्रकारका कार्यक्रमहरुले बालबालिका र युवालाई आय तथा बचत अभिवृद्धि गर्ने, बजेट बनाउने, खर्च गर्ने साथै लगानी गर्ने सन्दर्भमा उपयुक्त वित्तीय निर्णय गर्न सक्षम बनाउने लक्ष्य राखेका हुन्छन् । वित्तीय साक्षरता अभियानको मूल पक्षका रुपमा वित्तीय चेतना, वित्तीय सुरक्षा, वित्तीय समावेशीकरण र वित्तीय सशक्तीकरणलाई लिइएको छ ।

वित्तीय साक्षरता अभियानलाई अघि बढाउने सन्दर्भमा नेपालमा पनि विविध कार्यक्रमहरु तर्जुमा भई सञ्चालन हुँदै आएका छन् । नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तिय संस्थाहरु, विभिन्न सरकारी, गैर सरकारी तथा निजी क्षेत्रबाट यस सम्बन्धमा पहल भएका छन् । यसलाइ सकारात्मक रुपमा लिइनु पर्दछ । वित्तीय साक्षरताको चर्चा गर्दा वित्तीय पहुँचजस्तो महत्त्वपूर्ण विषयलाई बेवास्ता गर्न सकिँदैन। यी दुवै परस्पर अन्तरसम्बन्धित तथा परिपुरक अवधारणाहरू हुन्। कुनै देशमा वित्तीय साक्षरतामा वृद्धि हुँदै जाँदा वित्तीय सेवामा पहुँच पनि विस्तार हुन्छ। वित्तीय पहुँच विस्तार भएसँगै आर्थिक क्रियाकलापमा सक्रियता बढ्छ, पुँजी निर्माण सुदृढ हुन्छ, र अन्ततः आर्थिक विकासको आधार सशक्त बन्छ। यसर्थ, वित्तीय साक्षरता र वित्तीय पहुँचबीच सकारात्मक सम्बन्ध मात्र नभई एकअर्कालाई प्रभावित गर्ने र सुदृढ पार्ने गतिशील सम्बन्ध विद्यमान रहन्छ।

नेपालको अवस्थाबारे विश्लेषण गर्नुअघि विश्व परिप्रेक्ष्य अवलोकन गर्नु सान्दर्भिक हुन्छ। विश्वका विभिन्न देशहरूमा वित्तीय साक्षरताको दर न्यूनतम १३ प्रतिशतदेखि अधिकतम ७१ प्रतिशतसम्म रहेको कुरा S&P Global Finlit Survey को तथ्यांकले देखाउँछ। यमनको सबैभन्दा कम १३ प्रतिशत र स्वीडेन, डेनमार्क तथा नर्वेको सबै भन्दा बढी ७१ प्रतिशत रहेको छ । विश्वका ठूला

अर्थतन्त्र मानिने हाम्रा छिमेकी देश भारत र चिनमा वित्तीय साक्षरता क्रमशः २४ र २८ प्रतिशत रहेको छ। त्यस्तै, सयुक्त राज्य अमेरिकामा ५७ प्रतिशत वित्तीय साक्षरता दर रहेको देखिन्छ। दक्षिण एसियाली क्षेत्रीय संगठन सार्क अन्तर्गतका देशहरूमध्ये अफगानिस्थानमा १४ प्रतिशतसहित सबैभन्दा कम दर रहेको छ भने भुटानमा ५४ प्रतिशतसहित अग्रस्थानमा रहेको पाइन्छ। भने नेपालको दर १८ प्रतिशत रहेको छ । यद्धपि नेपाल राष्ट्र बैंक(२०२२) अनुसार हाल नेपालको वित्तीय साक्षरताको दर ५७.९ प्रतिशत रहेको छ । भने वित्तीय पहुँचको दर करिब ६१ प्रतिशत रहेको तथ्यांकले देखाउँछ। यो भिन्नता वित्तीय साक्षरता मापनका मानकहरुमा रहेका सूचकहरुमा निर्भर रहने गर्दछ ।

नेपालमा वित्तीय साक्षरता अभिवृद्धिका लागि विभिन्न प्रयासहरू गरिँदै आएका छन्। नेपाल राष्ट्र बैंक ले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ भने अन्य बैंक तथा वित्तीय संस्थाहरूले पनि निरन्तर सचेतनामूलक तथा शैक्षिक कार्यक्रम सञ्चालन गरिरहेका छन्। पन्ध्रौँ योजनाको आधारपत्रमा समेत “वित्तीय साक्षरता अभिवृद्धि र वित्तीय प्रविधिको प्रयोगमार्फत दुर्गम तथा पिछडिएका क्षेत्रसम्म वित्तीय पहुँच विस्तार गर्ने” रणनीति अवलम्बन गरिएको छ। तथापि, न्यून वित्तीय साक्षरता दरको प्रमुख कारण प्रभावकारी जनचेतनामूलक प्रचार–प्रसारको अभाव रहेको देखिन्छ। यसका अतिरिक्त योजनाबद्ध तथा समन्वित कार्यक्रमको अभाव, कार्यक्रमहरूको छरिएको स्वरूप, व्यापक जनसमुदायलाई समेट्न नसक्नु, प्रभाव मूल्यांकन गर्ने संस्कृतिको कमी, प्रभावकारी नीतिगत व्यवस्थाको अभाव, औपचारिक बैंकिङ प्रक्रियाको जटिलता, तथा लागत वृद्धिका कारण ग्रामीण क्षेत्रमा वित्तीय पहुँच न्यून रहनुजस्ता कारणहरू विद्यमान रहेका छन्।

यद्यपि हालको मूलुकको ५७.९ प्रतिशत रहेको वित्तीय साक्षरताको दरले यस प्रकारका कार्यक्रमहरु, पहलहरुको अपर्याप्ततालाइ दर्शाउँछ । वित्तीय साक्षरताको लाई बोध गर्दै नेपालमा विभिन्न चरणहरुमा वित्तीय साक्षरताको विविध कार्यक्रमहरु सञ्चालन गरिएको पाइन्छ, जुन देहाय अनुसार रहेको छ :

- नेपाल सरकारको पन्ध्रौं आवधिक योजना (२०७६।०७७ -२०८०।०८१) ले वित्तीय साक्षरता अभिवृधि गर्ने रणनीति लिएको ।
- नेपाल राष्ट्र बैंकले ‘वित्तीय चेतना अभिवृद्धि कार्यक्रम’लाई आफ्ना नीति तथा कार्यक्रहरुमा उच्च प्राथमिकता दिएको ।
- नेपाल राष्ट्र बैंकको दोस्रो रणनीतिक योजना २०१२–१६ र तेस्रो रणनीतिक योजना २०१७–२१ मा मुलुकका महिला, द्वन्द्वपीडित, अल्प सङ्ख्यक जाति, विपन्न वर्ग,

सीमान्तीकृत समुदायलाई लक्षित गरी वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्ने उल्लेख गरिएको ।

- आर्थिक वर्ष २०६८/६९ यताका मौद्रिक नीतिहरुमा वित्तीय चेतना कार्यक्रमलाई महत्वका साथ सञ्चालन गर्ने उल्लेख हुँदै आएको ।
- आर्थिक वर्ष २०६८/६९ को मौद्रिक नीतिमा 'वित्तीय साक्षरता न्यून रहेको कारणबाट वित्तीय सेवा प्रभावकारी हुन नसकेको तथ्यलाई दृष्टिगत गरी यस सम्बन्धमा आवश्यक रणनीति तयार गरिनेछ' भनी उल्लेख भएको र सोही अनुरुप आवश्यक कार्यक्रम सञ्चालन हुँदै आएको ।
- वि.सं. २०६९ चैत ८ गतेबाट 'विद्यार्थीसँग नेपाल राष्ट्र बैंक' नामक कार्यक्रम घोषणा गरी कार्यक्रम सञ्चालनमा ल्याइएको।
- नेपाल राष्ट्र बैंकबाट 'वित्तीय मार्गदर्शन, २०२२', वित्तीय साक्षरता सन्दर्भ पुस्तक, २०७६', 'विद्यार्थीसँग नेपाल राष्ट्र बैंक, २०७७' जारी गरिएको।
- वित्तीय समावेशिकरण र वित्तीय साक्षरताको सन्दर्भमा आधारभूत सर्वेक्षण(२०२२) सम्पन्न गरिएको।
- विभिन्न बैंक तथा वित्तीय संस्थाहरुले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत वित्तिय साक्षरताका कार्यक्रमहरु सञ्चालन गर्ने गरेको।

**नेपालमा वित्तीय साक्षरता सन्दर्भमा देखिएका समस्याहरु**

- नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाको नाफाको एक प्रतिशत रकम संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत वित्तीय साक्षरता प्रवर्धन कार्यमा खर्च गर्नुपर्ने नीतिगत व्यवस्था गरेपनि बैंक तथा वित्तीय संस्थाहले औपचारिकता पुरा गर्ने बाहेकको कार्य गरेको सकेको देखिदैन।
- ठूला सञ्जाल रहेको सहकारी संस्थाको हकमा वित्तीय साक्षरताको सन्दर्भमा स्पष्ट व्यवस्थाको अभावको कारण वित्तीय साक्षरता प्रवर्धन गर्ने कार्यमा यसको भूमिका शुन्य बराबर रहेको छ।
- नेपालको आवधिक योजना (पन्ध्रौं), नेपाल सरकारको वित्तीय क्षेत्र विकास रणनीति(२०७३।०७४(२०७७।०७८), नेपाल राष्ट्रबैंकको दोश्रो र तेश्रो रणनीतिक योजना, मौद्रिक नीति, विद्यार्थीसँग नेपाल राष्ट्र बैंक जस्ता नीति तथा कार्यक्रम राखिएता पनि पर्याप्त उपलब्धि हासिल हुन सकेको छैन।

- वित्तीय साक्षरताको मापनका विधिहरुमा स्पष्टता हुन नसक्नु ।

**नेपालमा वित्तीय साक्षरता प्रवर्धन गर्ने उपायहरु**

- सरकारी निकाय, नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था, सहकारी संस्था लगायत अन्य सरोकारवालाहरुविच समन्वय र सहकार्य गर्न आवश्यक रहेको छ ।
- वित्तीय शिक्षालाइ विद्यालय तहबाट नै पाठ्यक्रममा समेटिनु आवश्यक देखिन्छ ।
- बैंक, वित्तीय संस्थाले सञ्चालन गरेका वित्तीय साक्षरताको कार्यक्रमको प्रभावकारी अनुगमन र प्रभावकारिताको संस्थागत मूल्यांकन हुनुपर्दछ ।
- सहकारी संस्थाहरुलाइ पनि वित्तीय साक्षरता अभियानमा समावेश गरिनु पर्छ ।
- वित्तीय साक्षरताको मापनका विधिहरुमा स्पष्टता हुनुपर्ने ।
- वित्तीय साक्षरता मार्गदर्शन २०२२ मा भएका व्यवस्थाहरुको पूर्ण परिपालन गर्ने ।
- वित्तीय साक्षरता कार्यक्रमहरुको उत्पादन र वितरणमा सूचना तथा प्रविधिको प्रयोग गरिनुपर्ने ।
- सामाजिक सञ्जाल, टेलिभिजन, रेडियो, पत्रपत्रिका, अनलाईन न्युज च्यानल लगायतका माध्यमबाट व्यापक प्रचार प्रसार गर्ने ।
- ग्रामिण क्षेत्रसम्म पुगेर वित्तिय सेवा प्रवाह गर्नुपर्ने ।

**निष्कर्ष**

विश्व आर्थिक मञ्चमा भएका परिवर्तनहरुको कारण वित्तीय वित्तीय साक्षरताको महत्व दिनानुदिन बढ्न थालेको छ । उचित वित्तीय निर्णय लिन र व्यक्तिगत आर्थिक हित अभिवृद्धि गर्न आवश्यक सचेतना, ज्ञान, सीप, मनोवृत्ति र व्यावहारको संयोजनलाई वित्तीय साक्षरताको रुपमा लिन सकिन्छ । वास्तवमा वित्तीय साक्षरताको मूल लक्ष्य व्यक्तिलाई आर्थिक रुपमा समुन्नतिको अवस्थामा पुर्याउनु रहेको हुन्छ । मुलुकमा रहेको उच्च गरिबी र बेरोजगारिको अवस्थाको कारण ठूलो जनसंख्या वित्तीय पहुँचबाट टाढा रहेको पाइन्छ । फलस्वरुप नेपालमा वित्तीय साक्षरताको दर अन्य मुलुकको भन्दा कम रहेको देखिन्छ । वित्तीय सेवाको माग पक्षमा सुधार ल्याउन मुलुकमा वित्तीय चेतना एवम् साक्षरता कार्यक्रम विस्तार गर्नु अपरिहार्य छ । वित्तीय ज्ञान समाजका हरेक तह र तप्काका व्यक्तिलाई दिइनु आवश्यक छ । उचित वित्तीय शिक्षाले मात्र उद्यम व्यवसायका सम्भावित जोखिमबाट बच्न वा जोखिमलाई न्यूनीकरण गरी मुलुकलाइ आर्थिक रुपमा समृद्ध पार्न मद्दत मिल्छ । वित्तीय साक्षरता प्रवर्धन गर्न नेपाल सरकार, सम्बन्धित निकायहरु, नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्थाहरुले

विविध कार्यक्रमहरु सञ्चालन गरेपनि आवश्यक समन्वय, सहकार्यको अभावको कारण नेपालमा अझैपनि यसले पर्याप्त उपलब्धि हासिल गर्न सकेको देखिदैन। वित्तीय साक्षरतालाई हरेक नागरिकको दैनिकीसँग जोड्न सकिएमा, आर्थिक समृद्धिको आधारको रुपमा विकास गर्न सकिएमा मात्र यसले अपेक्षित उपलब्धि हासिल गर्न सक्दछ।

## सन्दर्भ सामग्री


Atkinson, A. (Policy Analyst, Financial Education and Consumer Protection Unit, OECD). (Year). Measuring Financial Literacy: A Pilot Study from the OECD International Network on Financial Education.

Chaulagain,R.P.(2019). Financial Literacy and Behavior of Small Borrowers in Nepal. Nepal Rastra Bank.

G20 (2021), "Italian G20 Presidency Third Finance Ministers and Central Bank Governors Meeting Communiqué", http://www.g20italy.org/wp-content/uploads/2021/07/Communique-Third-G20-FMCBG-meeting-9-10-July-2021.pdf (accessed on 11 August 2023).

https://ourwealthinsights.com/financial-literacy-data/#list

Klapper, L. (World Bank Development Research Group), Lusardi, A. (The George Washington University School of Business), & van Oudheusden, P. (World Bank Development Research Group). Financial Literacy Around the World: Insights from the Standard & Poor's Rating Services Global Financial Literacy Survey.

National Planning Commission, Nepal. (2021). Multidimensional Poverty Index: Analysis towards actions.

National Planning Commission, Nepal. (2020). The Fifteenth Plan (2019/20-2023/24).

Nepal Rastra Bank. (2022). Baseline Survey on Financial Literacy in Nepal (including Financial Inclusion Indicators). Kathmandu.

Nepal Rastra Bank. (2022). Financial Literacy Guidelines. Kathmandu.

Nepal Rastra Bank. (2022). Financial Literacy Framework. Kathmandu.

The Organization for Economic Cooperation and Development.(OECD).(2023). OECD/INFE 2023 international survey of adult financial literacy.

www.oecd.org

अर्थ मन्त्रालय, नेपाल सरकार (२०७३)। वित्तीय क्षेत्र विकास रणनीति (२०७३÷७४(२०७७÷७८)।

नेपाल राष्ट्र बैंक, काठमाण्डौं(२०७७) । विद्यार्थीसँग नेपाल राष्ट्र बैंक । नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय ।

नेपाल राष्ट्र बैंक, काठमाण्डौं(२०७६) । वित्तीय साक्षरता सन्दर्भ पुस्तक ।

सिंखडा, नवराज, अधिकारी, विनोद (२०७१) । वित्तीय साक्षरता, तालिम पुस्तिका । नेशनल बैंकिङ्ग ईन्ष्टिच्युट, काठमाण्डौं ।

# स्वर्ग भूमि नेपाल



रचयिता: धनराम श्रेष्ठ

सदस्य

व्यवस्थापन समिति, ओखल्ढुङ्गा क्याम्पस,ओखलढुङ्गा।

स्वर्गको देश हेर्नुछ भने, आऊ न  नेपाल
उत्तर शिर हिउँको दरबार क्याराम्रो झल्मल
सूर्योदय र सूर्यास्त हुँदा सुनैको दरवार
त्यही दरबारम्नी सुन्दर शान्त नेपाली घरवार॥१॥

बिहान सांझ सुनको महल क्या सुन्दर झलल
मनोरम स्वर्ग हेर्नको लागी नगर अल्मल
हरियो पहिरन पहिरिएकी रानी दरबारको काखमा
अत्यन्तै मुन्दरी पहाडी गनी सन्मारकै आंखामा ॥२॥

पहाडी झनां झर्भार गर्दै संगित सुनाउंछ
डाँफे र मुनाल मृगको सावक खुशि भै नाच्दछ
डाँडा र काँडा पाहाँडै भरी चराहरु गित गाउँछन्
गित र संगित सुनेर वस्दा मानव मत्त झलाउंछन ॥३॥

नदी र खोला कोसीको बहावले सबैको मन छुन्छ
वसन्त मासमा पहाडी वनमा ग्रास फुल्दछ
चिमालको फूलले लेकाली झाडी सेताम्यै पार्दछ
नि दप्य देख्दा मानव मनले मन्यारै विर्मन्छ ॥४॥

मन्दिर, गुम्वा, मस्जिद, स्तूप यो देशको गहना
स्वर्गको आभाष दिलाउने हाम्रो नेपाली चाहना
सिर्सिरे हावा गहुँको वाला वयली खेल्दछ
त्यो भित्रि मधेस सालघारी वनमा मयूर नाच्दछ ॥५॥

तराई मैदान त्यो विशाल फाटमा धानवाल झुल्दछ
मंसिर मास सुनवाला झुल्दा मानव-मन भुल्दछ
पूर्णिको रात आकाशै भरी जूनतारा झल्मल
जूनको किरण धर्तिमा झर्दा गाउँघरै झल्मल ॥६॥

बहुजाति भाषा र भेप धर्म र संस्कृति
मिल्जुल गरि बसेका सबै केही छैन विमती
मुर्चुङ्गा मादल डम्फुको तालमा नाच्दछ छम्छम
यहीं त छ नी ! नेपाल देशमा स्वर्गको रमझम ॥७॥

# Research Management Cell (RMC): Fostering Academic Excellence at Okhaldhunga Campus



**Badri Prasad Dhamala**

*Coordinator, Research Management Cell*

*Okhaldhunga Campus, Okhaldhunga, Nepal*

## Introduction

The Research Management Cell (RMC) at Okhaldhunga Campus stands as a cornerstone of the institution's commitment to academic rigor and intellectual growth. Established to bridge the gap between traditional teaching and modern research-oriented education, the RMC serves as a vital hub for nurturing a culture of inquiry and discovery. Located in the heart of Siddhicharan Municipality, Okhaldhunga Campus has long been a pioneer in providing quality education to the hilly regions of Nepal. The RMC extends this mission by empowering both faculties and students to engage in meaningful research that addresses local challenges and contributes to the global body of knowledge.

## Objectives

The primary mission of the Research Management Cell is to transform Okhaldhunga Campus into a research-intensive center of excellence. Our core objectives include:

- **Promoting a Research Culture:** To instill a spirit of inquiry and critical thinking among students and faculty members across all departments.

- **Capacity Building:** To enhance the research capabilities of our academic staff through regular training, workshops, and seminars on research methodology and academic writing.
- **Quality Assurance:** To ensure that all research conducted under the campus's banner adheres to the highest ethical standards and academic integrity.
- **Knowledge Dissemination:** To provide a platform for scholars to share their findings with the wider academic community through publications and conferences.
- **Institutional Growth:** To support the campus's strategic goal of achieving Quality Assurance and Accreditation (QAA) from the University Grants Commission (UGC) Nepal by maintaining robust research documentation and output.

**Activities**

The RMC is actively involved in a wide range of academic and professional development initiatives. Key activities include:

- **Publication of Okhaldhunga Journal:** The RMC proudly publishes the *Okhaldhunga Journal* (ISSN: 3021-9965), a peer-reviewed academic journal that features original research from various disciplines including Education, Management, and Humanities. Mr. Badri Prasad Dhamala serves as the Editor-in-Chief of this journal.
- **Research Workshops and Seminars:** We regularly organize specialized training sessions, such as the "Technical Skill Development" workshop and seminars on "Innovative Pedagogy" and "CV Writing and Professional Growth," to equip our stakeholders with 21st-century skills.
- **Grant Management:** The cell facilitates and manages internal and external research grants, encouraging faculty members to undertake mini-research projects and community-based studies.

- **Academic Collaboration:** We foster partnerships with other educational institutions and organizations to promote interdisciplinary research and share resources.
- **Student Mentorship:** The RMC provides guidance to undergraduate and postgraduate students in their thesis work and independent research projects, ensuring they develop strong analytical skills.

**Members of the Cell**

The Research Management Cell is comprised of a dedicated team of academicians who bring diverse expertise to the institution's research initiatives. The current members are:

| Name | Designation/Role | Contact Number and Email |
|---|---|---|
| **Mr. Badri Prasad Dhamala** | **Coordinator** | **9841612323**<br>**badridhamala2018@gmail.com** |
| Mrs. Tika Thebe | Member | 9843009204<br>tikathebe@gmail.com |
| Mr. Rabindra Kafle | Member | 9843026491<br>rabindrakafle43@gmail.com |
| Mr. Ramesh Kandel | Member | 9847431165<br>kandelramesh165@gmail.com |
| Mr. Kul Prasad Ghimire | Member | 9843689071<br>kpbigutar@gmail.com |
| Mr. Apsara Shrestha | Member | 9862605977<br>curriculumokhroom@gmail.com |
| Mr. Kumar Bahadur Baniya | Member | 9841586054<br>teachingpractice2042@gmail.com |

**Conclusion**

In conclusion, the Research Management Cell at Okhaldhunga Campus is more than just an administrative unit; it is a catalyst for change and a beacon of academic innovation. Under the visionary leadership of our team and the support of the local community and the University Grants Commission, we are steadily moving toward a

future where research is integrated into every aspect of our educational journey. We remain committed to fostering an environment where curiosity is celebrated, knowledge is created, and the leaders of tomorrow are prepared to meet the challenges of a rapidly changing world. We invite all students, faculties, and stakeholders to join us in this noble pursuit of excellence.

**References**

Okhaldhunga Campus. (n.d.). *About Us*. Retrieved from https://okhaldhungacampus.edu.np/about-us/

Okhaldhunga Campus. (n.d.). *Research*. Retrieved from https://okhaldhungacampus.edu.np/research/

Okhaldhunga Campus. (n.d.). *Research and Collaboration*. Retrieved from https://old.okhaldhungacampus.edu.np/research-and-collaboration/

Okhaldhunga Journal. (n.d.). *Editorial Team*. Retrieved from https://www.nepjol.info/index.php/oj/about/editorialTeam

# प्रविधिको उज्यालोमा ओखलढुङ्गा क्याम्पस



मानवीर राई
स्नातकोत्तर तेस्रो सेमेस्टर

ओखलढुङ्गाको पहाडमाथि
बिहानीको घाम झर्दै गर्दा
हाम्रो क्याम्पस उज्यालो मात्र हुँदैन
यो चेतनाले पनि उज्यालिन्छ।

कक्षाकोठाभित्र
शिक्षकको स्वर
अब केवल पाठ्यपुस्तकमा सीमित छैन,
स्मार्टवोर्डको प्रकाशसँगै
विचारहरू पर्खालभन्दा टाढा फैलिन्छन्।

विद्यार्थीका औँलाहरू
किबोर्डमा चलिरहँदा
जिज्ञासाले नयाँ बाटो खोल्छ;
स्क्रिनमा देखिने अक्षरहरू
सपना बन्न थाल्छन्।

हिजो गोरेटोले रोकेको दूरी
आज इन्टरनेटले घटाएको छ।
गाउँको शान्त आकाशमुनि बसेर
संसारसँग संवाद हुन्छ।
ज्ञान अब टाढाको सहरमा सीमित छैन,

यो यहीँ,
हाम्रो डेस्कमाथि उज्यालिएको छ।

यो क्याम्पस
इँटा र सिमेन्टको मात्र संरचना होइन,
यो समयसँगै हिँड्ने साहस हो।
यहाँ परम्परा र प्रविधि
हातेमालो गर्दै अघि बढ्छन्
एकातिर संस्कारको गहिराइ,
अर्कातिर नवप्रवर्तनको उचाइ।

हामी गर्व गर्छौं
किनकि परिवर्तनलाई अँगाल्ने
यो प्रयास साँचो छ।
हामी खुसी छौँ
किनकि शिक्षा अब केवल पाठ होइन,
जीवनको तयारी बनेको छ।

ओखलढुङ्गा क्याम्पस,
तिमी भविष्यतर्फको उज्यालो ढोका हौ
जहाँ नवयुवको  सपना पुरा गर्ने
नयाँ सम्भावना हो,
र हरेक विद्यार्थी
उदाउँदो बिहान।

# ओखलढुङ्गा क्याम्पस: समृद्ध भविष्यको आधार



अनिता राउत

पूर्व विद्यार्थी

ओखलढुङ्गा क्याम्पस ओखलढुङ्गा

मेरो जीवनको एक महत्वपूर्ण मोड त्यतिबेला आयो, जब मैले पहिलो पटक ओखलढुङ्गा क्याम्पसको प्रांगणमा पाइला टेकेँ। त्यो बिहान अझै पनि मेरो स्मृतिमा ताजै छ—हल्का चिसो हावा, आकाशमा मन्द घाम, र क्याम्पसको शान्त वातावरण। बाहिरबाट हेर्दा सामान्य जस्तो देखिने भवनले भित्र प्रवेश गर्दा मलाई एउटा नयाँ संसारको ढोका खुलेझैँ अनुभूति गरायो। म भित्रभित्रै उत्साहित पनि थिएँ र केही डर पनि लागिरहेको थियो। नयाँ ठाउँ, नयाँ अनुहार, नयाँ सपना—सबै कुरा एकैपटक सामुन्ने आएका थिए।

त्यो पहिलो दिन मैले महसुस गरेको कुरा आजसम्म पनि बिर्सन सक्दिनँ—यो केवल पढाइको थलो मात्र होइन, यो त सम्भावनाको बगैंचा हो। क्याम्पसको प्रांगणमा उभिँदा मलाई आफ्ना सपनाहरूले आकार लिन थालेको जस्तो लाग्यो। म एक साधारण विद्यार्थीका रूपमा त्यहाँ पुगेको थिएँ, तर मनमा असाधारण लक्ष्यहरू बोकेको थिएँ। ओखलढुङ्गा क्याम्पसले मलाई त्यो लक्ष्यतर्फ अघि बढ्ने आत्मविश्वास दियो। त्यहीँबाट मेरो भावनात्मक सम्बन्धको यात्रा सुरु भयो—एक यस्तो सम्बन्ध, जसले मेरो जीवनको दिशा परिवर्तन गरिदियो। ओखलढुङ्गा क्याम्पसको शैक्षिक वातावरण सधैं अनुशासित, प्रेरणादायी र सकारात्मक लाग्यो। यहाँका कक्षाकोठाहरू केवल पाठ्यपुस्तकमा सीमित थिएनन्; यहाँ विचार, बहस, संवाद र सिर्जनात्मकताले स्थान पाएको थियो। शिक्षकहरू केवल अध्यापक मात्र होइनन्, मार्गदर्शक र अभिभावकजस्ता थिए। उनीहरूको सरलता, सहकार्यशीलता र विद्यार्थीप्रतिको समर्पणले मलाई गहिरो प्रभाव पार्‍यो।

मलाई अझै सम्झना छ एक दिन कक्षामा मैले आफ्ना विचारहरू राख्दा म अलि संकोचमा थिएँ। तर शिक्षकले मेरो विचारलाई सम्मानपूर्वक सुनेर थप प्रोत्साहन दिनुभयो। त्यस दिन मैले बुझेँ—यहाँ मेरो आवाजको मूल्य छ। यही वातावरणले मलाई आत्मविश्वासी बनायो। मैले सिकेँ कि शिक्षा केवल परीक्षा पास गर्नका लागि होइन, जीवन बुझ्न र समाजमा योगदान दिनका लागि हो। विद्यार्थीहरूबीचको सहकार्य र मित्रता पनि क्याम्पसको सुन्दर पक्ष थियो। हामीले समूहगत अध्ययन, छलफल र विभिन्न कार्यक्रमहरूमा सक्रिय सहभागिता जनायौँ। ती गतिविधिहरूले हाम्रो नेतृत्व क्षमता, सहकार्य भावना र सामाजिक चेतनालाई मजबुत बनायो। क्याम्पसले आयोजना गर्ने गोष्ठी, सेमिनार र सांस्कृतिक कार्यक्रमहरूले हामीलाई कक्षाकोठाभन्दा बाहिरको संसारसँग परिचित गरायो। सामुदायिक दृष्टिले पनि क्याम्पसको भूमिका महत्वपूर्ण छ। स्थानीय समाजसँगको सहकार्य, सामाजिक उत्तरदायित्वका कार्यक्रमहरू र शैक्षिक चेतनामूलक गतिविधिहरूले क्याम्पसलाई केवल शिक्षण संस्था नभई समाज परिवर्तनको केन्द्रका रूपमा स्थापित गरेको छ। मैले देखेको छु यहाँका विद्यार्थीहरू गाउँ समाजका विभिन्न कार्यक्रमहरूमा सक्रिय रूपमा सहभागी हुन्छन्। यसले मलाई पनि समाजप्रति उत्तरदायी बन्न सिकायो।

निस्सन्देह, चुनौतीहरू पनि थिए। सीमित स्रोतसाधन, भौतिक संरचनाका केही अभाव र ग्रामीण परिवेशका कारण उत्पन्न कठिनाइहरू सहज थिएनन्। तर यिनै चुनौतीहरूले हामीलाई थप सशक्त बनाए। हामीले अभावलाई अवसरमा बदल्न सिक्यौँ। मैले महसुस गरेँ सफलता सुविधाबाट मात्र आउँदैन; समर्पण र लगनशीलताले पनि चमत्कार गर्न सक्छ। ओखलढुङ्गा क्याम्पसले मेरो सोच र जीवनदृष्टिमा गहिरो प्रभाव पारेको छ। पहिले म केवल व्यक्तिगत सफलताको सपना देख्थेँ; तर यहाँको अनुभवले मलाई सामाजिक उत्तरदायित्व र सामूहिक उन्नतिको महत्त्व बुझायो। अब मेरो लक्ष्य केवल आफ्नै भविष्य उज्ज्वल बनाउने होइन, समाजको विकासमा योगदान दिने पनि हो। क्याम्पसले मलाई सपना देख्न मात्र होइन, ती सपनालाई साकार पार्ने साहस पनि दियो। आज म पछाडि फर्केर हेर्दा महसुस गर्छु ओखलढुङ्गा क्याम्पसले मेरो व्यक्तित्व निर्माणमा महत्वपूर्ण भूमिका खेलेको छ। यसले मलाई ज्ञान, आत्मविश्वास, अनुशासन र सामाजिक चेतना प्रदान गरेको छ। यहाँका अनुभवहरूले मलाई केवल शिक्षित मात्र होइन, जिम्मेवार नागरिक बन्न सिकाएका छन्।

"समृद्ध भविष्यको आधार" भन्नुको अर्थ केवल आर्थिक समृद्धि होइन; यो बौद्धिक, नैतिक र सामाजिक समृद्धिको पनि प्रतीक हो। ओखलढुङ्गा क्याम्पसले यही समग्र विकासको मार्ग देखाएको छ। यहाँबाट निस्किएका विद्यार्थीहरू विभिन्न क्षेत्रमा सफल हुँदै समाजको नेतृत्व गरिरहेका छन्। उनीहरूको सफलता क्याम्पसको समर्पण र दृष्टिकोणको परिणाम हो। म विश्वासका साथ भन्न सक्छु ओखलढुङ्गा क्याम्पस केवल एउटा शिक्षण संस्था होइन, यो सपनाहरूलाई यथार्थमा बदल्ने थलो

हो। यहाँ रोपिएका ज्ञानका बीउहरूले भविष्यमा समृद्धिको फल दिन्छन्। यही कारणले यो क्याम्पस हाम्रो समाजका लागि आशाको दीप बनेको छ।

अन्ततः, मेरो लागि ओखलढुङ्गा क्याम्पस केवल स्मृतिको एक अध्याय होइन; यो मेरो पहिचानको हिस्सा हो। यसले दिएको शिक्षा र प्रेरणाले मलाई जीवनभर मार्गदर्शन गर्नेछ। त्यसैले म गर्वका साथ भन्छु ओखलढुङ्गा क्याम्पस वास्तवमै समृद्ध भविष्यको आधार हो।

**गजल**

## "ज्ञानको ज्योति"



**चन्द्रकला घिमिरे**

**स्नातकोत्तर तेस्रो सेमेस्टर**

कलम समात्दा हातमा, भाग्य बदलिन्छ यहाँ,
अक्षरको उज्यालोले युग नै बदलिन्छ यहाँ।

शिक्षा केवल किताबका पानामा सीमित छैम,
यसले चेतनाको आकाशै फैलिन्छ यहाँ।

अन्धविश्वासका बादल हटाउने घाम यहीँ,
सत्यको आवाजले मनै पग्लिन्छ यहाँ।

संस्कार अनुशासन श्रमको मिठो संगमले,
मानवताको फूल चुपचापै फुलिन्छ यहाँ।

विभेदका जन्जिर चुडाल्ने बल यही भित्र,
समानताको दीपले समाज उज्यालिन्छ यहाँ।

राष्ट्रको भविष्य लेख्ने शक्तिशाली हात बनी,
ज्ञानको ज्योति बाल्दा इतिहासनै बदलिन्छ यहाँ।

# म चेतनाको दियो हुँ



मिना धमला
स्नातकोत्तर प्रथम सेमेस्टर

म चेतनाको दियो हुँ, अँध्यारोमा बलिरहन्छु,
निराशाका बाक्ला बादल चिरेर उज्यालो छरिरहन्छु।
मौन रातका कुनाकन्दरामा सन्देश सुनाउँछु,
निदाएका मनका झ्यालढोका बिस्तारै खुलाउँछु।

म चेतनाको दियो हुँ, आँधीले निभाउन खोजे पनि,
विश्वासको तेल थपेर फेरि फेरि बलिरहन्छु
संशयका शीतल हिउँमा ताप बनी गलिरहन्छु,
अज्ञानका तुषारामाथि ज्ञानको रेखा कोरिरहन्छु।

म चेतनाको दियो हुँ, पीडाको पथमा साथ दिन्छु,
ढलेका सपनाहरूलाई आशाको पंख दिन्छु।
अन्यायको कठोर चट्टानमा साहस भई ठोकिन्छु,
सत्यको स्वर बनेर समयसँगै बोलिरहन्छु।

म चेतनाको दियो हुँ, आफैँ जलेर अरूलाई बाल्छु,
अन्तर्मनको गहिराइमा उज्यालोको बीउ हाल्छु।
अँध्यारोले जित्छु भनी जब घमण्डले मुस्कुराउँछ,
त्यही क्षण म सानो ज्योति भएर पनि आकाश छुन्छु।

म चेतनाको दियो हुँ
निभ्दिनँ केवल हावाले, न थाक्छु केवल पीडाले,
जबजब मानवता रोइरहन्छ,
म बल्छु पुनः प्रेमले, प्रकाशले, प्रतिज्ञाले।

हो म चेतनाको दियो हुँ,
समयको धारमा अडिग उज्यालोको अभिलाषा हुँ।

# प्रकृतिको काखमा उज्यालो क्याम्पस



सरस्वती राई

स्नातकोत्तर दोस्रो सेमेस्टर

ओखलढुङ्गाका उकाली ओरालीमाथि
बिहानीको घाम सुनौलो भएर झर्छ,
र पहाडको छातीमा
नयाँ दिनको श्वास पलाउँछ।

हावाले बोकेको सिरेटो
गाउँका आँगन हुँदै
क्याम्पसको प्राङ्गणमा आइपुग्छ,
र रूखका पातहरू
धिमे तालमा झैँ हल्लिन्छन्।

यही प्रकृतिको काखमा
हाम्रो सिकाइ उम्रन्छ
जसरी सिमसिमे पानीले
धानको बाला झुलाउँछ।

डाँडामाथिको बादल
कहिले पुस्तकका पानाझैँ खुल्छ,
कहिले बन्द भएर
मनका रहस्य जोगाउँछ।
तर सूर्य फेरि निस्कन्छ
र उज्यालोले भन्छ,
“अज्ञानको अँध्यारो क्षणिक मात्र हो।”

लालीगुराँस फुलेको वनभित्र
रङ्गहरू बोल्छन्
रातो केवल रङ्ग होइन,
आशाको संकेत हो।

चरा उड्छन् नीलो आकाशतिर,
जसरी विचारहरू
सीमाभन्दा माथि उठ्छन्।
खोला बग्छ निरन्तर,
जसरी ज्ञानको यात्रा
कहिल्यै रोकिन्न।

प्रकृतिले सिकाउँछ
धैर्य, लय र निरन्तरता।
पहाडले सिकाउँछ
अडिग रहनु, उभिनु।
आकाशले सिकाउँछ
असीमित सोच्न।

यही पाठ हृदयमा बोकेर
हामी अघि बढ्छौँ
माटोको गन्धसँगै
भविष्यको उज्यालो जोड्दै।

प्रकृतिको काखमा
उमेरिन्छ हाम्रो सपना,
र पहाडको शान्त मुस्कानमा
लुकेको हुन्छ
भोलिको भरोसा।

# विद्यार्थी जीवन : अभाव र खुसीयाली बीचको अविस्मरणीय क्षण



सर्मिला श्रेष्ठ
स्नातकोत्तर प्रथम सेमेस्टर

विद्यार्थी जीवन
मेरो काँधमा झुन्डिएको पुरानो झोला जस्तै,
बाहिरबाट थोत्रो देखिने
तर भित्र सपनाले भरिएको।

कहिलेकाहीँ खल्ती रित्तो हुन्थ्यो,
तर आँखा कहिल्यै रित्तिएनन्
त्यहाँ भविष्यका उज्याला अक्षरहरू टल्किरहन्थे।

बिहानको चिसो हावामा
पुस्तक च्यापेर कलेजतिर हिँड्दा
जुत्ताको फाटेको छाला
जमिनसँग घिस्रिँदै कराउँथ्यो,
तर मन भने
आकाशमा उडिरहेको पन्छी जस्तै स्वतन्त्र हुन्थ्यो।

अभावले मलाई सिकायो
थोरैमा धेरै खोज्न,
रित्तो थालमा पनि
आशाको स्वाद पाउन।

साथीहरूका हाँसोहरू
मेरो लागि सबैभन्दा ठूलो धन थिए,
चिया पसलको एउटै कप
चार जनाले बाँडेर पिउँदा
त्यो चिया स्वादले होइन,
साथले मीठो हुन्थ्यो।

र एक दिन
त्यो अविस्मरणीय क्षण आयो।
परिणामको सूचनापत्र हातमा थियो,
हात काँपिरहेका थिए
जस्तै बर्खाको पातमा अडिएको थोपा।

जब मैले आफ्नो नाम
उत्तीर्ण सूचीमा देखेँ
त्यो क्षण
अभाव र खुसीयालीबीचको
एक पुल बन्यो।

आमाको आँखा रसाए,
बुबाको ओठमा नबोलिएको गर्व फक्रियो,
र मेरो मन
वर्षौंदेखि थामेर राखेको सास जस्तै
एकैचोटि फुक्क खुल्यो।

त्यो क्षणमा
अभाव हार्यो जस्तो लागेन,
बरु उसले नै मलाई जित्न सिकाएको रहेछ।

आज सम्झँदा,
विद्यार्थी जीवन कुनै कथा होइन,
मेरो आफ्नै पसिनाले लेखिएको कविता हो
जहाँ अभावले हरफ बनायो
र खुसीयालीले त्यसमा लय भरेको छ।

त्यो अविस्मरणीय क्षण
अझै पनि मेरो भित्री आकाशमा चम्किरहेको छ
एक ताराजस्तै,
जसले सम्झाउँछ
अभाव अस्थायी हुन्छ,
तर मेहनतबाट जन्मिएको खुसी
सधैँ अमर हुन्छ।

# बाबा



तया कुमारी श्रेष्ठ
स्नातक तेस्रो वर्ष

बाबा,
हजुर हाम्रो घरको बलियो पर्खाल हो,
हरेस नखानु हजुर हाम्रो भरोसाको आधार हो ॥

बाबा,
पिडा लुकाउन खोज्दा खोज्दै लुकेर रोएको देखेकी छु,
परिवारलाई खुशी दिन बुढेशकालमा परदेशिएको देखेकी छु ॥

बाबा,
हजुरको हातको रेखाहरु हाम्रो भविष्य लेखिएको छ,
हजुरको पसिनाका थोपा थोपामा हाम्रो सपना सिचिएको छ ॥

बाबा,
हजुरले गर्व गर्न लायक सन्तान बन्ने छु,
केही समय प्रतिक्षा गर्नुस सफलताको हकदार बनाउने छु ॥

# ओखलढुङ्गा क्याम्पसमा इन्टर्नशिप अभ्यास: अनुभव, उपलब्धि र भविष्य



भुमिका राई
स्नातक तेस्रो वर्ष
इन्टर्न विद्यार्थी

## परिचय

नेपालको पूर्वी पहाडी जिल्ला ओखलढुङ्गाको शैक्षिक धरोहरका रूपमा परिचित ओखलढुङ्गा क्याम्पस केवल एक शैक्षिक संस्था मात्र नभई यस क्षेत्रको बौद्धिक चेतनाको केन्द्र पनि हो। यो क्याम्पसले चार दशकदेखि यस दुर्गम क्षेत्रका विद्यार्थीहरूलाई उच्च शिक्षाको ज्योति प्रदान गर्दै आएको छ। त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त यस क्याम्पसले स्नातक तहमा शिक्षा, व्यवस्थापन र मानविकी संकायका साथै स्नातकोत्तर तहमा शिक्षा शास्त्रका विभिन्न विषयहरूमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको छ।

सिद्धीचरण नगरपालिका वडा नं. १२ को शान्त र मनोरम वातावरणमा अवस्थित यस क्याम्पसले ग्रामीण क्षेत्रका विपन्न तथा जेहेन्दार विद्यार्थीहरूका लागि सस्तो र सुलभ दरमा उच्च शिक्षा उपलब्ध गराउनुलाई आफ्नो मुख्य लक्ष्य बनाएको छ। **"शिक्षा नै चेतनाको स्रोत हो"** भन्ने मान्यतालाई आत्मसात गर्दै यस संस्थाले हजारौँ दक्ष जनशक्ति उत्पादन गरिसकेको छ । एउटा विद्यार्थीका लागि सैद्धान्तिक ज्ञान मात्र पर्याप्त हुँदैन; त्यसलाई व्यवहारमा उतार्नका लागि प्रयोगात्मक अभ्यास वा इन्टर्नशिप अपरिहार्य हुन्छ।

ओखलढुङ्गा जिल्लाको भौगोलिक बनावट जति विकट छ, यहाँका मानिसहरूको शिक्षाप्रतिको तिर्खा उति नै प्रगाढ छ। ओखलढुङ्गा क्याम्पसले यस क्षेत्रका युवाहरूलाई काठमाडौँ वा अन्य ठूला सहर जानुपर्ने बाध्यताबाट मुक्त गराएको छ। यहाँको शैक्षिक वातावरण, अनुभवी प्राध्यापकहरू र समुदायको अपनत्वले यस क्याम्पसलाई एक नमुना शैक्षिक संस्थाको रूपमा स्थापित गरेको छ। इन्टर्नशिप भनेको कक्षाकोठामा सिकेका सिद्धान्तहरूलाई कार्यक्षेत्रको वास्तविक परिवेशमा लागू गर्ने

एउटा पुल हो। यसले विद्यार्थीलाई व्यावसायिक संसारको अनुभव दिलाउनुका साथै आत्मविश्वास र कार्यकुशलता अभिवृद्धि गर्न मद्दत गर्दछ। ओखलढुङ्गा क्याम्पस जस्तो ऐतिहासिक र प्रतिष्ठित संस्थामा इन्टर्नशिप गर्ने अवसर पाउनु मेरा लागि गौरवको विषय थियो। यस लेखमार्फत म मेरो इन्टर्नशिप अवधिका अनुभवहरू, मैले प्राप्त गरेका उपलब्धिहरू र यसले मेरो भविष्यको मार्गचित्र कोर्न कसरी सहयोग पुऱ्यायो भन्ने विषयमा विस्तृत चर्चा गर्न चाहन्छु।

**इन्टर्नशिप यात्राको सुरुवात**

मेरो इन्टर्नशिप यात्राको सुरुवात उत्साह र केही हदसम्म कौतूहलका साथ भएको थियो। शैक्षिक सत्रको अन्त्यतिर जब प्रयोगात्मक कार्यको समय आयो, मैले आफ्नै आफ्नो गृय जिल्ला खोटाङ छोडेर ओखलढुङ्गाको अग्रणी शैक्षिक संस्था ओखलढुङ्गा क्याम्पसलाई रोजेँ। यसको मुख्य कारण यहाँको आत्मीय वातावरण र अनुभवी प्राध्यापकहरूको सामीप्यमा रहेर केही नयाँ सिक्ने अभिलाषा थियो। इन्टर्नशिपको पहिलो दिन क्याम्पस प्रवेश गर्दाको त्यो क्षण अहिले पनि मेरो मानसपटलमा ताजा छ। क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख र अन्य कर्मचारीहरूले देखाउनुभएको हार्दिकताले मलाई आफू एउटा ठूलो परिवारको हिस्सा भएको महसुस गरायो।

इन्टर्नशिपको प्रारम्भिक चरणमा मलाई क्याम्पसको प्रशासनिक संरचना, विभिन्न विभागहरूको कार्यशैली र विद्यार्थी सेवाका पाटाहरूसँग परिचित गराइयो। ओखलढुङ्गा क्याम्पसको एउटा विशेषता भनेको यहाँको समावेशी र सहयोगी वातावरण हो। भुमिका राईका रूपमा मैले यहाँ केवल एक इन्टर्नको भूमिका मात्र निभाउनु थिएन, बरु क्याम्पसको समग्र विकास प्रक्रियालाई नजिकबाट नियाल्नु र त्यसमा आफ्नो तर्फबाट सानो भए पनि योगदान पुऱ्याउनु थियो।

प्रारम्भिक दिनहरूमा मैले क्याम्पसको पुस्तकालय व्यवस्थापन, विद्यार्थी भर्ना प्रक्रिया र सूचना प्रविधिको प्रयोगका बारेमा जानकारी हासिल गरेँ। क्याम्पसले पछिल्लो समयमा अपनाएको LMS (Learning Management System) र EMIS (Education Management Information System) जस्ता आधुनिक प्रविधिहरूले मलाई निकै आकर्षित गऱ्यो। ग्रामीण क्षेत्रमा भएर पनि प्रविधिमैत्री शिक्षा प्रदान गर्ने क्याम्पसको यो प्रयास सराहनीय छ। यी प्रविधिहरूसँग प्रत्यक्ष जोडिएर काम गर्न पाउनु मेरो इन्टर्नशिपको पहिलो ठूलो सिकाइ थियो।

क्याम्पसको पुस्तकालयमा रहेका हजारौँ पुस्तकहरू, सन्दर्भ सामग्रीहरू र डिजिटल रिसोर्सहरूको व्यवस्थापन गर्ने क्रममा मैले सूचना व्यवस्थापनको महत्व बुझेँ। विद्यार्थीहरूलाई आवश्यक पुस्तकहरू उपलब्ध गराउने र उनीहरूलाई अध्ययनका लागि प्रेरित गर्ने कार्यले मलाई निकै सन्तुष्टि दियो। मेरो इन्टर्नशिपको मुख्य उद्देश्य केवल कार्यालयका कामहरू सिक्नु मात्र थिएन, बरु क्याम्पसले

सञ्चालन गर्ने विभिन्न शैक्षिक कार्यक्रमहरूमा सहभागी भएर आफ्नो नेतृत्व क्षमता र सञ्चार सीपलाई निखार्नु पनि थियो। क्याम्पसका प्राध्यापकहरूले मलाई दिएको मार्गनिर्देशन र विश्वासले मलाई जिम्मेवारीपूर्वक काम गर्न थप प्रेरित गऱ्यो। यसरी मेरो इन्टर्नशिप यात्रा एउटा नयाँ आशा र दृढ संकल्पका साथ अगाडि बढ्यो।

**कार्य अनुभव र जिम्मेवारीहरू**

ओखलढुङ्गा क्याम्पसमा इन्टर्नका रूपमा काम गर्दा मैले विभिन्न प्रकारका कार्य अनुभवहरू प्राप्त गर्ने अवसर पाएँ। इन्टर्नशिपको दौरान मेरो जिम्मेवारी केवल एउटा विभागमा मात्र सीमित थिएन, बरु क्याम्पसका विभिन्न शैक्षिक र प्रशासनिक पक्षहरूसँग जोडिएको थियो। मैले विशेष गरी व्यवस्थापन, शिक्षा र मानविकी संकायका विद्यार्थीहरूसँग प्रत्यक्ष अन्तर्क्रिया गर्ने र उनीहरूका समस्याहरू सुन्ने र समाधानका उपायहरू खोज्ने मौका पाएँ।

प्रशासनिक कार्यमा मेरो संलग्नताले मलाई कार्यालय व्यवस्थापन र फाइल प्रणालीको बारेमा गहिरो ज्ञान दियो। क्याम्पसको दर्ता-चलानी शाखादेखि लिएर विद्यार्थी भर्ना र परीक्षा व्यवस्थापनसम्मका कार्यहरूमा मैले सक्रिय सहभागिता जनाएँ। यस क्रममा मैले एउटा शैक्षिक संस्था सञ्चालन गर्न कति धेरै समन्वय र मिहिनेत आवश्यक पर्छ भन्ने कुरालाई नजिकबाट नियाल्न पाएँ। ओखलढुङ्गा क्याम्पसको एउटा बलियो पक्ष भनेको यहाँको पारदर्शी र व्यवस्थित कार्यशैली हो, जसले मलाई अनुशासन र समय व्यवस्थापनको महत्त्व सिकाएको छ।

शैक्षिक गतिविधिहरूमा मेरो भूमिका अझ बढी रचनात्मक थियो। मैले क्याम्पसले आयोजना गर्ने विभिन्न कार्यशाला, गोष्ठी र छलफल कार्यक्रमहरूमा व्यवस्थापकीय सहयोग पुऱ्याएँ। उदाहरणका लागि क्याम्पस द्वारा आयोजित शैक्षिक गुणस्तर सुधार सम्बन्धी कार्यक्रममा मैले सहभागीहरूको समन्वय र कार्यक्रमको कागजात तयार गर्ने जिम्मा पाएको थिएँ। यसले मेरो लेखन सीप र सार्वजनिक सम्बोधन गर्ने क्षमतालाई निकै निखार्न मद्दत गऱ्यो। ओखलढुङ्गा क्याम्पसको एउटा अर्को महत्वपूर्ण पक्ष भनेको यहाँको नियमित परीक्षा प्रणाली र विद्यार्थीहरूको मूल्याङ्कन प्रक्रिया हो। मैले परीक्षा नियन्त्रण कक्षमा रहेर विद्यार्थीहरूको नतिजालाई अभिलेखीकरण गर्ने कार्यमा पनि सहयोग गरेँ। साथै, क्याम्पसको सूचना प्रविधि (IT) शाखामा रहेर मैले डिजिटल रेकर्ड व्यवस्थापन र विद्यार्थीहरूको डेटा इन्ट्री कार्यमा सहयोग गरेँ। ओखलढुङ्गा क्याम्पसले प्रयोग गर्ने LMS (Learning Management System) मार्फत विद्यार्थीहरूलाई अनलाइन शैक्षिक सामग्री उपलब्ध गराउने कार्यमा मैले प्राविधिक सहयोग पुऱ्याएँ। यसले मलाई आधुनिक शिक्षा प्रणालीमा प्रविधिको भूमिका कति महत्वपूर्ण हुन्छ भन्ने कुरालाई व्यावहारिक रूपमा बुझ्न मद्दत गऱ्यो। प्रविधिको प्रयोगले

ग्रामीण क्षेत्रका विद्यार्थीहरूलाई कसरी विश्वव्यापी ज्ञानको पहुँचमा पुऱ्याउन सकिन्छ भन्ने कुरा मेरो लागि एक नयाँ र रोमाञ्चक अनुभव थियो।

विद्यार्थीहरूसँगको सम्बन्ध मेरो इन्टर्नशिपको अर्को सुखद पक्ष थियो। मैले विद्यार्थीहरूलाई क्याम्पसका विभिन्न सेवा-सुविधाहरू, छात्रवृत्ति कार्यक्रमहरू र अतिरिक्त क्रियाकलापहरूको बारेमा जानकारी गराउने काम गरेँ। विद्यार्थीहरूको जिज्ञासा मेटाउने र उनीहरूलाई क्याम्पसको वातावरणमा घुलमिल हुन सहयोग पुऱ्याउने क्रममा मैले प्रभावकारी सञ्चारको कला सिकेँ। विशेष गरी नयाँ भर्ना भएका विद्यार्थीहरूका लागि ओखलढुङ्गा क्याम्पसको परिचय गराउने र उनीहरूलाई क्याम्पसको नियम र सुविधाहरूको बारेमा बुझाउने कार्यले मलाई निकै सन्तुष्टि दियो। यी सबै अनुभवहरूले मलाई एक परिपक्व र जिम्मेवार व्यक्तिका रूपमा उभ्याउन ठूलो भूमिका खेलेका छन्।

**सिकाइ र उपलब्धिहरू**

इन्टर्नशिपको अवधिमा मैले प्राप्त गरेका सिकाइ र उपलब्धिहरू मेरो शैक्षिक यात्राका सबैभन्दा अमूल्य सम्पत्ति हुन्। सैद्धान्तिक ज्ञानलाई व्यावहारिक कार्यक्षेत्रमा कसरी प्रयोग गर्ने भन्ने कुरा मैले यहाँ प्रत्यक्ष रूपमा सिकेँ। ओखलढुङ्गा क्याम्पसमा बिताएको प्रत्येक दिनले मलाई नयाँ कुरा सिकाएको छ।

मेरो सबैभन्दा ठूलो उपलब्धि भनेको आत्मविश्वासमा वृद्धि हुनु हो। इन्टर्नशिप सुरु गर्नुअघि मलाई कार्यक्षेत्रमा कसरी प्रस्तुत हुने र जिम्मेवारीहरू कसरी पूरा गर्ने भन्नेमा केही डर थियो। तर, क्याम्पसका प्राध्यापक र कर्मचारीहरूको निरन्तर सहयोग र हौसलाले मलाई आफ्नो क्षमतामा विश्वास गर्न सिकायो। मैले चुनौतीपूर्ण कार्यहरू पनि सफलतापूर्वक सम्पन्न गर्न सकेँ, जसले मलाई भविष्यमा कुनै पनि व्यावसायिक क्षेत्रमा काम गर्न सक्षम बनाएको छ।

दोस्रो महत्वपूर्ण उपलब्धि भनेको नेतृत्व र व्यवस्थापन सीप**को** विकास हो। क्याम्पसका विभिन्न कार्यक्रमहरू व्यवस्थापन गर्ने क्रममा मैले समूहमा काम गर्ने र नेतृत्व लिने कला सिकेँ। समस्याहरू आइपर्दा धैर्यताका साथ तिनको समाधान खोज्ने र सबैलाई समेटेर अगाडि बढ्ने क्षमतामा मेरो विकास भएको छ। यो सीप मेरो करियरका लागि अत्यन्तै फलदायी हुनेछ भन्नेमा म विस्वस्त छु। मैले यस अवधिमा समय व्यवस्थापनको कला पनि सिकेँ, जसले मलाई व्यक्तिगत र व्यावसायिक जीवनमा सन्तुलन कायम गर्न मद्दत पुऱ्याएको छ।

यसका अतिरिक्त, मैले व्यावसायिक सञ्चार र नेटवर्किङमा पनि ठूलो उपलब्धि हासिल गरेँ। क्याम्पसका विभिन्न सरोकारवालाहरू, जस्तै: विद्यार्थी, अभिभावक, सरकारी निकायका प्रतिनिधि र शिक्षाविद्हरूसँगको अन्तर्क्रियाले मलाई आफ्नो विचार स्पष्ट रूपमा राख्न र अरूका कुरा सुन्न

सिकाएको छ। यसले मेरो व्यक्तित्व विकासमा ठूलो टेवा पुऱ्याएको छ। सञ्चार केवल बोल्नु मात्र होइन, बरु प्रभावकारी रूपमा सन्देश प्रवाह गर्नु र अरूको कुरा सुन्नु पनि हो भन्ने कुरा मैले यहाँ व्यवहारमा सिकेँ।

प्राविधिक रूपमा पनि मैले धेरै कुरा सिकेँ। कार्यालयका सफ्टवेयरहरू, अनलाइन शैक्षिक प्लेटफर्महरू र डेटा व्यवस्थापनका औजारहरूको प्रयोगमा म दक्ष भएँ। ओखलढुङ्गा क्याम्पसले मलाई प्रदान गरेको यो प्रयोगात्मक वातावरणले मेरो प्राविधिक ज्ञानलाई अझ फराकिलो बनाएको छ। यी उपलब्धिहरूले मलाई केवल एक स्नातक विद्यार्थी मात्र नभई एक सक्षम जनशक्तिका रूपमा तयार पारेका छन्। मेरो लागि यो इन्टर्नशिप केवल एउटा सर्टिफिकेट प्राप्त गर्ने माध्यम मात्र नभई मेरो क्षमतालाई तिखार्ने एउटा महत्वपूर्ण अवसर थियो।

**चुनौतीहरू र तिनको सामना**

इन्टर्नशिपको यात्रा सधैँ सहज मात्र थिएन; यस क्रममा मैले केही चुनौतीहरूको पनि सामना गर्नुपऱ्यो। ग्रामीण र पहाडी क्षेत्रमा अवस्थित क्याम्पस भएकाले यहाँ केही भौतिक र प्राविधिक सीमाहरू छन् तर ती चुनौतीहरूले मलाई झन् बलियो र रचनात्मक बन्न सिकाए।

सबैभन्दा पहिलो चुनौती भौतिक पूर्वाधार र भौगोलिक विकटता थियो। ओखलढुङ्गाको भौगोलिक बनावट र मौसमका कारण कहिलेकाहीँ क्याम्पस पुग्न र नियमित कार्यहरू गर्न कठिन हुन्थ्यो। विशेष गरी वर्षायाममा बाटोघाटोको समस्याले गर्दा विद्यार्थी र कर्मचारीहरूलाई आउजाउमा कठिनाइ हुन्थ्यो। यस्तो अवस्थामा पनि क्याम्पसले कसरी आफ्नो शैक्षिक क्यालेन्डरलाई निरन्तरता दिन्छ भन्ने कुरा देख्दा मलाई अनुशासन र लगनशीलताको पाठ मिल्यो। भौगोलिक विकटताले हामीलाई सीमित स्रोत र साधनमा पनि कसरी उत्कृष्ट कार्य गर्ने भन्ने सिकाउँछ।

दोस्रो चुनौती प्रविधि र इन्टरनेटको पहुँच थियो। क्याम्पसले डिजिटल शिक्षालाई प्राथमिकता दिए पनि कहिलेकाहीँ इन्टरनेटको सुस्त गति र विद्युत् आपूर्तिको अनिश्चितताले अनलाइन कार्यहरूमा अवरोध पुऱ्याउँथ्यो। यस्तो समयमा मैले वैकल्पिक उपायहरू खोज्न र सीमित स्रोतमा कसरी अधिकतम नतिजा निकाल्ने भन्ने कुरा सिकेँ। यसले मलाई 'Crisis Management' वा संकट व्यवस्थापनको व्यावहारिक ज्ञान दियो। प्रविधिको सीमितताले हामीलाई धैर्यता र वैकल्पिक सोच राख्न प्रेरित गर्दछ।

तेस्रो चुनौती समय व्यवस्थापन र कार्यको चाप थियो। कहिलेकाहीँ एकैपटक धेरै जिम्मेवारीहरू आइपर्दा तिनलाई प्राथमिकताका आधारमा समयमै सम्पन्न गर्न निकै मिहिनेत गर्नुपर्थ्यो। तर, क्याम्पसका अनुभवी कर्मचारीहरूको मार्गदर्शनले मलाई योजनाबद्ध रूपमा काम गर्न र तनावलाई

कसरी व्यवस्थापन गर्ने भन्ने सिकाउनुभयो। कार्यको चापले हामीलाई आफ्नो क्षमता विस्तार गर्न र प्रभावकारी कार्यशैली अपनाउन मद्दत गर्दछ।

यी चुनौतीहरूले मलाई निराश बनाउनुको साटो झन् उत्साहित बनाए। मैले बुझेँ कि कार्यक्षेत्रमा सधैँ अनुकूल परिस्थिति हुँदैन; सफलता त प्रतिकूल परिस्थितिमा पनि कसरी अगाडि बढ्ने भन्नेमा निर्भर गर्दछ। चुनौतीहरूको सामना गर्दै अगाडि बढ्ने क्रममा मैले धैर्यता, सहनशीलता र सिर्जनशीलता जस्ता महत्वपूर्ण गुणहरू आत्मसात गरेँ। यी चुनौतीहरूले नै मलाई भविष्यका लागि तयार पारेका छन्।

## विभागगत अनुभव र विशिष्ट कार्यहरू

ओखलढुङ्गा क्याम्पसका विभिन्न विभागहरूमा काम गर्दा मैले प्राप्त गरेका केही विशिष्ट अनुभवहरू यहाँ उल्लेख गर्न चाहन्छु। यसले मेरो कार्यक्षमतालाई थप प्रष्ट पार्न मद्दत गर्नेछ।

### व्यवस्थापन विभाग (Department of Management)

व्यवस्थापन विभागमा इन्टर्नका रूपमा रहँदा मैले वित्तीय अभिलेखीकरण र विद्यार्थीहरूको शुल्क व्यवस्थापन प्रणालीलाई नजिकबाट नियाल्ने मौका पाएँ। क्याम्पसको आन्तरिक लेखा प्रणालीलाई चुस्त बनाउन कर्मचारीहरूले गर्ने मिहिनेत साँच्चै नै प्रशंसनीय छ। मैले विद्यार्थीहरूको परीक्षा आवेदन फारम संकलन गर्ने, तिनलाई रुजु गर्ने र विश्वविद्यालय पठाउनका लागि तयार पार्ने कार्यमा प्रत्यक्ष सहयोग पुऱ्याएँ। यसले मलाई शुद्धता र विवरणमा ध्यान दिनुपर्ने (Attention to Detail) महत्व सिकाएको छ।

### शिक्षा संकाय (Faculty of Education)

शिक्षा संकायमा रहँदा मैले प्रयोगात्मक शिक्षण (Practice Teaching) को व्यवस्थापन र समन्वयमा सहयोग गरेँ। विद्यार्थीहरूलाई विभिन्न विद्यालयहरूमा प्रयोगात्मक शिक्षणका लागि पठाउँदा आवश्यक पर्ने कागजात तयार गर्ने र विद्यालयहरूसँग समन्वय गर्ने कार्य मेरो जिम्मेवारीमा थियो। यसले मलाई शिक्षा प्रशासनको व्यावहारिक पाटो बुझ्न मद्दत गऱ्यो। साथै, विद्यार्थीहरूको शिक्षण अभ्यासको प्रतिवेदन (Lesson Plan) मूल्याङ्कनमा प्राध्यापकहरूलाई सहयोग गर्दा मैले शिक्षण विधिका बारेमा धेरै नयाँ कुराहरू सिक्न पाएँ।

### मानविकी संकाय (Faculty of Humanities)

मानविकी संकायका विद्यार्थीहरूसँगको अन्तर्क्रियाले मलाई समाजशास्त्र, अर्थशास्त्र र नेपाली साहित्यका विभिन्न आयामहरूका बारेमा बुझ्न मद्दत गऱ्यो। क्याम्पसले आयोजना

गर्ने साहित्यिक गोष्ठी र छलफल कार्यक्रमहरूमा मैले स्वयंसेवकको रूपमा काम गरेँ। यसले मेरो सांस्कृतिक चेतना र सामाजिक सम्बन्ध विस्तारमा ठूलो भूमिका खेलेको छ।

**क्याम्पसको प्रविधि र आधुनिकीकरणमा मेरो भूमिका**

ओखलढुङ्गा क्याम्पसले पछिल्लो समयमा प्रविधिमैत्री शिक्षालाई उच्च प्राथमिकता दिएको छ। इन्टर्नशिपको क्रममा मैले क्याम्पसको डिजिटल रूपान्तरणमा सानो भए पनि योगदान पुऱ्याउने अवसर पाएँ।

क्याम्पसको LMS (Learning Management System) मा विभिन्न विषयका शैक्षिक सामग्रीहरू अपलोड गर्ने र विद्यार्थीहरूलाई त्यसको प्रयोग कसरी गर्ने भन्ने बारेमा सिकाउने काम मैले गरेँ। विशेष गरी ग्रामीण क्षेत्रबाट आएका विद्यार्थीहरूका लागि यो प्रविधि नयाँ थियो। उनीहरूलाई अनलाइन कक्षामा सहभागी हुने र अनलाइन असाइनमेन्ट बुझाउने तरिका सिकाउँदा उनीहरूको अनुहारमा देखिएको खुसी मेरो लागि ठूलो उपलब्धि थियो।

साथै, क्याम्पसको आधिकारिक वेबसाइट र फेसबुक पेज मार्फत क्याम्पसका सूचनाहरू र गतिविधिहरूलाई जनसमक्ष पुऱ्याउने कार्यमा पनि मैले सहयोग गरेँ। सूचनाको सही र समयमै सम्प्रेषणले विद्यार्थी र अभिभावकहरूलाई क्याम्पससँग जोड्न मद्दत गर्दछ। मैले क्याम्पसका कार्यक्रमहरूको फोटो खिच्ने, भिडियो बनाउने र ती सामग्रीहरूलाई सामाजिक सञ्जालमा पोस्ट गर्ने कार्यमा सक्रियता देखाएँ। यसले क्याम्पसको 'डिजिटल ब्रान्डिङ' मा मद्दत पुगेको मलाई महसुस हुन्छ।

**विद्यार्थी कल्याण र छात्रवृत्ति व्यवस्थापन**

ओखलढुङ्गा क्याम्पसले जेहेन्दार र आर्थिक रूपमा विपन्न विद्यार्थीहरूका लागि विभिन्न छात्रवृत्ति कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। इन्टर्नशिपको क्रममा मैले छात्रवृत्ति वितरण प्रक्रियालाई पारदर्शी र व्यवस्थित बनाउन सहयोग गरेँ।

विद्यार्थीहरूका आवेदनहरू संकलन गर्ने, तिनको मापदण्ड अनुसार वर्गीकरण गर्ने र योग्य विद्यार्थीहरूको नामावली तयार गर्ने कार्यमा मैले प्रशासनलाई सहयोग पुऱ्याएँ। यस क्रममा मैले धेरै विद्यार्थीहरूका आर्थिक र सामाजिक समस्याहरूलाई नजिकबाट बुझ्ने मौका पाएँ। क्याम्पसले प्रदान गर्ने सानो सहयोगले पनि एक विद्यार्थीको भविष्य कसरी परिवर्तन हुन सक्छ भन्ने कुराले मलाई निकै भावुक बनायो। यस अनुभवले मलाई सामाजिक सेवा र मानवीय संवेदनाका बारेमा गहिरो ज्ञान दियो।

विद्यार्थी कल्याणकारी कोषको परिचालन र विद्यार्थीहरूका लागि अतिरिक्त क्रियाकलापहरूको आयोजनामा पनि मैले सक्रिय भूमिका निर्वाह गरेँ। यी क्रियाकलापहरूले विद्यार्थीहरूको चौतर्फी विकासमा मद्दत पुऱ्याउँछन् र क्याम्पसको वातावरणलाई जीवन्त बनाउँछन्।

**पुस्तकालय र सन्दर्भ सामग्रीहरूको व्यवस्थापनमा अनुभव**

ओखलढुङ्गा क्याम्पसको पुस्तकालय यस क्षेत्रकै सबैभन्दा समृद्ध र व्यवस्थित पुस्तकालयहरूमध्ये एक हो। इन्टर्नशिपको दौरान मैले पुस्तकालयको दैनिक कार्य सञ्चालन र पुस्तक व्यवस्थापन प्रणालीमा प्रत्यक्ष रूपमा संलग्न हुने अवसर पाएँ।

पुस्तकालयमा हजारौँको संख्यामा रहेका पाठ्यपुस्तकहरू, सन्दर्भ सामग्रीहरू, पत्रपत्रिकाहरू र अनुसन्धान प्रतिवेदनहरूको वर्गीकरण गर्ने कार्यमा मैले सहयोग गरेँ। विद्यार्थीहरूलाई आवश्यक पुस्तकहरू खोज्न मद्दत गर्ने र उनीहरूलाई पुस्तक जारी गर्ने (Issue) र फिर्ता लिने (Return) प्रक्रियालाई व्यवस्थित बनाउन मैले डिजिटल रेकर्ड प्रणालीको प्रयोग गरेँ।

पुस्तकालय केवल पुस्तक राख्ने ठाउँ मात्र होइन, बरु यो शान्त अध्ययन र बौद्धिक विमर्शको केन्द्र पनि हो। मैले विद्यार्थीहरूलाई पुस्तकालयको नियम र मर्यादाका बारेमा जानकारी गराउने र उनीहरूलाई अध्ययनका लागि उत्प्रेरित गर्ने कार्य गरेँ। क्याम्पसले पछिल्लो समयमा सुरु गरेको 'E-Library' को अवधारणालाई विद्यार्थीहरूमाझ पुऱ्याउन मैले प्राविधिक सहयोग प्रदान गरेँ। यसले विद्यार्थीहरूलाई विश्वका उत्कृष्ट विश्वविद्यालयका शैक्षिक सामग्रीहरूमा पहुँच पुऱ्याउन मद्दत गरेको छ।

**क्याम्पसको भौतिक पूर्वाधार र वातावरण सुधारमा मेरो सहभागिता**

ओखलढुङ्गा क्याम्पसको वातावरणलाई थप स्वच्छ र हराभरा बनाउन क्याम्पसले सञ्चालन गरेको 'Green Campus' अभियानमा पनि मैले सहभागिता जनाएँ। क्याम्पस परिसरमा वृक्षारोपण गर्ने, सरसफाइ कार्यक्रम आयोजना गर्ने र विद्यार्थीहरूलाई वातावरणीय चेतना प्रदान गर्ने कार्यमा मैले सहयोग गरेँ।

क्याम्पसका भवनहरू, कक्षाकोठाहरू र प्रयोगशालाहरूको उचित व्यवस्थापन र मर्मत-सम्भारका बारेमा प्रशासनलाई नियमित जानकारी गराउने र आवश्यक समन्वय गर्ने कार्यले मलाई भौतिक स्रोत व्यवस्थापनको बारेमा जानकारी दियो। क्याम्पसको शान्त र प्राकृतिक वातावरणले विद्यार्थीहरूलाई अध्ययनका लागि एक उत्कृष्ट स्थल प्रदान गरेको छ, जसलाई कायम राख्न सबैको सहयोग आवश्यक छ।

## भविष्यका चुनौती र मेरो मार्गचित्रको विस्तार

भविष्यमा शिक्षा क्षेत्रमा काम गर्दा आउन सक्ने चुनौतीहरूलाई मैले अहिलेदेखि नै आत्मसात गरेको छु। इन्टर्नशिपले मलाई ती चुनौतीहरूको सामना गर्न आवश्यक मानसिक र व्यावसायिक तयारी गराएको छ।

### डिजिटल रूपान्तरणको चुनौती

आगामी दिनहरूमा शिक्षा प्रणाली पूर्ण रूपमा डिजिटल हुनेछ। मैले इन्टर्नशिपको क्रममा सिकेका IT सीपहरूलाई अझ परिष्कृत गर्दै प्रविधिमैत्री शिक्षाको प्रवद्र्धनमा लाग्ने प्रण गरेको छु ।

### गुणस्तरीय शिक्षाको पहुँच

ग्रामीण क्षेत्रका सबै विद्यार्थीहरूमा गुणस्तरीय शिक्षाको पहुँच पुऱ्याउनु ठूलो चुनौती हो। म भविष्यमा यस्ता नीति र कार्यक्रमहरूमा काम गर्न चाहन्छु, जसले विपन्न वर्गका विद्यार्थीहरूलाई उच्च शिक्षाको अवसर प्रदान गरोस्।

### व्यावसायिक सीप र रोजगार

केवल डिग्री मात्र पर्याप्त छैन, विद्यार्थीहरूमा व्यावसायिक सीप हुनु पनि उत्तिकै आवश्यक छ। म भविष्यमा विद्यार्थीहरूलाई करियर काउन्सिलिङ र सीप विकासका कार्यक्रमहरू सञ्चालन गर्न प्रेरित गर्नेछु।

ओखलढुङ्गा क्याम्पसले मलाई देखाएको यो बाटो मेरो जीवनको एक सफल यात्राको प्रस्थान बिन्दु हो। म सधैँ यो क्याम्पसको एक गर्विलो विद्यार्थी र पूर्व इन्टर्नको रूपमा चिनिन चाहन्छु। मेरो भविष्यको योजना यसै क्षेत्रमा विशेषज्ञता हासिल गर्ने र ओखलढुङ्गा जस्ता जिल्लाहरूको शैक्षिक सुधारमा योगदान पुऱ्याउने रहेको छ। म शैक्षिक नीति र योजना निर्माणमा पनि आफ्नो भूमिका देख्न चाहन्छु।

## क्याम्पसको योगदान र वातावरण

ओखलढुङ्गा क्याम्पसको एउटा विशिष्ट पहिचान भनेको यहाँको आत्मीय र समावेशी वातावरण हो। क्याम्पस प्रमुख, प्राध्यापक र कर्मचारीहरू सबै एक परिवारका रूपमा मिलेर काम गर्ने संस्कार यहाँ छ। मेरो इन्टर्नशिपको दौरान मैले कहिल्यै पनि आफूलाई बाहिरी व्यक्ति वा केवल एक विद्यार्थीको रूपमा महसुस गरिनँ। क्याम्पसले मलाई एउटा सहकर्मीको रूपमा स्वीकार गऱ्यो, जसले गर्दा मलाई

आफ्नो विचारहरू निर्धक्कसँग राख्न र काम गर्न सजिलो भयो। यहाँको वातावरणले विद्यार्थीहरूलाई आफ्नो क्षमता प्रस्फुटन गर्न र सिक्नका लागि उपयुक्त स्थान प्रदान गर्दछ।

क्याम्पसको Vision 2024-2028 र रणनीतिक योजनाहरूले मलाई निकै प्रभावित गऱ्यो। ओखलढुङ्गा क्याम्पसले आगामी वर्षहरूमा शैक्षिक उत्कृष्टता, सामुदायिक संलग्नता र दिगो वृद्धिलाई मुख्य प्राथमिकतामा राखेको छ। क्याम्पसले भौतिक पूर्वाधारको आधुनिकीकरण र संकाय विकासमा गरेको लगानीले यहाँको शैक्षिक स्तरलाई थप उचाइमा पुऱ्याउने निश्चित छ। इन्टर्नशिपको क्रममा मैले यी रणनीतिक योजनाहरूका बारेमा जानकारी लिँदा मलाई क्याम्पसको भविष्यप्रति निकै भरोसा जाग्यो। विशेष गरी डिजिटल शिक्षा र अनुसन्धानमा क्याम्पसले लिएको अग्रसरता सराहनीय छ।

क्याम्पसको एउटा महत्वपूर्ण योगदान भनेको स्थानीय समुदायसँगको सम्बन्ध हो। ओखलढुङ्गा क्याम्पस केवल एउटा शैक्षिक भवन मात्र होइन, बरु यो यस क्षेत्रको सामाजिक र सांस्कृतिक विकासको संवाहक पनि हो। क्याम्पसले स्थानीय सरकार, शिक्षाविद् र नागरिक समाजसँगको समन्वयमा सञ्चालन गर्ने विभिन्न कार्यक्रमहरूले समुदायमा सकारात्मक प्रभाव पारेको छ। इन्टर्नशिपको क्रममा मैले समुदायका विभिन्न व्यक्तिहरूसँग अन्तर्क्रिया गर्दा क्याम्पसप्रति उनीहरूको उच्च सम्मान र विश्वास रहेको पाएँ। क्याम्पसले स्थानीय आवश्यकता अनुसारको शिक्षा प्रदान गरेर समुदायको विकासमा योगदान पुऱ्याएको छ।

क्याम्पसका प्राध्यापकहरूले मलाई प्रदान गर्नुभएको मार्गदर्शन र परामर्श मेरो इन्टर्नशिपको सबैभन्दा ठूलो सम्पत्ति हो। उहाँहरूले मलाई केवल किताबी ज्ञान मात्र दिनुभएन, बरु जीवनका व्यावहारिक पाटाहरू र व्यावसायिक मर्यादाका बारेमा पनि सिकाउनुभयो। उहाँहरूको लगनशीलता र विद्यार्थीप्रतिको समर्पणले मलाई भविष्यमा एक असल र जिम्मेवार नागरिक बन्न प्रेरित गरेको छ। ओखलढुङ्गा क्याम्पसको यो सकारात्मक वातावरणले मलाई सधैँ ऊर्जावान् र क्रियाशील रहन मद्दत गऱ्यो। उहाँहरूले मलाई दिएको व्यक्तिगत सल्लाह र सुझावहरू मेरो करियरका लागि अत्यन्तै मूल्यवान् हुनेछन्।

**भविष्यका योजना र मार्गचित्र**

ओखलढुङ्गा क्याम्पसमा बिताएको इन्टर्नशिपको समयले मेरो भविष्यको मार्गचित्र कोर्नमा महत्वपूर्ण भूमिका खेलेको छ। यस अनुभवले मलाई मेरो करियरका लागि आवश्यक आत्मविश्वास र सीप पनि प्रदान गरेको छ। मेरो आगामी यात्रा अब केवल शैक्षिक प्रमाणपत्रका लागि मात्र नभई वास्तविक समाजको सेवाका लागि हुनेछ।

मेरो पहिलो प्राथमिकता उच्च शिक्षालाई निरन्तरता दिँदै प्राप्त अनुभवलाई व्यवहारमा उतार्नु हो। इन्टर्नशिपको क्रममा मैले शैक्षिक प्रशासन र व्यवस्थापनमा जुन रुचि र दक्षता हासिल गरेँ, त्यसलाई म भविष्यमा शिक्षा क्षेत्रकै विकासमा प्रयोग गर्न चाहन्छु। मलाई लाग्छ कि ग्रामीण क्षेत्रका शैक्षिक संस्थाहरूमा प्रविधि र आधुनिक व्यवस्थापन प्रणालीको प्रयोग अझै बढाउन आवश्यक छ। मेरो भविष्यको योजना यसै क्षेत्रमा विशेषज्ञता हासिल गर्ने र ओखलढुङ्गा जस्ता जिल्लाहरूको शैक्षिक सुधारमा योगदान पुऱ्याउने रहेको छ। म शैक्षिक नीति र योजना निर्माणमा पनि आफ्नो भूमिका देख्न चाहन्छु।

दोस्रो, मैले इन्टर्नशिपको क्रममा सिकेका सञ्चार र नेतृत्व सीपलाई म आफ्नो सामाजिक र व्यावसायिक जीवनमा लागू गर्न चाहन्छु। मलाई विश्वास छ कि एक सक्षम जनशक्ति हुनका लागि विषयगत ज्ञानका साथै प्रभावकारी सञ्चार र समन्वय गर्ने क्षमता पनि उत्तिकै आवश्यक छ। म आगामी दिनहरूमा विभिन्न सामाजिक संघसंस्थाहरूमा आबद्ध भएर समुदायको सेवा गर्ने र नेतृत्वदायी भूमिका निर्वाह गर्ने लक्ष्य राखेको छु। म युवाहरूको सशक्तीकरण र उनीहरूलाई सही मार्गनिर्देशन प्रदान गर्ने कार्यमा पनि संलग्न हुन चाहन्छु।

तेस्रो, ओखलढुङ्गा क्याम्पसलाई थप उत्कृष्ट बनाउन म आफ्नो तर्फबाट सधैँ तत्पर रहनेछु। एक विद्यार्थी र इन्टर्नको रूपमा मेरो क्याम्पसप्रतिको उत्तरदायित्व सधैँ रहनेछ। म चाहन्छु कि आगामी दिनमा क्याम्पसले अझ बढी प्रयोगात्मक र अनुसन्धानमुखी शिक्षालाई जोड देओस्। विद्यार्थीहरूका लागि इन्टर्नशिप र करियर काउन्सिलिङ जस्ता कार्यक्रमहरूलाई थप व्यवस्थित बनाउन सकिएमा यहाँका विद्यार्थीहरूले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्नेछन्। म क्याम्पसको एलुम्नाई नेटवर्कलाई बलियो बनाउन पनि पहल गर्नेछु।

मेरो भविष्यको मार्गचित्र स्पष्ट छ: म एक यस्तो शिक्षाकर्मी वा व्यवस्थापक बन्न चाहन्छु, जसले आफ्नो ज्ञान र सीपलाई समाजको हितमा प्रयोग गरोस्। ओखलढुङ्गा क्याम्पसले मलाई देखाएको यो बाटो मेरो जीवनको एउटा सफल यात्राको प्रस्थान बिन्दु हो। मलाई विश्वास छ कि मिहिनेत र इमानदारीका साथ अगाडि बढ्दा कुनै पनि लक्ष्य हासिल गर्न सकिन्छ।

**निष्कर्ष**

ओखलढुङ्गा क्याम्पसमा इन्टर्नशिप अभ्यास मेरो जीवनको एउटा अविस्मरणीय र गौरवपूर्ण अध्याय हो। यस अवधिमा मैले केवल कार्य अनुभव मात्र हासिल गरिनँ, बरु जीवन जिउने कला र व्यावसायिक मर्यादाको पाठ पनि सिकेँ। भुमिका राईका रूपमा मैले यहाँ बिताएका पलहरू, मैले

सामना गरेका चुनौतीहरू र प्राप्त गरेका उपलब्धिहरूले मलाई एक परिपक्व र सक्षम व्यक्तिका रूपमा स्थापित गरेका छन्।

यो इन्टर्नशिपले मलाई सिकाएको सबैभन्दा ठूलो पाठ भनेको "सिक्ने प्रक्रिया कहिल्यै अन्त्य हुँदैन" भन्ने हो। हामीले जति धेरै काम गर्छौं, त्यति नै धेरै नयाँ कुराहरू सिक्ने अवसर पाउँछौं। ओखलढुङ्गा क्याम्पस जस्तो ऐतिहासिक र गौरवशाली संस्थामा इन्टर्नशिप गर्ने अवसर प्रदान गर्नुभएकोमा म क्याम्पस प्रशासन, सम्पूर्ण प्राध्यापक र कर्मचारीहरूप्रति हृदयदेखि नै कृतज्ञता प्रकट गर्दछु। तपाईंहरूको सहयोग बिना यो यात्रा यति सुखद र उपलब्धिमूलक हुन सक्ने थिएन।

अन्त्यमा, म नयाँ विद्यार्थी साथीहरूलाई के सन्देश दिन चाहन्छु भने, केवल किताबी ज्ञानमा मात्र सीमित नरहनुहोस्। आफ्नो क्षमतालाई व्यवहारमा उतार्नका लागि इन्टर्नशिप जस्ता प्रयोगात्मक अवसरहरूको खोजी गर्नुहोस्। ओखलढुङ्गा क्याम्पस तपाईंका लागि एउटा यस्तो प्लेटफर्म हो जहाँ तपाईंले आफ्नो भविष्य निर्माणका लागि आवश्यक सबै आधारहरू प्राप्त गर्न सक्नुहुन्छ। यहाँको वातावरणले तपाईंलाई एक असल नागरिक र सक्षम जनशक्ति बन्न मद्दत गर्नेछ।

ओखलढुङ्गा क्याम्पसको शैक्षिक यात्रा अझै सफल र गौरवमय बनोस् भन्ने मेरो कामना छ। यस संस्थाले मलाई दिएको ज्ञान र संस्कार म सधैँ आफ्नो जीवनमा लागू गर्ने प्रतिज्ञा गर्दछु। यो इन्टर्नशिप केवल एउटा कोर्सको हिस्सा मात्र थिएन, बरु यो मेरो व्यक्तित्व र भविष्यको जग थियो। म सधैँ यो क्याम्पसको एक गर्विलो इन्टर्नको रूपमा चिनिन चाहन्छु।

ओखलढुङ्गा क्याम्पसको जय होस्! शिक्षाको ज्योति सधैँ जलिरहोस्। धन्यवाद।

# ओखलढुङ्गा क्याम्पसको सन्दर्भमा आन्तरिक मूल्याङ्कनले शिक्षण सिकाइमा परेको प्रभाव



कुल प्रसाद घिमिरे
सहायक प्राध्यापक
ओखलढुङ्गा क्याम्पस

## १. लेखसार

आन्तरिक मूल्याङ्कन उच्च शिक्षाको समग्र मूल्याङ्कन प्रणालीको एक अभिन्न र निर्णायक माध्यम हो । त्रिभुवन विश्वविद्यालयले विभिन्न संकाय र तहका कार्यक्रमहरूमा ल्याएका आन्तरिक मूल्याङ्कनसम्बन्धी विद्यमान प्रावधानहरू ( सेमेस्टर कार्यक्रममा ४० प्रतिशत, वार्षिक प्रणालीमा संकायअनुसार फरक-फरक व्यवस्था ) ले क्याम्पसस्तरीय शिक्षण सिकाइलाई प्रत्यक्ष प्रभावित गरेका छन् । यस लेखमा ओखलढुङ्गा क्याम्पसमा सञ्चालित मानविकी, व्यवस्थापन र शिक्षाशास्त्र संकाय (स्नातक तह) तथा शिक्षाशास्त्र संकायको स्वास्थ्य शिक्षा र पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षा ( स्नातकोत्तर तह) का सन्दर्भमा आन्तरिक मूल्याङ्कनको कार्यान्वयन र त्यसको शैक्षिक प्रभावको विश्लेषण गरिएको छ । वैचारिक एवम् अवलोकनमूलक अनुसन्धान विधिमा आधारित यस अध्ययनले निष्कर्ष निकालेको छ कि आन्तरिक मूल्याङ्कनले विद्यार्थीको निरन्तर सिकाइ अभ्यास, कक्षागत सहभागिता र वार्षिक परीक्षाको तयारीमा सकारात्मक परिवर्तन ल्याएको छ, तथापि स्रोतसाधनको अभाव, मूल्याङ्कनको एकरूपता र सामुदायिक क्याम्पसका संरचनागत सीमाहरू यसको पूर्ण सम्भावना साकार पार्नमा अवरोध बनेका छन् ।

मुख्य शब्दहरू: आन्तरिक मूल्याङ्कन, सेमेस्टर प्रणाली, त्रिभुवन विश्वविद्यालय, शिक्षण सिकाइ, शिक्षाशास्त्र संकाय ।

## २. परिचय

नेपालमा उच्च शिक्षाको मूल्याङ्कन प्रणाली एकल वार्षिक परीक्षा केन्द्रित ढाँचाबाट बहुआयामिक निरन्तर मूल्याङ्कनतर्फ रूपान्तरित हुँदै आएको इतिहास छोटो तर महत्वपूर्ण छ । त्रिभुवन विश्वविद्यालयले सन् १९९६ देखि स्नातक कार्यक्रममा क्रमशः आन्तरिक मूल्याङ्कन समावेश गर्दै आएको छ, र सेमेस्टर प्रणालीको विस्तारसँगै यो प्रावधान थप संरचित र बाध्यकारी बन्दै गएको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले पनि मूल्याङ्कनलाई सिकाइको अभिन्न अंगका रूपमा स्थापित गर्ने निर्देश दिएको छ ।

यस परिवर्तनको प्रभाव काठमान्डौं तथा तराईका ठूला शहरी क्याम्पसहरूमा मात्र होइन, ओखलढुङ्गा जस्तो दुर्गम पहाडी जिल्लाका सामुदायिक क्याम्पसहरूमा पनि महसुस गरिएको छ । ओखलढुङ्गा क्याम्पस यस जिल्लाको एकमात्र उच्च शिक्षण संस्था हो । यहाँका अधिकांश विद्यार्थी जसका परिवारमा उच्च शिक्षाको अनुभव नभएको, आर्थिक अवस्था सीमित भएको, र पूर्वाधारका दृष्टिले शहरी विद्यार्थीसँग तुलनीय सुविधा नभएको यस वास्तविकताको बीचमा आन्तरिक मूल्याङ्कन प्रणाली लागू गर्नु र त्यसलाई अर्थपूर्ण बनाउनु दुवै एकसाथ चुनौती र अवसर हो ।

आन्तरिक परीक्षा समिति संयोजकको हैसियतले यस लेखकले दैनिक कार्यान्वयनमा देखेका यथार्थ, विद्यार्थी र शिक्षकका प्रतिक्रिया, तथा प्रणालीले सिर्जना गरेका शैक्षिक परिवर्तनहरूको विश्लेषणात्मक प्रस्तुति यस लेखको मुख्य योगदान हो ।  यो विशुद्ध तात्विक निबन्ध नभई संस्थागत अनुभव र सैद्धान्तिक विमर्शको सम्मिलन हो ।

## ३. आन्तरिक मूल्याङ्कनको सैद्धान्तिक आधार

मूल्याङ्कनलाई शिक्षाशास्त्रमा दुई परस्पर पूरक उद्देश्यका लागि प्रयोग गरिन्छ जुन सिकाइको प्रमाणीकरण (Assessment of Learning) र सिकाइको सुधार (Assessment for Learning) । परम्परागत वार्षिक परीक्षा मूलतः पहिलो उद्देश्यमा केन्द्रित छ, यसले वर्षभरिको सिकाइको अन्तिम मापन गर्थ्यो तर सिकाइ प्रक्रियामा हस्तक्षेप गर्दैनथ्यो । आन्तरिक मूल्याङ्कन भने यी दुवै उद्देश्यलाई एकसाथ सम्बोधन गर्दछ ।

Black / Wiliam (१९९८) को अनुसन्धानले यो निष्कर्ष निकालेको थियो रचनात्मक मूल्याङ्कन ( Formative Assessment) ले परम्परागत योगात्मक परीक्षाभन्दा विद्यार्थीको सिकाइमा कहीं बढी प्रभाव पार्दछ, विशेषतः सिकारुहरूका लागि यसले  शैक्षिक प्रतिस्पर्धामा पछाडि पर्ने जोखिममा हुन्छन् ।  ओखलढुङ्गाको सन्दर्भमा यो निष्कर्ष विशेष प्रासङ्गिक छ ।

Bloom (१९६८) को 'मास्टरी लर्निङ' सिद्धान्तले यो तर्क राख्छ कि प्रत्येक विद्यार्थीले पर्याप्त समय र उचित निर्देशन पाएमा लक्षित सिकाइ हासिल गर्न सक्दछन् । निरन्तर आन्तरिक मूल्याङ्कनले नै यो 'पर्याप्त समय' र 'उचित निर्देशन' को सम्भावना सिर्जना गर्दछ, किनकि यसले विद्यार्थीका कमजोरी वर्षको अन्त्यमा होइन, सिकाइको बीचैमा पहिचान गर्दछ ।

यसैगरी, Hattie / Timperley (२००७) ले पृष्ठपोषणलाई विद्यार्थी उपलब्धिमा सबैभन्दा बढी प्रभाव पार्ने कारक मानेका छन् ।  आन्तरिक मूल्याङ्कनमा अन्तर्निहित यही पृष्ठपोषणको चक्रले विद्यार्थीलाई के गर्यो, कति राम्रो गर्यो, र अगाडि कसरी सुधार गर्न सक्दछ भन्ने जानकारी  नै यसको सबैभन्दा शक्तिशाली पाटो हो ।

त्रिभुवन विश्वविद्यालयको सेमेस्टर प्रणाली सञ्चालन दिग्दर्शन, २०७० ले यही दर्शनलाई संरचनागत रूप दिएको छ । त्यसमा उल्लेख छ कि आन्तरिक मूल्याङ्कनमा उपस्थिति, गृहकार्य, मौखिक परीक्षा, कक्षा परीक्षा, प्रस्तुति, कक्षा सेमिनार, परियोजना कार्य र अवधि परीक्षा (Term Exam) जस्ता

विभिन्न विधिहरू समावेश गर्नुपर्दछ । यो बहुविधि दृष्टिकोणले विभिन्न सिकाइ शैलीका विद्यार्थीहरूलाई न्याय गर्ने उद्देश्य राख्दछ ।

## ४. त्रिभुवन विश्वविद्यालयको विद्यमान आन्तरिक मूल्याङ्कन प्रावधान

### ४.१ सेमेस्टर प्रणालीमा आन्तरिक मूल्याङ्कन

त्रिभुवन विश्वविद्यालयको विज्ञान तथा प्रविधि संस्थान, शिक्षाशास्त्र संकाय र अन्य सेमेस्टर कार्यक्रमहरूमा ४० प्रतिशत आन्तरिक मूल्याङ्कन र ६० प्रतिशत बाह्य परीक्षाको व्यवस्था रहेको छ । यो व्यवस्था स्नातक, स्नातकोत्तर, एम.फिल. र पिएचडी तहका सेमेस्टर कार्यक्रम सबैमा लागू छ । आन्तरिक मूल्याङ्कनमा न्यूनतम उत्तीर्णाङ्क ६० प्रतिशत (GPA ३.०) तोकिएको छ, जबकि बाह्य परीक्षामा न्यूनतम ५० प्रतिशत (GPA २.७) पुग्नुपर्दछ । यो नियम २०७४/७५ शैक्षिक वर्षदेखि लागू भएको हो । उल्लेखनीय कुरा यो छ कि आन्तरिक मूल्याङ्कनमा उत्तीर्ण नभएका विद्यार्थी अन्तिम सेमेस्टर परीक्षामा सम्मिलित हुन अयोग्य ठहरिन्छन् । यसले आन्तरिक मूल्याङ्कनको बाध्यकारी शैक्षिक भूमिकालाई अझ प्रस्ट पार्दछ ।

### ४.२ वार्षिक प्रणालीमा संकायअनुसारको व्यवस्था

वार्षिक परीक्षा प्रणालीमा सञ्चालित कार्यक्रमहरूमा आन्तरिक मूल्याङ्कनको प्रावधान संकायअनुसार भिन्न छ । मानविकी तथा सामाजिक शास्त्र संकायको चार वर्षे BA कार्यक्रममा प्रत्येक विषयमा ३० अङ्क आन्तरिक मूल्याङ्कन र ७० अङ्क लिखित परीक्षाको व्यवस्था छ, जसमा लघु परियोजना कार्य, कक्षा प्रस्तुति र सामूहिक कार्य समावेश रहेका छन् । व्यवस्थापन संकायमा आन्तरिक मूल्याङ्कनको संरचना फरक छ र २० प्रतिशत अनुसन्धानमूलक परियोजना कार्य का रूपमा रहने व्यवस्था छ। शिक्षाशास्त्र संकायको B.Ed. कार्यक्रममा विषयको प्रकृतिअनुसार २० देखि ५० अङ्कसम्म आन्तरिक मूल्याङ्कन हुने व्यवस्था रहेको छ, जहाँ व्यावहारिक शिक्षण (Practice Teaching) र सूक्ष्म शिक्षण (Micro Teaching) जस्ता व्यावसायिक क्रियाकलाप उच्च भार राख्दछन् ।

## ५. ओखलढुङ्गा क्याम्पसको सन्दर्भ

### ५.१ संकाय संरचना र विद्यार्थी संख्याको विशेषता

ओखलढुङ्गा क्याम्पसमा हाल स्नातक तहमा मानविकी, व्यवस्थापन र शिक्षाशास्त्र तीन संकाय सञ्चालनमा छन् । स्नातकोत्तर तहमा शिक्षाशास्त्र संकायअन्तर्गत स्वास्थ्य शिक्षा र पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षा गरी दुई विषयहरू सेमेस्टर प्रणालीमा सञ्चालित छन् । यो संकायगत विविधता ओखलढुङ्गाजस्तो साना जिल्लाको क्याम्पसका लागि उल्लेखनीय छ ।

यस क्याम्पसका विद्यार्थीको साङ्खिक संरचना बुझ्नु आन्तरिक मूल्याङ्कनको प्रभाव विश्लेषणका लागि अपरिहार्य छ । यहाँका अधिकांश विद्यार्थी जिल्लाका विभिन्न गाउँपालिका र नगरपालिकाहरू

जस्तै  सिद्धिचरण, चम्पादेवी, मोलुङ, खिजीदेम्बा, सुनकोशी लगायत ठाउँबाट आउँछन् । धेरैका लागि यो उच्च शिक्षाको पहिलो अनुभव हो । घरपरिवारमा कोही उच्च शिक्षित नभएका, आर्थिक विपन्नता भएका र अध्ययनसँगसँगै घरकाम वा आंशिक रोजगारीमा संलग्न विद्यार्थीको संख्या उल्लेखनीय छ । यो यथार्थले आन्तरिक मूल्याङ्कनलाई अवसर र चुनौती दुवैका रूपमा उपस्थित गराउँछ ।

## ५.२ संकायगत मूल्याङ्कन संरचनाको व्यावहारिक स्वरूप

स्नातकोत्तर तह (सेमेस्टर): स्वास्थ्य शिक्षा र पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षामा त्रिभुवन विश्वविद्यालयको निर्देशनअनुसार ४० प्रतिशत आन्तरिक मूल्याङ्कन लागू छ । यो उच्च भारको अर्थ हो कि स्नातकोत्तर विद्यार्थीले बाह्य परीक्षामा मात्र भरोसा राखेर विद्यार्थी उत्तीर्ण हुन सक्दैन । उसले सेमेस्टरभर निरन्तर सक्रिय रहनुपर्छ । थप महत्वपूर्ण कुरा के हो भने आन्तरिक मूल्याङ्कनमा न्यूनतम ६० प्रतिशत नआएमा बाह्य परीक्षा दिन पाइँदैन, त्यसैले आन्तरिक मूल्याङ्कन केवल “अङ्क जोड्ने काम“ नभई “प्रवेशको द्वार“ पनि हो ।

स्नातक मानविकी (BA): ३० अङ्क आन्तरिक मूल्याङ्कनमा लघु परियोजना, कक्षा प्रस्तुति र सामूहिक कार्यलाई आधार बनाइन्छ। शिक्षकले विषयअनुसार यी तीनमध्ये उपयुक्त विधि छान्न सक्दछन्। यो लचिलापनले शिक्षकको शैक्षणिक विवेकलाई सम्मान गर्दछ, तर यसैले कहिलेकाहीँ मूल्याङ्कनको एकरूपता कायम गर्न चुनौती उत्पन्न गर्दछ ।

स्नातक व्यवस्थापन (BBS): अनुसन्धानमूलक परियोजना कार्यको व्यवस्था व्यवस्थापन शिक्षाको प्रकृतिसँग सर्वाधिक सुसङ्गत छ । विद्यार्थीहरूले स्थानीय व्यावसायिक संस्था, सहकारी संस्था वा लघुवित्त कम्पनीहरूमा अनुसन्धान गर्छन् ।  ओखलढुङ्गामा यस्ता प्रतिष्ठानहरूको उपस्थिति सीमित भए पनि स्थानीय उद्यम र कृषि व्यवसायसम्बन्धी अनुसन्धानले विद्यार्थीको शैक्षिक तयारीलाई जीवन्त बनाउँदछ ।

स्नातक शिक्षाशास्त्र (B.Ed.) :यस सङ्कायमा विषयअनुसार २० देखि ५० अङ्कसम्मको आन्तरिक मूल्याङ्कनको लचिलो संरचना शिक्षाशास्त्र संकायको विशेषता हो ।  ५० अङ्कसम्म आन्तरिक मूल्याङ्कन भएका विषयहरूमा व्यावहारिक शिक्षण र सूक्ष्म शिक्षण समाविष्ट हुन्छन् । यसले B.Ed. कार्यक्रमलाई स्पष्ट रूपमा 'अभ्यासमूलक' बनाउँछ र शिक्षण पेसाको वास्तविक माग  सिकाउन सक्ने क्षमता लाई मूल्याङ्कनको केन्द्रमा राख्दछ ।

## ५.३ आन्तरिक परीक्षा समितिको संस्थागत भूमिका

ओखलढुङ्गा क्याम्पसमा आन्तरिक परीक्षा समितिले शैक्षिक वर्षको प्रारम्भमा मूल्याङ्कन कार्यक्रमको विस्तृत तालिका तयार गर्दछ, । सबै संकायका विभागीय प्रमुखहरूसँग समन्वय गर्दछ, । मूल्याङ्कन मापदण्डको प्रारम्भिक जानकारी विद्यार्थीसम्म पुर्याउँछ, र कार्यान्वयनको अनुगमन गर्दछ । यो काम प्रशासनिक होइन  केवल यो  एउटा शैक्षिक नेतृत्वको काम हो ।  समितिले शिक्षक र विद्यार्थी दुवैलाई एकसाथ उत्तरदायी बनाउन प्रेरित गर्दछ ।

## ६. शिक्षण सिकाइ प्रक्रियामा परेको सकारात्मक प्रभाव

### ६.१ विद्यार्थी सहभागितामा देखिने परिवर्तन

आन्तरिक मूल्याङ्कनको सबैभन्दा तत्काल देखिने प्रभाव कक्षाकोठाको उपस्थिति र सहभागितामा पर्दछ । जब उपस्थिति आन्तरिक मूल्याङ्कनको एक महत्वपूर्ण घटक हुन्छ, तब विद्यार्थी कक्षा 'छोड्ने' निर्णयलाई शैक्षिक मूल्यमा आँकलन गर्न थाल्दछन् । स्नातकोत्तर तहमा सेमेस्टर कार्यक्रममा ४० प्रतिशत आन्तरिक भार रहेकाले विद्यार्थीहरू प्रत्येक सेमिनार, प्रस्तुति र कक्षा परीक्षाप्रति सचेत भएका देखिएका छन् ।

B.Ed. कार्यक्रमका विद्यार्थीहरूका सन्दर्भमा यो परिवर्तन थप गहन छ । व्यावहारिक शिक्षणका लागि आन्तरिक मूल्याङ्कनले विद्यार्थीहरूलाई वास्तविक कक्षाकोठामा उपस्थित भई शिक्षण गर्ने अनुभव दिन्छ । यो अनुभव परीक्षामा लिखित उत्तर लेखेर प्राप्त गर्न सकिदैन । पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षाका स्नातकोत्तर विद्यार्थीहरू आफैं भविष्यमा शिक्षा विशेषज्ञ बन्नका लागि आन्तरिक सेमिनार र प्रस्तुतिहरू पेसागत आत्मविश्वास निर्माणका अमूल्य अवसर हुन् , भन्न सकिन्छ ।

### ६.२ निरन्तर अध्ययन अभ्यासको संस्थागत विकास

वार्षिक परीक्षाकेन्द्रित प्रणालीमा विद्यार्थीको स्वाभाविक मनोविज्ञान हुन्छ । वर्षको शुरुमा ढिलो गर्ने, बीचमा थोरै चुस्त हुने र अन्तिम परीक्षाको एक-दुई महिना अगाडिमात्र गम्भीर पढाइ शुरू गर्ने, यो प्रवृति वा संस्कार दीर्घकालीन ज्ञान निर्माणका लागि प्रतिकूल असर पार्दछ । विभिन्न अनुसन्धानले देखाएका छन् कि यसरी पढेको अधिकांश सामग्री परीक्षापछि छिट्टै बिर्सिने सिकाइ दीगो नहुने पाइएको छ(Roediger & Karpicke, २००६)।

आन्तरिक मूल्याङ्कनले विद्यार्थीको मनोवृत्तिलाई प्रत्यक्ष चुनौती दिन्छ किनकी बाह्य परीक्षाको अतिरिक्त सेमेस्टर भर नियमित मूल्याङ्कन हुन्छ र त्यसमा पास नभएमा अन्तिम परीक्षा नै दिन नपाइने व्यवस्था छ, विद्यार्थी आफैं क्यालेन्डरका हरेक हप्तालाई शैक्षिक हप्ता ठान्न बाध्य हुन्छन् । ओखलढुङ्गा क्याम्पसमा स्नातकोत्तर विद्यार्थीहरूमा यो परिवर्तन स्पष्ट देखिएको छ । सेमेस्टरको बीचमा पनि पुस्तकालय प्रयोगको माग बढेको छ र शिक्षकसँग विषयगत प्रश्न सोध्ने संस्कार विकसित भएको छ ।

व्यवस्थापनका विद्यार्थीहरूका लागि परियोजना कार्यले थप फाइदा गरेको छ । उनीहरूले वास्तविक व्यावसायिक वातावरणमा अनुसन्धान गर्दा सैद्धान्तिक ज्ञानको व्यावहारिक सान्दर्भिकता बोध गर्छन्, जसले सिकाइको प्रेरणा स्वतःस्फूर्त बढाउँछ ।

### ६.३ शिक्षकको व्यावसायिक जिम्मेवारीमा सकारात्मक दबाब

आन्तरिक मूल्याङ्कन प्रणालीले शिक्षकको भूमिकालाई पनि मौलिक रूपमा पुनर्परिभाषित गर्दछ । 'वर्षमा एकपटक पाठ्यक्रम सक्ने' दृष्टिकोण यस प्रणालीमा पर्याप्त हुँदैन । शिक्षकले प्रत्येक

विद्यार्थीको प्रगतिको निरन्तर अनुगमन गर्नुपर्ने हुन्छ, उनीहरूको कार्यलाई मूल्याङ्कन गर्नुपर्दछ र प्रतिपुष्टि दिनुपर्दछ । यो प्रक्रियामा शिक्षक आफैँ पनि आफ्नो शिक्षण विधिको सफलता र असफलताको बारेमा तथ्यगत जानकारी पाउँछन् ।

शिक्षाशास्त्र संकायमा B.Ed. विद्यार्थीको व्यावहारिक शिक्षणको मूल्याङ्कनमा शिक्षकको भूमिका पर्यवेक्षक, मार्गदर्शक र मूल्याङ्कनकर्ता तिनवटै एकसाथ हुन्छ । यो त्रिविध भूमिकाले शिक्षकलाई आफ्नो विषय-ज्ञान, शैक्षणिक विधि-ज्ञान र मूल्याङ्कन ज्ञान यी तिनवटैमा दक्ष हुन अभिप्रेरित गर्दछ ।

## ६.४ मूल्याङ्कनमा पारदर्शिता र विद्यार्थीको स्वामित्व

जब विद्यार्थीलाई अग्रिम थाहा हुन्छ कि उनको मूल्याङ्कन कुन-कुन आधारमा हुनेछ, उसमा आफ्नो शैक्षिक यात्राको स्वामित्वभाव विकसित हुन्छ । 'परीक्षाफल भाग्यको निर्णय हो' भन्ने निष्क्रिय मनोवृत्तिको ठाउँमा 'मैले यस्तो गरेँ भने यस्तो परिणाम आउनेछ' भन्ने सक्रिय मनोवृत्ति विकसित हुन्छ । यो मनोवैज्ञानिक परिवर्तन – जसलाई शिक्षाशास्त्रमा उत्साह भनिन्छ यो दीर्घकालीन शैक्षिक सफलताका लागि अत्यावश्यक हुन्छ ।

ओखलढुङ्गाका सन्दर्भमा, यहाँका विद्यार्थीहरू प्रायः आफूलाई 'उच्च शिक्षाका लागि तयार नभएको' ठान्दछन्, यो स्वामित्वभावको विकास विशेष रूपमा महत्वपूर्ण छ । आन्तरिक मूल्याङ्कनले उनीहरूलाई क्रमशः साना सफलताहरू अनुभव गर्ने अवसर दिन्छ, जसले आत्मविश्वास र शैक्षिक पहिचान निर्माणमा सहयोग पुर्याउँछ ।

## ७. चुनौती तथा समस्याहरू

आन्तरिक मूल्याङ्कनका सकारात्मक पाटाहरूलाई स्वीकार गर्दा गर्दै, इमानदार विश्लेषणले यसका कमजोरी र व्यावहारिक सीमाहरूलाई पनि उत्तिकै स्पष्टताका साथ देख्नुपर्दछ ।

## ७.१ आन्तरिक मूल्याङ्कनको विश्वसनीयता र एकरूपताको प्रश्न

ओखलढुङ्गा क्याम्पसमा मानविकीका विभिन्न विषय शिक्षकहरूले ३० अङ्कको आन्तरिक मूल्याङ्कन गर्दा प्रयोग गर्ने मापदण्डमा स्वाभाविक भिन्नता छ । एकले समूह परियोजनालाई प्रमुख आधार बनाउँदछ, अर्कोले कक्षा उपस्थितिलाई बढी भार दिइन्छ । शिक्षाशास्त्र संकायमा विषयअनुसार २० देखि ५० अङ्कसम्मको व्यापक दायरा छ, जसले शिक्षकलाई लचिलापन दिन्छ तर साथसाथै विद्यार्थीहरूबीच 'कुन विषयमा बढी अङ्क पाइन्छ' भन्ने तुलनात्मक सोच पनि उत्पन्न गराउँछ । यो स्थिति 'कार्यको गुणस्तर' बाट 'अङ्कको रणनीति'तर्फ विद्यार्थीको ध्यान मोड्न सक्दछ ।

## ७.२ सामाजिक तथा समुदायगत असर

सामुदायिक क्याम्पसको एउटा अपरिहार्य वास्तविकता सामाजिक तथा समुदायगत असर हो किनकी शिक्षक र विद्यार्थी एकै समुदायका सदस्य हुन्छन् । शिक्षकले विद्यार्थीको परिवार चिन्दछन्,

सामाजिक कार्यक्रमहरूमा भेट हुन्छ, कहिलेकाहीँ छिमेकी पनि हुन्छन् । यस परिप्रेक्ष्यमा निष्पक्ष मूल्याङ्कन गर्नु मनोवैज्ञानिक रूपमा कठिन हुनसक्छ । यो कमजोरी होइन मानवीय स्वाभाविकता हो तर यसलाई प्रणालीगत सुरक्षाबाट सम्बोधन गर्नु आवश्यक देखिन्छ ।

## ७.३ स्रोतसाधनको अभाव र शैक्षिक असमानता

व्यवस्थापनका विद्यार्थीले गर्ने अनुसन्धानमूलक परियोजना कार्यका लागि इन्टरनेट, पुस्तकालय र तथ्याङ्क सङ्कलनका साधन चाहिन्छन् । B.Ed. विद्यार्थीको माइक्रो-टिचिङका लागि डिजिटल प्रोजेक्टर र रेकर्डिङ उपकरण उपयोगी हुन्छ । स्नातकोत्तरका सेमिनार प्रस्तुतिका लागि पर्याप्त सन्दर्भ सामग्री चाहिन्छ । यी सबैको अभावमा 'उत्कृष्ट आन्तरिक मूल्याङ्कन' को आकांक्षा र 'उपलब्ध स्रोत' बीचको खाडल रहेको देखिन्छ । यो समस्या ओखलढुङ्गाको मात्र होइन, नेपालका अधिकांश ग्रामीण क्याम्पसको साझा समयस्याको रुपमा रहेको देखिन्छ ।

## ७.४ प्रशासनिक भार र कागजी काम

आन्तरिक मूल्याङ्कनको सुव्यवस्थित सञ्चालनका लागि तालिका, अभिलेख, अङ्क प्रविष्टि र अन्तिम त्रिभुवन विश्वविद्यालयमा पठाउने कागजी प्रक्रिया मिलाउनु पर्दछ । सीमित प्रशासनिक जनशक्ति भएको क्याम्पसमा यो काम समयमा र त्रुटिरहित गर्नु चुनौतीपूर्ण छ । कतिपय अवस्थामा अङ्क दिने काम तोकिएको समयमा नसकिँदा विद्यार्थीको शैक्षिक प्रगतिमा अवरोध समेत भएको देखिन्छ ।

## ७.५ सतहीपन र 'पास गराइदिने' मनोवृत्ति

आन्तरिक मूल्याङ्कनमा न्यूनतम ६० प्रतिशत नपाएमा सेमेस्टर परीक्षा दिन नपाइने व्यवस्थाले कहिलेकाहीँ विपरीत प्रभाव पनि जन्माउँछ । क्याम्पसमाथि 'विद्यार्थी रोक्न नहुने' सामाजिक दबाब हुन्छ । यस दबावकै कारण कहिलेकाहीँ आन्तरिक मूल्याङ्कन विद्यार्थीलाई 'पास गराउने' औपचारिकतामा सीमित हुने जोखिम रहन्छ, जुन यो प्रणालीको मूल उद्देश्यको ठीक विपरीत हो ।

## ८. सुधारका सम्भावित उपायहरू

## ८.१ संकायगत मूल्याङ्कन रुब्रिकको मानकीकरण

प्रत्येक संकाय र विषयका लागि मूल्याङ्कनका स्पष्ट सूचकहरू (Rubrics) तयार गरी शैक्षिक वर्षको सुरुमा विद्यार्थीलाई वितरण गरिनुपर्दछ। B.Ed. को व्यावहारिक शिक्षण मूल्याङ्कनका लागि ५० अङ्कसम्मको आन्तरिक भार छ । विशेष गरी स्पष्ट मानदण्ड हुनु अनिवार्य छ । शिक्षकले के हेर्छ, कति अङ्क के कामका लागि दिन्छ भन्ने पहिले नै थाहा पाएमा विद्यार्थी आफ्नो प्रयास राम्रोसँग केन्द्रित गर्न सक्दछन् ।

### ८.२ सहकर्मी मूल्याङ्कन (Peer Assessment) को प्रवर्द्धन

पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षामा अध्ययनरत स्नातकोत्तर विद्यार्थीहरूलाई सहकर्मी मूल्याङ्कनको अभ्यास गराउनु दोहोरो फाइदाको काम हो यसले एकातर्फ उनीहरू मूल्याङ्कन सीप सिक्दछन् ( जुन उनीहरूको भविष्यको पेसागत आवश्यकता हो), अर्कातर्फ शिक्षकमाथिको एकल मूल्याङ्कन-भार हलुका हुन्छ र सामाजिक रुपमा नजिक भइ पक्षपात पनि कम हुन्छ ।

### ८.३ परियोजना कार्यलाई स्थानीय विकासका प्रश्नसँग जोड्नु

व्यवस्थापन संकायको अनुसन्धानमूलक परियोजना कार्य ओखलढुङ्गाकै स्थानीय समस्याहरू जस्तै कृषि उत्पादन बजारीकरण, पर्यटन सम्भावना, युवा रोजगारी आदिमा केन्द्रित गर्नुपर्दछ । यसले विद्यार्थीको स्थानीय उपलब्ध स्रोतमा भर पर्न पाउने मात्र होइन, क्याम्पसको सामाजिक योगदानको दायरा पनि विस्तृत हुन्छ ।

### ८.४ डिजिटल उपकरण र स्रोतको न्यूनतम व्यवस्था

त्रिभुवन विश्वविद्यालय अनुदान आयोग र विश्वविद्यालय अनुदान आयोगमार्फत आन्तरिक मूल्याङ्कनका लागि न्यूनतम पूर्वाधार सुनिश्चित गर्ने लबिइङ क्याम्पस प्रशासनले गर्नुपर्दछ । इन्टरनेट सुविधा, डिजिटल प्रोजेक्टर र केन्द्रीय पुस्तकालयमा अद्यावधिक पुस्तकहरूको उपलब्धता यी तीन आधारभूत कुराहरू बिना आन्तरिक मूल्याङ्कनको गुणस्तरीय कार्यान्वयन सम्भव नहुने देखिन्छ ।

### ८.५ आन्तरिक मूल्याङ्कन परिणामको संस्थागत समीक्षा

प्रत्येक सेमेस्टर वा शैक्षिक वर्षपछि आन्तरिक मूल्याङ्कनका नतिजा र बाह्य परीक्षाका नतिजाबीचको सहसम्बन्ध विश्लेषण गर्ने अभ्यास तथा परिपाटी क्याम्पसमा विकसित हुनुपर्दछ । यदि कुनै विषयमा आन्तरिक मूल्याङ्कनमा धेरै विद्यार्थीले उच्च अङ्क पाए तर बाह्य परीक्षामा कमजोर प्रदर्शन गरे वा यसको विपरीत भयो भने त्यो एउटा संकेत हो जसलाई गम्भीरतापूर्वक हेर्नुपर्दछ । यो विश्लेषण नियमित गर्दा आन्तरिक मूल्याङ्कनको विश्वसनीयता सुनिश्चित हुन्छ ।

## ९. निष्कर्ष

यस विश्लेषणबाट एउटा मूलभूत कुरा स्पष्ट हुन्छ कि आन्तरिक मूल्याङ्कन शिक्षण सिकाइको एउटा उपकरण मात्र होइन , यो एक पद्धति हो । यसले सिकाइको मापन सिकाइको प्रक्रियाबाट अलग्याउन सकिदैन, मूल्याङ्कन दण्ड मात्र होइन यो मार्गदर्शन हो । विद्यार्थीको उत्तीर्ण-अनुत्तीर्णको अन्तिम निर्णयभन्दा महत्वपूर्ण छ विद्यार्थीको सिकाइयात्राको सूक्ष्म अनुगमन आन्तरिक मूल्याङ्कन हो ।

ओखलढुङ्गा क्याम्पसमा त्रिभुवन विश्वविद्यालयको निर्देशनअनुसार लागू आन्तरिक मूल्याङ्कन प्रणाली स्नातकोत्तरमा सेमेस्टरको ४० प्रतिशत, मानविकीमा ३० प्रतिशत, व्यवस्थापनमा २०

प्रतिशत परियोजना कार्य र शिक्षाशास्त्रमा २० देखि ५० अङ्कसम्मको लचिलो संरचनाले विद्यार्थीको निरन्तर अध्ययन अभ्यास, कक्षागत सक्रियता र शैक्षिक स्वामित्वभावमा मापन-योग्य सुधार ल्याएको छ । यो सुधार सानो देखिन सक्दछ, तर ग्रामीण र दुर्गम पृष्ठभूमिका शिक्षार्थीहरूका लागि यी सानासाना परिवर्तनहरूको सञ्चयन नै एउटा शैक्षिक गुणात्मक सुधार हो ।

तथापि, यो प्रणाली स्वयं पूर्ण वा चाही सम्पूर्ण होइन । मूल्याङ्कनको एकरूपता, सामाजिक समीपताको निष्पक्षतामाथिको असर, स्रोतको अभाव र 'पास गराइदिने' दबाव यी समस्याहरू अस्वीकार गरेर होइन, सामना गरेरमात्र समाधान हुन्छन् । क्याम्पस प्रशासन, शिक्षक र विद्यार्थी सबैको सामूहिक इमानदारी र प्रतिबद्धताले नै आन्तरिक मूल्याङ्कनलाई अङ्क-वितरणको औपचारिकताबाट माथि उठाएर वास्तविक शैक्षिक रूपान्तरणको साधन बनाउन सकिन्छ ।

## १०. सन्दर्भ सूची

Black, P., & Wiliam, D. (1998). Assessment and classroom learning. Assessment in Education: Principles, Policy & Practice, 7–74.

Bloom, B. S. (1968). Learning for mastery. *Evaluation Comment, 1–12.

Hattie, J., & Timperley, H. (2007). The power of feedback. Review of Educational Research, 81–112.

Roediger, H. L., & Karpicke, J. D. (2006). Test-enhanced learning: Taking memory tests improves long-term retention. Psychological Science, 249–255.

Timilsena, N. (2024). Assessment system of master's level at Tribhuvan University. International Research Journal (IRJ). https://doi.org

Tribhuvan University, Faculty of Education (FoE). (2016). Four-year Bachelor of Education (B.Ed.) programme curriculum. Kathmandu: Dean's Office, FoE, TU.

Tribhuvan University, Institute of Science and Technology (IoST). (2023). Evaluation system. Retrieved from https://www.iost.tu.edu.np/pages/evaluation-system-253

Tribhuvan University, Semester System Operational Guideline. (2070 BS). TU semester system operational guideline 2070. Kathmandu: Tribhuvan University.

Ministry of Education, Science and Technology (MoEST). (2076 BS). National Education Policy 2076. Kathmandu: Government of Nepal.

विश्वविद्यालय अनुदान आयोग. (२०५०). विश्वविद्यालय अनुदान आयोग ऐन, काठमाडौँ: नेपाल ।

## अनुसूचि

### सञ्चालक समितिको नामावली

| क्र.सं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| 1 | मोहनकुमार श्रेष्ठ | अध्यक्ष | |
| 2 | धनराम श्रेष्ठ | सदस्य | |
| 3 | कान्ति राजभण्डारी | सदस्य | |
| 4 | फडिन्द्र बहादुर खत्री | सदस्य | |
| 5 | श्यामकुमार श्रेष्ठ | सदस्य | |
| 6 | रुपेश शाक्य | सदस्य | |
| 7 | अम्बिका श्रेष्ठ | सदस्य | |
| 8 | बालकृष्ण श्रेष्ठ | सदस्य | |
| 9 | ईन्दिरा भट्टराई | सदस्य | |
| 10 | घनश्याम बास्तोला | सदस्य | |
| 11 | दामोदर धमला | सदस्य | |
| 12 | छवि मगराती | सदस्य | |
| 13 | हेमालक्ष्मी राई | सदस्य | |
| 14 | शंकर खनाल | सदस्य | |
| 15 | इन्द्रप्रसाद तिमल्सेना | सदस्य–सचिव | |

## प्राध्यापकहरुको विवरण

| नाम | पद | सेवा अवधि (बर्ष) | योग्यता | विषय | सेवाको प्रकार | कैफियत |
|---|---|---|---|---|---|---|
| इन्द्रप्रसाद तिमल्सेना | क्याम्पस प्रमुख | 2 | MA/MED | Nepali/Pol.Sc. | पूर्णकालीन | |
| तोयानाथ काफ्ले | स.क्या.प्रमुख | 26 | MA/MED | Curri/Pol.Sc. | पूर्णकालीन | |
| युवराज दाहाल | उप-प्राध्यापक | 20 | MA/BED | English | आंशिक | |
| कुमारबहादुर बानियाँ | उप-प्राध्यापक | 12 | MED | Health | पूर्णकालीन | |
| रमेश कँडेल | उप-प्राध्यापक | 16 | MA/BED | English | पूर्णकालीन | |
| देवेन्द्रबहादुर बानिया | सहायक-प्राध्यापक | 2 | MED | Nepali | पूर्णकालीन | |
| रविन्द्र काफ्ले | सहायक-प्राध्यापक | - | MBS | Management | पूर्णकालीन | |
| अप्सरा श्रेष्ठ | सहायक-प्राध्यापक | - | MED | Curriculum | पूर्णकालीन | |
| विमला धमला | सहायक-प्राध्यापक | - | MED | Health | पूर्णकालीन | |
| चोपलाल धमला | सहायक-प्राध्यापक | 6 | MA/MED | Population | आंशिक | |
| कुलप्रसाद घिमिरे | सहायक-प्राध्यापक | 2 | MA/MED | Nepali/Eco. | आंशिक | |
| बद्रीप्रसाद धमला | सहायक-प्राध्यापक | 6 | MED | English | आंशिक | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| झपटबहादुर साउद | सहायक-प्राध्यापक | 2 | MED | Economics | आंशिक | |
| टिका थेबे | सहायक-प्राध्यापक | 7 | MBS | Management | आंशिक | |
| प्रबिण सैँजु | प्रशिक्षक | 21 | BSC | Science | पूर्णकालीन | |

## कर्मचारीहरुको विवरण

| नाम | कार्यरत शाखा | कैफियत |
|---|---|---|
| प्रतिभा सैँजु | प्रशासन | |
| दिपककुमार सुवेडी | लेखा | |
| शिबप्रसाद ढुङ्गाना | कम्प्युटर/परीक्षा | |
| हिराबहादुर कार्की | सहयोगी | |
| कृष्णबहादुर मगर | सहयोगी | |
| भुमिका राई | पुस्तकालय | |
| तयाकुमारी श्रेष्ठ | पुस्तकालय | |

१. **IQAC समिति (आन्तरिक गुणस्तर सुनिश्चता समिति**

**संयोजक:** श्री तोयानाथ काफ्ले

श्री बद्रीप्रसाद धमला सदस्य

श्री टिका थेबे सदस्य

श्री कुमारबहादुर बानिया सदस्य

श्री कुलप्रसाद घिमिरे सदस्य

श्री रविन्द्र काफ्ले सदस्य

श्री अप्सरा श्रेष्ठ सदस्य

**विद्यार्थी प्रतिनिधि:** SQC संयोजक चक्र बहादुर घिमिरे

श्री चोपलाल धमला **सदस्य सचिव**

२. **अनुसन्धान व्यवस्थापन इकाइ समिति**

**संयोजक:** श्री बद्रीप्रसाद धमला

**सदस्यहरू:**

श्री टिका थेबे

सुश्री अप्सरा श्रेष्ठ

श्री रमेश कँडेल

श्री कुमारबहादुर बानिया

श्री कुलप्रसाद घिमिरे

श्री रविन्द्र काफ्ले

३. **Community Outreach**

**संयोजक:** श्री झपडबहादुर साउद

**सदस्यहरू:** श्री विमला धमला

श्री रमेश कँडेल

४. **ECA र स्वास्थ्य सेवा समिति**

संयोजकःकुमारबहादुर बानिया

सदस्यहरु

श्री विमला धमला

श्री अप्सरा श्रेष्ठ

श्री रविन्द्र काफ्ले

५. **स्व-मूल्यांकन समिति (Self-Assessment Team - SAT)**

**संयोजक:** श्री युवराज दाहाल

**सदस्यहरू:**

श्री चोपलाल धमला

श्री अप्सरा श्रेष्ठ

६. **पुस्तकालय समिति**

**संयोजक:** श्री रमेश कँडेल

**सदस्यहरू:**

श्री टिका थेबे

श्री रविन्द्र काफ्ले

७. **विद्यार्थी कल्याण तथा छात्रवृत्ति समिति**

**संयोजक:** श्री चोपलाल धमला

**सदस्यहरू:**

श्री विमला धमला

श्री दिपक सुवेदी

८. **व्यवस्थापन विभाग समिति**

**संयोजक:** श्री रविन्द्र काफ्ले (विभागीय प्रमुख)

**सदस्यहरू:**

श्री टिका थेबे

श्री प्रविण सैंजु

९. **विद्यार्थी परामर्श तथा स्थापना समिति**

संयोजक: विमला धमला

सदस्य: कुमारबहादुर वानिया

सदस्य: अप्सरा श्रेष्ठ

१०. शिक्षा विभाग समिति

**संयोजक:** श्री देवेन्द्र बानिया

**सदस्यहरू:**

श्री विमला धमला

श्री झपट साउद

श्री बद्रीप्रसाद धमला

श्री अप्सरा श्रेष्ठ

११. मानविकी समिति

**संयोजक:** श्री रमेश कँडेल

**सदस्यहरू:**

श्री चोपलाल धमला

श्री कुलप्रसाद घिमिरे

१२. Tracer/EMIS/IT समिति

**संयोजक:** श्री टिका थेबे

**सदस्यहरू:**

श्री प्रविण सैंजु,

श्री शिव ढुङ्गाना

श्री रविन्द्र काफ्ले

श्री विमला धमला

श्री अप्सरा श्रेष्ठ

१३. गुनासो व्यवस्थापन समिति

**संयोजक:** श्री अप्सरा श्रेष्ठ

**सदस्यहरू:**

श्री प्रतिभा सैंजु

विद्यार्थी प्रतिनिधि:

श्री देवेन्द्र बहादुर बानिया,

१४. प्राज्ञिक तथा सार्वजनिक सूचना तथा प्रकाशन समिति

**संयोजक:** श्री देवेन्द्र बानिया

**सदस्यहरू:**

श्री रविन्द्र काफ्ले

श्री रमेश कँडेल

१५. परीक्षा समिति

**संयोजक:** श्री कुलप्रसाद घिमिरे

**सदस्यहरू:**

श्री चोपलाल धमला

श्री शिवप्रसाद ढुङ्गाना

श्री विमला धमला
श्री प्रतिभा सैंजु

१६. आन्तरिक कार्य सञ्चालन समिति

**संयोजक:** क्याम्पस प्रमुख

**सदस्यहरू:** विभागीय प्रमुख (३ जना – व्यवस्थापन, शिक्षा, मानविकी)







**ओखलढुङ्गा क्याम्पस, ओखलढुङ्गा**

सि.न.पा.-१२, ओखलढुङ्गा

सम्पर्क : ०३७-५२००२८